साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह नेपालको ४८औं प्रधानमन्त्री भएको आज चौथो दिन

वर्ष ४३, अंक ४३, २०८२, चैत १६ गते, सोमबार (MAR. 30, 2026) मूल्य रू. १०/-

वेबसाइट: www.sanghunews.com

## अकुत सम्पत्ति छानबिन सुरु ?
# ठूला माछा जालमा, नतिजा शंकामा

**काठमाडौं । नेपालमा २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले बहुमत पाएपछि २०८२ चैत १३ गते बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएको छ । सरकार गठन भएको भोलिपल्टै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई 'जेनजी' आन्दोलन दमन गरी प्रदर्शनकारीको ज्यान लिएको अभियोगमा पक्राउ गरिएको छ ।**

स्वास्थ्य अवस्थाका कारण ओली त्रिवि शिक्षण अस्पतालमा भर्ना छन् र त्यहीँबाट भर्चुअल माध्यममार्फत अदालती प्रक्रियामा जोडिएका छन् ।

यसैबीच, तत्कालीन ऊर्जा मन्त्री दीपक खड्कालाई सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि पक्राउ गरिएको छ । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड' र केपी ओलीमाथि पनि सम्पत्ति शुद्धीकरण अन्तर्गत छानबिन सुरु भएको बताइएको छ । देउवाको 'जेनजी' आन्दोलनका क्रममा तोडफोड र आगजनी भएको घर भत्काउने क्रममा 'प्रमाण नष्ट हुन सक्ने' भन्दै प्रहरीले रोक लगाएको खबर पनि आएको छ ।

उता, विनोद चौधरीलगायत ठूला व्यापारीमाथि पनि छानबिनको सुई सोझिएको बताइन्छ । सरकारको १०० बुँदे कार्यसूचीअनुसार राजनीतिक तथा प्रशासनिक उच्च पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय समिति गठन प्रक्रिया अघि बढेको छ ।

पहिलो चरणमा २०६२/६३ देखि २०८२ सम्म र दोस्रो चरणमा २०४८ देखि २०६२ सम्मका



उच्च पदाधिकारीको सम्पत्ति जाँचिने भनिएको छ । यसले बहुदलपछिको र गणतन्त्रकालीन राज्य सञ्चालनसँग जोडिएका पात्रहरूको सम्पत्ति छानबिन गर्ने संकेत गर्छ, तर पञ्चायतकाल यस दायराबाहिर देखिएको छ ।

तर, यस प्रक्रियाप्रति प्रश्न पनि उठेका छन् । सरकारी पदाधिकारीहरूले हरेक वर्ष सम्पत्ति विवरण बुझाउने व्यवस्था पहिलेदेखि नै छ, अख्तियारले पनि उजुरीका आधारमा छानबिन गर्दै आएको छ । केवल सम्पत्ति विवरण हेरेर भ्रष्टाचारको वास्तविक स्वरूप भेटिन्छ भन्ने निश्चित छैन । नेपालमा धेरैजसो कारोबार न्यून मूल्यांकनमा हुने भएकाले वैधानिक र अवैध स्रोत छुट्याउन कठिन हुन्छ । घरजग्गामा कालो धन 'सेतो' बनाउने प्रवृत्ति व्यापक भएकाले कागजी विवरणले मात्र पूरा चित्र देखाउँदैन ।

अर्को जटिलता के छ भने भ्रष्टाचारमा 'लिने' र ' दिने' दुवै पक्ष हुन्छन् । सरकारी पदाधिकारी छानबिनमा परे पनि व्यवसायी, बिचौलिया वा गैरसरकारी माध्यमबाट प्रभाव पार्नेहरू धेरैपटक दायराबाहिरै बस्न सक्छन् । पछिल्लो समय निर्णय प्रक्रिया बाहिरै मिलेमतो, लगानी, लाइसेन्स, लिज, ठेक्का र नियुक्तिसँग जोडिएका 'डिल' हुने गरेको चर्चा छ । सिंगापुर, हङकङमा हुने कमिशनका डिल र त्यस्ता विषय सम्पत्ति छानबिनले मात्र समेट्न सक्दैन ।

विज्ञहरूको भनाइमा वास्तविक भ्रष्टाचार पत्ता लगाउन केवल सम्पत्ति होइन, पदमा रहँदा गरिएका निर्णय, तिनको लाभग्राही, नियुक्ति, लाइसेन्स, ठेक्का, सरकारी संरक्षण र मन्त्रिपरिषद्का विवादित निर्णयहरूको गहिरो विश्लेषण गर्नुपर्छ । नत्र यस्तो छानबिन फेरि पनि ' चोख्याउने संयन्त्र' मा सीमित हुने जोखिम रहन्छ ।

# बालेनको अपरेशनले दलहरूभित्र महाकम्पन
# 'हिट लिस्ट' राजनीति : अब क-कसको पालो ?

**काठमाडौं । राजधानी यतिबेला एउटा असाधारण राजनीतिक तरंगको चपेटामा छ । बालेन्द्र शाह नेतृत्वको सरकारद्वारा अपनाइएको भनिएको 'झिसमिसे पक्राउ' रणनीतिले सिंहदरबारदेखि दलका मुख्यालय, कूटनीतिक वृत्तदेखि चिया पसलसम्म बहसको विषय बनेको छ । सामान्यतया राति गरिने पक्राउ शैलीलाई उल्टाउँदै बिहान उज्यालो नफुट्दै लक्षित व्यक्तिलाई नियन्त्रणमा लिने नीति लागू गरिएको चर्चा छ, जसले राजनीतिक वृत्तमा नयाँ किसिमको मनोवैज्ञानिक दबाब सिर्जना गरेको देखिन्छ ।**

स्रोतहरूका अनुसार, यो रणनीति आकस्मिक होइन, योजनाबद्ध हो । लक्षित व्यक्तिलाई रातभर निगरानीमा राख्ने, गतिविधि ट्र्याक गर्ने र सम्भावित प्रतिरोध वा समर्थक परिचालन हुन नपाउने गरी बिहानै कानूनी र सुरक्षा संयन्त्र परिचालन गर्ने–यही 'साइलेंट अपरेशन' को मूल सूत्र मानिएको छ । यसले प्रत्यक्ष भिडन्त टार्ने मात्र होइन, कारबाहीलाई प्रभावकारी र 'सन्देशमूलक' बनाउने उद्देश्य राखिएको बताइन्छ ।

यस अभियानको पहिलो चरणमै ठूला नाम समेटिएपछि यसको प्रभाव अझ व्यापक बनेको छ । पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई बिहानै नियन्त्रणमा लिइएको चर्चा, त्यसपछि पूर्व ऊर्जा मन्त्री दीपक खड्का पक्राउ परेपछि सत्ताले अब 'छिटपुट कारबाही' भन्दा पनि 'श्रृंखलाबद्ध अभियान' थालेको संकेत दिएको छ । यी घटनाले राजनीतिक दलहरूभित्र असुरक्षा, सन्देह र आन्तरिक समन्वयको चाप बढाएको देखिन्छ ।

यतिबेला सबैभन्दा बढी चर्चा २३ जनाको तथाकथित 'हिट लिस्ट' को छ । तीमध्ये तीन जना पक्राउ परिसकेका र बाँकी २० जनामा केहीलाई २०८२ चैत १६ र १७ गते बिहानै समात्ने तयारी भइरहेको हल्ला राजनीतिक र कूटनीतिक दुवै वृत्तमा फैलिएको छ । सूचीमा एमाले, नेपाली कांग्रेस र माओवादी केन्द्रका प्रभावशाली नेता, पूर्वमन्त्री र उनीहरूका निकटवृत्तसम्म परेको भनाइले स्थिति अझ संवेदनशील बनेको छ ।

एमालेभित्र यो विषयले विशेष हलचल ल्याएको छ । उपाध्यक्ष रामबहादुर थापा, लेखराज भट्ट, महेश बस्नेतलगायत नामहरू पक्राउको चर्चामा छन् । पार्टीभित्र यसलाई केवल कानूनी कारबाहीको रूपमा मात्र नभई संगठनात्मक र मनोवैज्ञानिक दबाबका रूपमा समेत बुझिएको छ । शीर्ष नेतृत्वमै हात हालिने संकेतले एमालेभित्र रक्षात्मक रणनीति, कानूनी तयारी र राजनीतिक प्रतिकारका विकल्पहरूबारे छलफल तीव्र बनेको बताइन्छ ।

नेपाली कांग्रेस पनि यसबाट अछुतो छैन । मोहन बस्नेतलगायत केही नेताहरू सूचीमा रहेको चर्चा कांग्रेस वृत्तमा असहजता पैदा गर्ने कारक बनेको छ । कांग्रेसभित्र दुई धार देखिएको छ- एकथरीले यसलाई सत्ताको दमनकारी प्रवृत्ति भन्दै आलोचना गरिरहेका छन् भने अर्काथरीले "यदि वास्तविक आर्थिक अपराधका फाइल खुलेका हुन् भने कोही पनि जोगिनु हुँदैन" भन्ने धारणा अघि सारेका छन् । तर दुवै पक्षमा एउटा साझा चिन्ता छ-यदि बहुदलीय नेतृत्वमाथि एकैपटक कारबाही भयो भने त्यसले राजनीतिक सन्तुलनमै धक्का पुऱ्याउन सक्छ ।

माओवादी केन्द्रमा पनि बेचैनी कम छैन । कृष्णबहादुर महरा, वर्षमान पुन, नन्दबहादुर पुनका छोरा दिपेश पुनलगायतका नामहरू हल्लामा जोडिएपछि पार्टीभित्र आन्तरिक छलफल र सावधानी बढेको छ । माओवादीका लागि यो संवेदनशील समय हो, किनकि पार्टी पहिले नै पुनर्संरचनाको चरणमा छ । यस्तो अवस्थामा प्रभावशाली नेतामाथि कारबाही अघि बढेमा त्यसको असर सिंगो पार्टीको आत्मबलमा पर्ने विश्लेषण गरिएको छ ।

यही सन्दर्भमा अहिलेको बहसको केन्द्रबिन्दु एउटा गम्भीर प्रश्नमा अडिएको छ-के बालेन सरकारले एकैपटक तीन प्रमुख राजनीतिक शक्तिमाथि हात हाल्ने रणनीति बनाएको हो ? यदि त्यसो हो भने त्यसलाई व्यवस्थापन गर्ने राज्य क्षमता कति बलियो छ ? विश्लेषकहरूका अनुसार यस्ता कदमले भ्रष्टाचारविरुद्ध सशक्त सन्देश दिन सक्छ, तर साथसाथै राजनीतिक अस्थिरता, सडक आन्दोलन र दलहरूबीच अस्वाभाविक ध्रुवीकरणको जोखिम पनि उत्तिकै बढाउँछ ।

बालेन सरकारका समर्थकहरू भने यसलाई सकारात्मक मोडको (बाँकी पृष्ठ ८ मा)

## सरकारका सय बुँदा : ठूलो योजना, स्रोत खै ?



काठमाडौं । मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची सार्वजनिक भएको छ । सूची हेर्दा सरकार प्रशासनिक सुधार, डिजिटल शासन, सुशासन, लगानी प्रवर्द्धन र वित्तीय अनुशासनतर्फ गम्भीर देखिएको छ । तर, कार्यसूची जति महत्त्वाकांक्षी देखिए पनि यसको कार्यान्वयनका लागि आवश्यक स्रोत, संयन्त्र, जनशक्ति र बजेटको स्पष्ट व्यवस्था भने देखिँदैन । प्राप्त जानकारीअनुसार अर्थ मन्त्रालयले हालसम्म यी कार्यक्रमका लागि आवश्यक स्रोत सुनिश्चित गरिसकेको छैन ।

विशेषज्ञहरूको भनाइमा नियमित बजेटबाट सम्भव हुने प्रशासनिक र प्रक्रियागत सुधारका कामहरू केही हदसम्म अगाडि बढ्न सक्लान् । तर यति धेरै बुँदा एकैपटक कार्यान्वयन गर्न अतिरिक्त बजेट, अनुगमन प्रणाली र कार्यसम्पादन संयन्त्र आवश्यक हुन्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमाथि थपिएका दर्जनौं जिम्मेवारीका लागि पनि न त पर्याप्त संरचना देखिन्छ, न स्पष्ट कोष । त्यसैले यो कार्यसूचीलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटसँग जोडेर अघि बढाइएको भए बढी यथार्थपरक (बाँकी पृष्ठ ८ मा)

## कांग्रेस विभाजित, गगन-खड्का टकराव चर्कियो



काठमाडौं । रमेश लेखक पक्राउ प्रकरणपछि नेपाली कांग्रेसभित्रको पार्टीगत विभाजन अब झन् स्पष्ट रूपमा सतहमा आएको छ । पार्टीभित्र अहिले गगन थापा समूह र पूर्णबहादुर खड्का समूह गरी दुई ध्रुव औपचारिक रुपमै देखिन थालेको छ ।

संस्थापन निकट थापा समूहले अब खड्का समूहलाई किनारामा पार्ने रणनीति लिएको बताइन्छ । खड्का पक्षका नेताहरूको क्रियाशील सदस्यता नवीकरण रोक्नेदेखि अनुशासनात्मक कारबाहीसम्मको तयारी भइरहेको चर्चा छ । यदि यस्तो कदम अघि बढ्यो भने कांग्रेसभित्र ठूलो विभाजन आउने अनुमान गरिएको छ ।

खड्का समूहसँग जोडिएका केही नेताहरू जनस्तरमा सकारात्मक छवि बनाउन असफल भएको आरोप लाग्दै आएको छ । यही कारण उनीहरूले छुट्टै शक्ति निर्माण गर्न सजिलै नसक्ने तर्क पनि गरिन्छ । तर, यदि संस्थापनले कडा कारबाही गऱ्यो भने नयाँ राजनीतिक विकल्प खोज्ने बाटो भने खुला रहन सक्छ । यो समूहमा शेखर कोइराला, विमलेन्द्र निधिलगायत कांग्रेसको परम्परागत धारा बोकेका नेताहरू पनि जोडिने सम्भावना भएकाले थापा समूहका लागि पनि स्थिति पूर्णतः सहज छैन । पुराना, अनुभवी र प्रभावशाली नेताहरू रहेकाले खड्का पक्ष पूर्ण रूपमा कमजोर भइसकेको निष्कर्ष निकाल्न हतार हुने देखिन्छ ।

यद्यपि, केही नेताहरू आर्थिक रूपमा बदनाम छविमा परेकाले आगामी महाधिवेशनको तयारीसँगै थापा समूह अझ आक्रामक बन्न सक्ने आकलन गरिएको छ । असोजमा (बाँकी पृष्ठ ८ मा)

## दलाई लामाको सन्देशले उठायो प्रश्न



काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' नियुक्त भएको दुई दिन नबित्दै निर्वासित दलाई लामाको सरकारले बधाई दिएको विषयले काठमाडौंको राजनीतिक वृत्तमा नयाँ तरंग उत्पन्न गरेको छ । २०८२ चैत १३ गते शुक्रबार प्रधानमन्त्रीमा नियुक्त भएका बालेनलाई चैत १५ गते आइतबार नै बधाई सन्देश आएको बताइएको छ । यसअघि पनि तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीका समयमा निर्वासित तिब्बती पक्षका प्रधानमन्त्री र सभामुखबाट शुभकामना आएको चर्चा गरिएको थियो ।

पछिल्ला दिनमा निर्वासित तिब्बती पक्षका प्रतिनिधिहरूको बधाई र सक्रियतालाई सामान्य शिष्टाचारभन्दा बढी अर्थपूर्ण रूपमा हेरिन थालेको छ । जेनजी आन्दोलनपछि काठमाडौंको नयाँ सत्ताप्रति उनीहरूको उत्साह र सक्रियता किन बढ्यो भन्ने प्रश्न उठाइएको छ । विगतका सरकारहरूप्रति यति खुला ढंगले बधाई वा सहकार्य प्रस्ताव नआएको तर्क पनि गरिँदैछ ।

काठमाडौंमा जेनजी आन्दोलनमा पश्चिमी शक्तिको साथ र सहयोग रहेको टिप्पणी भइरहेकै बेला दलाई लामाको पक्षबाट बधाई, शुभकामना र सहकार्यको प्रस्ताव आएको विषयलाई कतिपयले रणनीतिक सन्देशका रूपमा लिएका छन् । नेपाल-तिब्बत सम्बन्धको पुरानो पृष्ठभूमि उल्लेख गर्दै सहकार्यको संकेत दिइनु झन् चासोको विषय बनेको छ । यही सन्दर्भमा, कार्की नेतृत्वको सरकारका पालामा धर्मशालाबाट दलाई लामाका प्रतिनिधिहरू काठमाडौं आउने चर्चा चलेको, तर चर्को टिप्पणीपछि भ्रमण रोकिएको प्रसंग पनि फेरि जोडेर हेरिएको छ । (बाँकी पृष्ठ ८ मा)

## मन्त्री बन्ने बाटोमै रोकिए अमरेश
## दिल्ली-काठमाडौं सम्बन्धको छायाँ ?

काठमाडौं । उद्योग मन्त्री बन्ने लगभग पक्का अवस्थामा पुगेका अमरेश कुमार सिंह अन्तिम क्षणमा बाहिरिएपछि राजनीतिक वृत्तमा नयाँ बहस सुरु भएको छ । लामो समयदेखि सत्ता केन्द्रसँग नजिक मानिएका सिंहको नाम अन्तिम सूचीबाट हट्नुको कारणबारे विभिन्न अड्कलबाजी भइरहेका छन् ।

सत्तानिकट स्रोतका अनुसार, अमरेशको नाम प्रारम्भिक चरणमा निकै बलियो रूपमा अगाडि बढेको थियो । तर, अन्तिम निर्णयको घडीमा आएर उनको नाम काटिएको हो । यसलाई सामान्य राजनीतिक फेरबदलभन्दा बढी संवेदनशील कूटनीतिक कारणसँग जोडेर हेरिएको छ ।

स्रोतहरू भन्छन्-अमरेश सिंहले आफ्ना नजिकका घेरामा भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको आलोचना गर्ने, र भारतीय कांग्रेस नेतृ सोनिया गान्धी तथा (बाँकी पृष्ठ ८ मा)

## सिंहदरवार सुरक्षामा असफल कर्नेल के भन्छन्
# सेनाको धर्म देश जल्दा पनि रमिता हेरेर बस्ने ?

**काठमाडौं । २०८२ भदौ २३ र २४ गते काठमाडौंमा भएको हिंसात्मक आन्दोलनका क्रममा सिंहदरबारभित्रको वास्तविक अवस्था कति भयावह थियो भन्ने चित्र नेपाली सेनाका नरसिंहदल गण, सिंहदरबार ब्यारेकका गणपति प्रमुख सेनानी गणेश खड्काको बयानले फेरि उजागर गरेको छ ।**

गौरीवहादुर कार्की आयोगलाई दिएको बयानमा उनले भनेका छन्- प्रदर्शनकारीहरू केवल नाराजुलुसमा सीमित थिएनन्, उनीहरूले सुरक्षा घेरा तोड्ने, फौजको मुभमेन्ट अवरुद्ध गर्ने, गेटमा आगजनी गर्ने र संवेदनशील सरकारी संरचनाभित्र जबर्जस्ती घुस्ने प्रयास गरेका थिए ।

प्रमुख सेनानी खड्काले बताएका छन्, भदौ २३ गते काठमाडौंमा कर्फ्यू आदेश जारी भएपछि नेपाली सेनालाई सहायता माग गरिएको थियो । त्यसक्रममा संघीय संसद भवनतर्फ फौज मुभ गराउँदा प्रदर्शनकारीहरूले ट्रकको चक्कामुनि सुत्ने जस्ता गतिविधि गरेर फौजको आवतजावतमा गम्भीर असर पुऱ्याएका थिए । यसबाट आन्दोलनको चरित्र केवल विरोधमा सीमित नभई सुरक्षा संयन्त्रको परिचालनमै अवरोध पुऱ्याउने ढंगले अघि बढाइएको संकेत मिल्छ ।

भदौ २४ गतेको अवस्था झन् संवेदनशील बनेको खड्काको बयानमा उल्लेख छ । जिल्ला प्रशासन कार्यालयले कर्फ्यू आदेश जारी गरी फेरि सेनाको सहायता मागेपछि सिंहदरबार सचिवालयका सबै ६ वटा गेट–माइतीघर मण्डला, पद्मोदय मोड, हनुमानस्थान लगायतका नाकामा नेपाली सेना तैनाथ गरिएको थियो । बिहानैदेखि मुख्य चोकहरूमा टायर बालेर प्रदर्शनकारीहरू जम्मा हुन थालेका थिए । दिउँसो करिब १२:४५ बजेतिर पश्चिम, दक्षिण र पूर्वी गेटतर्फ हजारौंको भीड पुगेको थियो । त्यो भीडले ढुंगामुढा मात्र गरेन, गेटमै आगजनी गर्ने प्रयाससमेत गरेको थियो ।



खड्काका अनुसार १३:२५ बजेतिर पश्चिम गेट अगाडि नेपाल प्रहरी र सशस्त्र प्रहरी अत्यधिक भिडका कारण पछि हट्दै गेटभित्र प्रवेश गर्दा ठूलो संख्यामा प्रदर्शनकारी पनि भित्र पसे । त्यसपछि प्रहरीले लाठीचार्ज र अश्रुग्यास प्रयोग गऱ्यो भने नेपाली सेनाले हवाई फायर गरेर भीडलाई बाहिर निकालेको थियो । त्यसलगत्तै गेट पुनः बन्द गरिएको थियो । केहीबेरमै १३:४२ बजे पश्चिम गेटमा आगजनी भयो, जसलाई नेपाली सेनाको दमकल प्रयोग गरेर नियन्त्रणमा लिइएको उनले बताएका छन् ।

तर, स्थिति त्यतिमै रोकिएन । १३:५३ बजे महिलाहरू, बालबालिका र स्ट्रेचर बोकेका व्यक्तिलाई अगाडि राखी हजारौंको भीड पुनः पश्चिम गेटबाट भित्र छिरेको बयानमा उल्लेख छ । यसले सुरक्षा घेरामाथि दबाब सिर्जना गर्ने योजनाबद्ध तरिका अपनाइएको (बाँकी पृष्ठ ८ मा)


## वरिष्ठता बनाम 'सेटिङ'–को बन्ला आईजीपी ?



*काठमाडौं । २०८३ वैशाख १८ गते सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्यालले सफल चारवर्षे कार्यकाल पूरा गर्दै अनिवार्य अवकाशमा जान लागेका छन् । त्यसपछि संगठनको नेतृत्वमा कसले बाजी मार्ला भन्ने चासो व्यापक रूपमा बढेको छ । आईजीपी अर्यालले चारवर्षे कार्यकाल विवादरहित ढंगले पूरा गरेर अवकाशमा जान लागेपछि आईजीपी बढुवाका लागि एआईजीद्वय नारायणदत्त पौडेल र वंशीराज दाहालबीच तीव्र प्रतिस्पर्धा हुने देखिएको छ । तर, एआईजीपी पौडेलभन्दा दाहाल चार महिना २६ दिन कनिष्ठ रहेको संगठन स्रोतले जानकारी दिएको छ ।*

*तर, पनि प्रधानमन्त्री बालेन्द्र शाह र गृहमन्त्री सुधन गुरुङले चाहेको खण्डमा आफूहरूले पत्याएको एआईजीपीलाई बढुवा गर्न सक्ने अनुमान गर्न सकिन्छ । वरिष्ठ एआईजीपी पौडेललाई २०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनसँग जोडेर गौरीबहादुर कार्की नेतृत्वको आयोगले प्रतिवेदनमा जोडेर उल्लेख गरेपछि यसैका आधारमा चलखेल हुन थालेको छ । सोही कारण देखाएर सरकारले पौडेललाई नसीहत दिएर फोर्समा दुई नम्बरमा रहेका कनिष्ठ एआईजीपी बंशी दाहाललाई बढुवा* (बाँकी पृष्ठ ८ मा)

## प्रचण्डको दोहोरो दाउ सरकार पनि, एमाले पनि



काठमाडौं । नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' संसदीय दलको नेता चयन भएसँगै दुईतर्फी रणनीतिमा सक्रिय देखिएका छन् । एकातिर उनी रास्वपा नेतृत्वको सरकारसँग सम्बन्ध बिग्रन नदिने प्रयासमा छन्, अर्कोतिर एमालेभित्र पनि चलखेलको सम्भावना खुला राखिरहेका छन् ।

पूर्वप्रधानमन्त्री केपी ओली पक्राउ परेपछि प्रचण्डले निकालेको विज्ञप्तिलाई यही रणनीतिक सन्तुलनको रूपमा हेरिएको छ । उनले सरकारको कदमको खुला आलोचना पनि गरेनन्, ओलीको पक्षमा स्पष्ट उभिएर समर्थन पनि जनाएनन् । यसले उनी अझै 'बीचको ठाउँ' जोगाएर राजनीति गर्न चाहन्छन् भन्ने सन्देश दिएको विश्लेषण गरिएको छ ।

एमालेभित्र ओलीविनाको संगठनसँग सहकार्य वा एकताको सम्भावना प्रचण्डले पहिल्यैदेखि हेर्दै आएको चर्चा छ । माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतम र भीम रावलजस्ता नेताहरूको धार पनि त्यही दिशातर्फ मोडिन सक्ने अड्कल गरिन्छ । यस आधारमा प्रचण्डले एमालेभित्रको भावी समीकरणतर्फ नजर लगाइरहेका छन् भन्ने बुझाइ छ । (बाँकी पृष्ठ ८ मा)

## नेता पक्राउ राजनीति : अब खेल अदालतमा

काठमाडौं । ०८२ चैत १३ शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा झण्डै दुईतिहाइ जनमतसहितको नयाँ सरकार गठन भइसकेको छ । प्रधानमन्त्री शाहले राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथग्रहण लिएलगत्तै उनको अध्यक्षतामा सोही दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारमा पहिलो बैठक बसेको थियो ।

बैठकले २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा सरकारको भूमिका बारेमा जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की आयोगले बुझाएको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो । आयोगले दिएको सुझावका आधारमा सरकारले २०८२ चैत १४ गते शनिबार बिहानै पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिसकेको छ ।

आयोगले प्रतिवेदनमा त्यसबखत सुरक्षा निकायको उच्च तहमा कार्यरत रहेका केही सुरक्षा अधिकारीहरूलाई समेत कारबाहीका लागि सिफारिस गरेको थियो । तर, बालेन सरकारले अध्ययन समिति बनाएर मात्र सुरक्षा निकायका पदाधिकारीहरुको हकमा कार्यान्वयन गर्ने निर्णय गरेको छ । ओली र लेखकलाई पक्राउ गरेपछि राजनीतिक वृत्तमा भने नयाँ तरङ्ग उत्पन्न हुन पुगेको छ ।

एमालेका अध्यक्षसमेत रहेका ओलीको पक्राउको विषयलाई लिएर चेत १४ गते शनिबार नै एमाले पार्टी पदाधिकारीको बैठक बसेको थियो । बैठकले पार्टी अध्यक्ष र नेपाली कांग्रेसका नेतासमेत रहेका पूर्व गृहमन्त्री लेखकको पक्राउको विषयप्रति संघीय संसद्को प्रतिपक्षमा रहेका राजनीतिक दलहरूसँग संवाद र छलफल गर्न वार्ता समिति गठन गरेको छ ।

साथै, कानून व्यवसायीहरूले यी दुई नेताको पक्राउप्रति कानूनी उपचारको प्रक्रिया सुरु गरिसकेका छन् । (बाँकी पृष्ठ ८ मा)

## लुटतन्त्रको अखडा खारेज !

काठमाडौं । नव नियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मुलुकको आर्थिक विकासका लागि बाधक अव्यावहारिक रहेका १५ वटा ऐन-कानून खारेज गर्ने घोषणा गरेका छन् । उनले चैत १३ गते राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शपथ ग्रहणपछि अर्थ मन्त्रालय पुगेर पदभार ग्रहण गरेसँगै यस्तो घोषणा गरेका थिए । जसका कारण उद्यमी-व्यवसायीहरूमा भने उत्साह छाएको छ । अव्यावहारिक कानूनी व्यवस्थाको अल्झन देखाएर फाइल घुमाई घुस असुल्न पल्केका निजामती कर्मचारी प्रशासनमा कार्यरत कतिपय भ्रष्टहरूको मनमा भने ढ्याङ्ग्रो बज्न थालिसकेको बताइन्छ ।

अझ वाग्लेले भरखरै अर्थबाट बाहिरिएका मन्त्री रामेश्वरप्रसाद खनालको अध्यक्षतामा यसअघि गठित उच्चस्तरीय आर्थिक (बाँकी पृष्ठ ८ मा)

## कर्मचारीतन्त्रमा 'बिग रिफर्म' होला ?

काठमाडौं । सार्वजनिक प्रशासनमा लामो समयदेखि राजनीतिक दलसँग आबद्ध ट्रेड युनियनहरूको प्रभाव कायम रहँदै आएको थियो । यी संगठनहरू कर्मचारीको हकहितका लागि स्थापना गरिए पनि पछिल्ला वर्षहरूमा सरकार परिवर्तनसँगै बिचौलियाको भूमिकामा देखिँदै आएका थिए । जसका कारण प्रशासनमा बेथिति, हस्तक्षेप र सुशासनको अभाव बढ्दै गएको गुनासो व्यापक थियो ।

यही अवस्थालाई सुधार गर्ने उद्देश्यसहित नवगठित सरकारले सार्वजनिक प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त बनाउने नीति लिएको छ । मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेको १०० बुँदे शासकीय सुधार कार्यसूचीअन्तर्गत दलीय ट्रेड युनियनहरू खारेज गर्ने निर्णय गरिएको हो । कार्यसूचीको १२ नम्बर बुँदामा प्रशासनलाई निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउन यस्ता युनियनहरू हटाउने स्पष्ट उल्लेख गरिएको छ ।

सरकारका अनुसार, युनियनका नाममा हुने अनौपचारिक दबाब र हस्तक्षेपका कारण निर्णय प्रक्रिया र सेवा प्रवाहमा अवरोध उत्पन्न भइरहेको थियो । अबदेखि निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा अन्य राष्ट्रसेवकहरू कुनै पनि राजनीतिक दल वा स्वार्थ समूहसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आबद्ध हुन नपाउने व्यवस्था गरिनेछ। उल्लंघन गर्नेहरूलाई कानूनअनुसार विभागीय कारबाही गरिने चेतावनी पनि दिइएको छ ।

यससँगै सरकारले भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाह सुधार र प्रशासनलाई पारदर्शी बनाउने उद्देश्यले व्यापक सुशासन अभियान अघि बढाएको छ । प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा तयार गरिएको सुधार खाकामा निजामती सेवा प्रणालीमा संरचनात्मक परिवर्तनको प्रस्ताव गरिएको छ । संघीय निजामती ऐन तत्काल ल्याउने, मन्त्रालय संख्या घटाएर १७ मा सीमित गर्ने, अनावश्यक आयोग, बोर्ड तथा निकायहरू खारेज गर्ने सुझाव समावेश छन् ।

त्यसैगरी, कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन संघीय, प्रदेश र स्थानीय तहबीच जनशक्ति सन्तुलन मिलाउने योजना अघि सारिएको छ । संघीय तहमा बढी भएका ३० प्रतिशत कर्मचारीलाई प्रदेश र स्थानीय तहमा खटाउने प्रस्ताव गरिएको छ । बढुवा प्रणालीलाई वैज्ञानिक बनाउँदै ५० प्रतिशत ज्येष्ठता र ५० प्रतिशत कार्यक्षमताका आधारमा मूल्यांकन गर्ने व्यवस्था गर्न सुझाव दिइएको छ ।

कर्मचारी सरुवालाई पारदर्शी र प्रणालीगत बनाउन डिजिटल प्रणाली लागू गर्ने, सेवा अवधिलाई निश्चित मापदण्डमा बाँध्ने तथा कार्यसम्पादन मूल्यांकनलाई कडाइका साथ (बाँकी पृष्ठ ८ मा)

## नयाँ मन्त्री नयाँ सचिव खोज्दै

काठमाडौं । ०८२ चैत ९ गते ५८ वर्ष उमेर हदका कारण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा कार्यरत सचिव केशवकुमार शर्मा बिडारी अनिवार्य अवकाश भए । त्यसयता मन्त्रालय सचिवविहीन अवस्थामा रहेको छ । अझ रोचक विषय त सो मन्त्रालयले २०८२ चैत १३ गते शुक्रबार नै नयाँ मन्त्री प्राप्त गरेको छ । मन्त्री सुनिल लम्सालले मन्त्रालयको नेतृत्व गरे पनि पदबहालीको क्रममा भने सचिवको न्यानो स्वागत आतिथ्यता पाउन सकेनन् । नवनियुक्त मन्त्री लम्साललाई वरिष्ठ अर्थात् निमित्त सचिव भीमार्जुन अधिकारीलगायत मन्त्रालयमातहतका उच्च अधिकारीहरूले स्वागत गरेका थिए ।

सचिव शर्माको अवकाशसँगै सो मन्त्रालयमा भित्रिन हाल सिँचाइ सचिव रहेकी सरिता दवाडी र शहरी विकासका विवादस्पद सचिव गोपालप्रसाद सिग्देलले दोस्रो पटक भौतिकमा भित्रिन जोडबल र नजर लगाइरहेको बुझिएको छ । यी दुई सचिवको भौतिकको नेतृत्व गर्ने चाहना त्यति सहज भने देखिँदैन ।

किनकि, सो मन्त्रालयमा सरुवा हुनका लागि मुख्यसचिव सुमनराज अर्याल र प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयमा कार्यरत कोर टिमसम्म पुग्न दौड सुरु गरिसकेको बताइन्छ । तर, हालका सचिवहरूमध्ये आफू मात्र हाइवे इन्जिनियर रहेको भन्दै सिग्देलले भौतिक (बाँकी पृष्ठ ८ मा)

## कार्की प्रतिवेदनः छानबिन कि भावनाको दस्तावेज ?
# सरकारको पहिलो निर्णय : पक्राउ राजनीति

२०८२ भदौ २३ र २४ मा भएको 'जेन्जी' (Gen–Z) आन्दोलन र त्यस क्रममा भएको अभूतपूर्व धनजनको क्षतिको क्षतिपूर्ति सहज छैन । तर, यसैको आलोकमा २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भई मुलुकमा 'लिक' बाहिर गएको संविधानलाई पुनः लयमा फर्काउने काम सम्पन्न भएको थियो । यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अत्यधिक बहुमत ल्याई २०८२ चैत १३ गते बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन गरी कार्यभार समेत सम्हालेर एकसय बुँदे कार्य योजना समेत सार्वजनिक गरिसकेको छ ।

अहिले नेपाली जनताले राजनीतिक मुद्दा केही शान्त भएको अनुभूत गरिरहँदा, जेन्जी आन्दोलनको जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा तत्कालै पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई 'ज्यान मुद्दा'मा पक्राउ गरिएपछि मुलुकमा पुनः अशान्ति र निषेधको राजनीति हुने संकेत देखिएको छ ।

अन्तरिम सरकारले गठन गरेको गौरीबहादुर कार्कीको अध्यक्षताको आयोगलाई नेकपा (एमाले) लगायतका राजनीतिक दलहरूले पहिल्यै ' एकपक्षीय र पूर्वाग्रही' हुने आरोप लगाइरहेका थिए । आयोगको सुरुवाती कार्यावधि तीन महिनाको भए तापनि पटक-पटक म्याद थप गर्दै निर्वाचन सम्पन्न हुनासाथ प्रधानमन्त्रीसमक्ष प्रतिवेदन पेस गरिएको थियो । अन्तरिम सरकारले प्रतिवेदन ग्रहण त गऱ्यो, तर सार्वजनिक गर्न हिचकिचायो र कार्यान्वयनको कुरै गरेन ।

२०८२ चैत १३ गते नवनिर्वाचित सरकारले सोही प्रतिवेदनलाई टेकेर पहिलो मन्त्रिपरिषद् बैठकबाट उक्त प्रतिवेदन तत्काल कार्यान्वयनमा ल्याउने निर्णय गऱ्यो । मन्त्रिपरिषद्को निर्णयमा सुरक्षा संयन्त्रको हकमा थप अध्ययन गरी सिफारिस गर्न समिति गठन गर्ने र अन्यको हकमा तत्काल कार्यान्वयन गर्ने चलाखीपूर्ण निर्णय गरियो । सो निर्णय सार्वजनिक हुनेबित्तिकै शनिबार (१४ चैत २०८२ ) बिहान झिसमिसेमै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरियो ।

स्वतन्त्र रूपमा अध्ययन गर्दा, यस प्रतिवेदनको पहिलो र मुख्य कमजोरी यसको अपारदर्शी सार्वजनिकीकरण र प्रक्रियागत त्रुटिबाटै सुरु हुन्छ । केपी ओलीको पालाको सरकारी संयन्त्रमा लगाइएको कानूनी अतिरञ्जना यसको अर्को विवादास्पद पक्ष हो । प्रतिवेदनले सुरक्षा निकाय र सरकारी संयन्त्रलाई मुलुकी अपराध संहिताको दफा १८१ (बाँकी पृष्ठ ८ मा)

### यो बेला
- डा. प्रवीण सूर्य

**सरकारले यस 'अपूर्ण' र 'असन्तुलित' प्रतिवेदनलाई जस्ताको तस्तै स्वीकार गर्नुभन्दा अगाडि यसका कानूनी त्रुटिहरू र तथ्यगत अपूर्णताहरूमाथि गम्भीर पुनरावलोकन र वस्तुनिष्ठ विश्लेषण गर्न जरुरी छ, ताकि समाजमा थप द्वन्द्व र अराजकता होइन, विधिको शासन बलियो बनोस् ।**

## जीवनधारा

### मान्छेको जिन्दगी...!

मेक्सिकोबाट ३ जना युवा कार लिएर न्युयोर्क घुम्न गए र एउटा होटेलको ९० औं तलामा कोठा बुक गरे। लिफ्ट हुनाले माथि तल चढ्न झर्न कठिनाइ थिएन। तर, लिफ्ट राति १२ बजे बन्द हुन्थ्यो। समयमा होटेलमा फर्किन नसके लिफ्ट बन्द हुन्थ्यो र ९० तला खुरुखुरु चढ्नुको विकल्प थिएन।

एकदिन कोठा फर्किन उनीहरू ढिलो भए र सिंढी चढ्नु पर्ने भयो। यो सजिलो थिएन त्यसैले सिंढी चढ्दा सजिलो होस् भनेर उनीहरूले एउटा सल्लाह गरे।

पहिलो ३० तला चढुञ्जेल एकजनाले रमाइला प्रसंग सुनाउने, अर्को ३० तला चढ्दा अर्कोले उद्योग व्यवसायका कथा सुनाउने अनि अन्तिम ३० तला चढ्दा तेस्रोले भूल र प्रायश्चितका कथा सुनाउने भयो।

सल्लाह अनुसार पहिलोले १–३० तला चढ्दा रमाइलो कथा र जोक सुनायो। अनि ३१–६० तला चढ्ने बेला दोस्रोले उद्यम व्यवसायका कुरा सुनायो। उनीहरू यसरी ६० तला माथि आइपुगे। अब ६१ देखि ९० तला चढ्ने बेला तेस्रोले गल्ती र प्रायश्चितका कथा सुनाउनु पर्ने भयो।

उसले कुरा सुरु गर्दै भन्यो,"साथीहरु हाम्रो पहिलो भूल र दुःखको कुरा त यो छ कि हामीले हाम्रो कोठाको चाबी तल कारमै बिर्सिएर आयौं। अब कोठा खोल्ने हामीसँग कुनै उपाय छैन!"

यसपछि तीनैजना सुस्केरा हाल्दै थचक्क भुईंमा बसे!

अधिकांश मान्छेको जीवन दुरुस्त यस्तै हुन्छ, होइन र?

जति बूढो भए पनि दुष्ट, दुष्ट नै रहन्छ। जति पाके पनि तितो फल तितै रहन्छ।-**कौटिल्य**

## सम्पादकीय

### *कार्की प्रतिवेदन : लागू हुन्छ कि लुकाइन्छ ?*

*भदौ २३ र २४, २०८२-यी दुई दिन केवल मिति होइनन्, राज्य-व्यवस्था, राजनीतिक नेतृत्व, सुरक्षा निकाय र कानूनी संयन्त्रको वास्तविक परीक्षा हुन्। एक दिन राज्यको गोलीले नागरिक ढलेको आरोप, अर्को दिन भीडले राष्ट्रकै ऐतिहासिक धरोहर खरानी पारेको तीतो यथार्थ। यी दुबै घटनाले देखायो-नेपालमा न त राज्य पूर्ण रूपमा जिम्मेवार छ, न त भीड नै जिम्मेवार र राष्ट्रप्रेमी भावना प्रदर्शन गऱ्यो! यही जटिलताको बीचमा आएको छ गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन-२०८२। अब गम्भीर प्रश्न एउटै छ-यो प्रतिवेदन विगतका आयोगका जस्तै कागजमै सीमित रहन्छ कि न्यायको आधार बन्छ?*

*यो प्रतिवेदन निष्पक्ष र पूर्वाग्रहरहित भएर कार्यान्वयन गर्नु सरकारको कृपा होइन, बाध्यता हो। पीडितको रगतमाथि राजनीति गर्ने अधिकार कसैलाई छैन। जसले गोली चलायो, जसले आदेश दियो, जसको जिम्मेवारी राष्ट्रिय धरोहरहरु थिए, ती जोगाउन भूमिका खेलेन र नियन्त्रण गर्न सकेन-सबैको हिसाब चाहिन्छ। तर, त्यत्तिकै कडाइका साथ सोधिनुपर्छ-जसले सिंहदरबार जलायो, संसद परिसरमा अराजकता मच्चायो, जेल फोडेर भाग्यो, उनीहरूलाई उन्मुक्ति दिने कि कारवाहीमा ल्याउने?*

*नेपाल राज्यको एउटा पुरानो रोग छ-"आफ्नालाई बचाउने, अरूलाई देखाउने।" कार्की प्रतिवेदनले यही रोगमा चोर औंला देखाएको छ। यदि सरकार फेरि पनि प्रतिवेदनलाई राजनीतिक सन्तुलनको तराजुमा तौल्दै 'यो पक्ष, त्यो पक्ष' गर्दै बस्यो भने, यसले फेरि दुखद सन्देश दिनेछ-नेपालमा कानून होइन, पहुँच चल्छ। यो केवल प्रशासनिक कमजोरी हुने छैन, राज्य असफलताको अर्को दुःखदायी घटना हुनेछ।*

*२०८२ भदौ २३ गतेको गोलीकाण्ड होस् वा भदौ २४ गतेको देशै खरानी पार्ने आगजनी-दुवै घटनामा एउटा साझा तत्व छ-दण्डहीनता। राज्यले सोच्यो–भीडलाई दबाउन सकिन्छ। भदौ २४ गतेको अराजक भीडले सोच्यो-राज्यलाई चुनौती दिन सकिन्छ। परिणाम-मृत्यु, राज्यको विनाश र अराजकता। यदि यसपटक पनि दोषी छुटे भने, भोलि यस्ता घटना अपवाद होइन, नियमितता बन्नेछन्।*

*साँघु दृष्टिकोण स्पष्ट छ–न त राज्यको दमन स्वीकार्य छ, न त भीडको हिंसा। तर, अहिले सबैभन्दा खतरनाक के हो भने, दुवै पक्ष आफ्नो-आफ्नो कथामा लुकेर सत्यलाई धुमिल बनाउन खोजिरहेका छन्। कोही "लोकतन्त्रको आन्दोलन" भन्दै राज्यको सर्वनाशलाई सही ठहऱ्याउन खोज्दैछन् त कोही "सुरक्षा चुनौती" भन्दै गोलीलाई जायज देखाउन खोज्दैछ। दुवै सोच गलत छन्। लोकतन्त्रको नाममा राज्य नै खरानी पार्ने अधिकार कसैलाई छैन, सुरक्षा व्यवस्थाको नाममा नागरिकमाथि अत्यधिक बल प्रयोग गर्ने छुट पनि कसैलाई छैन।*

*कार्की आयोगले यही सन्तुलित सत्य देखाएको छ। प्रतिवेदनले केवल नाम मात्रै तोकेको छैन, प्रणालीगत कमजोरी पनि उजागर गरेको छ-कमाण्ड चेनको असफलता, सूचना व्यवस्थापनको कमजोरी, भीड नियन्त्रणमा असंयम, र राज्यका अति नै महत्वपूर्ण संरचना सुरक्षामा लापरवाही। त्यसैले यसको कार्यान्वयन केवल दोषीलाई कारबाही गर्नु होइन, राज्य सुधारको अवसर पनि हो।*

*तर, यहाँ अर्को गम्भीर प्रश्न छ-के सरकारसँग इच्छाशक्ति छ? नेपालमा आयोग बनाउने, प्रतिवेदन बुझ्ने र त्यसलाई दराजमा थन्क्याउने परम्परा नयाँ होइन। २०४७ सालको मल्लिक आयोगलगायत धेरै प्रतिवेदनहरू धुलो खाएर बसेका छन्, पीडितहरू न्याय नपाएर थाकेका छन्। यदि कार्की प्रतिवेदन पनि त्यही नियति भोग्छ भने, यसले जनतामा एउटा खतरनाक सन्देश दिनेछ-"यहाँ सत्य लेखिन्छ, तर लागू हुँदैन।"*

*अब विकल्प स्पष्ट छ। सरकारले तुरुन्तै कार्यान्वयनको रोडम्याप सार्वजनिक गर्नुपर्छ। उच्च पदस्थदेखि सडकमा उक्साएर राज्य विनाश गर्नेसम्म-सबैलाई कानूनी दायरामा ल्याउनैपर्छ। पीडितलाई क्षतिपूर्ति मात्र होइन, न्यायको अनुभूति दिलाउनुपर्छ, राज्यको विनाश गर्ने जा कोही होस्, जेलमा कोच्नै पर्छ। र, सबैभन्दा महत्वपूर्ण–भविष्यमा यस्तो अवस्था दोहोरिन नदिन सुरक्षा र प्रशासनिक संरचनामा सुधार गर्नुपर्छ।*

*साँघु चेतावनी दिन्छ-यदि यसपटक पनि राज्य चुक्यो भने, २०८२ भदौ २३-२४ इतिहास होइन, संकेत हो। संकेत-नेपाल अझै दण्डहीनताको दलदलमा फसिरहेको छ। कार्की प्रतिवेदन अब केवल दस्तावेज होइन-यो राज्यको आत्मपरीक्षण हो। यसलाई तत्कालै कार्यान्वयन, लागू गर, होइन भने भोलि राज्यलाई कसैले गम्भीरतापूर्वक लिने छैन। बालेन सरकारलाई चेतना भया।*

# मतदाताको सुशासन अपेक्षा पूरा होला ?

**नयाँ सरकारबाट मतदाता(नागरिक)ले बढी अपेक्षा गरेको एउटा विषय सुशासन हो। नेपालमा सुशासनको मुद्दा जहिल्यैको चुनावी र सार्वजनिक सरोकारको संवेदनशील विषय रह्यो। सुशासनलाई भ्रष्टाचारसँग प्रत्यक्ष जोडेर हेरिने, बोलिने र बुझिने गरिएको भए पनि त्यो सीमित तथा साँघुरो धारणा मात्र हो। सुशासनमा कानूनी शासन, असल शासन, भ्रष्टाचार मुक्त शासन, विधिबाट चल्ने प्रणाली, पारदर्शिता, सार्वजनिक सेवा प्रवाहमा नागरिकको सहज पहुँच र अनुमानयोग्य शासन प्रणाली आदिको अपेक्षा गरिएका हुन्छन्।**

## समय र विचार

**डा. प्रेमराज सिलवाल, अधिवक्ता**



**सुशासनको न्यूनताले समाजमा भ्रष्ट संस्कृति फैलिएको हुन्छ। सुशासन कायम गर्नमा सरकार, समाज र राजनीतिक नेतृत्वको प्रभावकारी भूमिका हुनुपर्छ। भ्रष्टाचारीलाई समाजले सबैतिरबाट बहिस्कार र तिरस्कार नगर्ने प्रवृत्ति रहेसम्म भ्रष्टाचारी संस्कृति न्यून हुन सक्दैन।**

**सुशासनको अर्थ**

सुशासन शासन सञ्चालनसम्बन्धमा लागु हुने त्यस्तो मान्यता हो जहाँ, पारदर्शिता, स्वच्छता, कानून र विधिको आधारमा प्रणाली चलेको हुन्छ भन्ने मानिन्छ। सुशासनमा प्रणालीले आफैँ स्वचालित ढङ्गले कार्य गरिरहेका हुन्छन्। युएनडीपीले सुशासनलाई 'जिम्मेवार, समावेशी, पारदर्शी तथा उत्तरदायी शासन प्रणाली' मान्यो। नेपाल कानून आयोगद्वारा प्रकाशित कानूनी शब्दकोशले 'असल तरिकाले चलेको शासन, कानून अनुसार चल्ने राज्य प्रणाली' भन्यो।

**विश्वमा सुशासन**

ट्रान्सपरेन्सी इन्टरनेशनलको प्रकाशित प्रतिवेदनलाई हेर्दा द्वन्द्वग्रस्त तथा कठोर शासन भएका मुलुकहरूमा सुशासनको अवस्था नाजुक रहेको देखिन्छ। सन् १९९५ देखि ट्रान्सपरेन्सीले भ्रष्टाचार तथा सुशासनसम्बन्धी यस्तो विश्वव्यापी सूची प्रकाशित गर्दै आयो। विश्व बैंकले पनि त्यस्तो सूची प्रकाशन गर्ने गरेको छ। विश्वव्यापी प्रतिवेदन अनुसार सुशासनको स्तरमाथि हुने र सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकहरुको सूचीमा अधिकांश युरोपेली मुलुकहरू निरन्तर अग्रस्थानमा रहेका छन्। सुशासनको अवस्था कमजोर भएकाले नागरिकका ससना (सास्ती) बढ्ने गरेका हुन्। सन् २०१८ मा १२४ औँ स्थानमा रहेको नेपाल सन् २०२२ मा ११० औँ स्थानमा थियो। सन् २०२३ मा १०८ औँ स्थानमा रहेकोमा सन् २०२४ को प्रतिवेदनमा १०७ औँ र २०२५ को प्रतिवेदनमा १०९ औँ मा झऱ्यो।

विश्वमा सर्वाधिक न्यून भ्रष्टाचार हुने र सुशासनको अवस्था सुदृढ हुने देशहरूमा डेनमार्क, फिनल्यान्ड, सिंगापुर, न्युजिल्यान्ड र नर्वे, अष्ट्रेलिया, स्विडेन, स्विट्जरल्यान्ड, लक्जेम्बर, नेदरल्यान्ड, जर्मनी आदि छन्। सुशासनको अवस्थाको दृष्टिमा सर्वाधिक भ्रष्ट मुलुकहरूमा साउथ सुडान, सोमालिया, भेनेजुएला, यमन, लिबिया, एरिट्र्या, सुडान र निकारागुवा, उत्तर कोरिया, म्यानमार आदि मुलुक रहेका छन्। दक्षिण एसियामा अफगानिस्तान र बंगलादेश सर्वाधिक भ्रष्ट देखिए। त्यसपछि पाकिस्तान, नेपाल, श्रीलंका, माल्दिप्स, भारत र भुटान छन्।

**सुशासनका तत्व**

सुशासनको सासना हुनुमा सामाजिक चेतना, शिक्षा प्रणाली, संस्कार र संस्कृति, सामाजिक नैतिकता, राज्यको कानून र कानून कार्यान्वयन गर्ने निकायको व्यवहार जस्ता कुराहरूले प्रभाव पार्ने गरेको देखिन्छ। मूलत : सुशासनको अवस्था कमजोर हुनुमा शक्ति, पद र पैसाको चाहनामा वृद्धि, उच्च स्तरको राजनीतिक तथा आर्थिक हैसियतको तीव्र चाहना, कमजोर प्रजातन्त्र, स्थापित प्रणालीको अभाव, पारदर्शिताको कमी, जवाफदेहीताको कमी, विधिको शासन नहुनु, नागरिक नियन्त्रण र खवरदारीको कमी, सामाजिक जागरण र चेतनाको कमी, गरिबी र आर्थिक अवसरको अभाव, सामाजिक र राजनीतिक अस्थिरता आदि कारण प्रमुख हुन्। सुशासनको न्यूनताले समाजमा भ्रष्ट संस्कृति फैलिएको हुन्छ। सुशासन कायम गर्नमा सरकार, समाज र राजनीतिक नेतृत्वको प्रभावकारी भूमिका हुनुपर्छ। २०८२ फागुन २१ गतेको निर्वाचनबाट दुई तिहाइ निकट समर्थन प्राप्त रास्वपाको सरकारबाट मतदाता(नागरिक)ले सर्वाधिक अपेक्षा सुशासनमा गरेको देखिन्छ।

नेपालमा सुशासनको तीव्र चाहना २०४६ सालको बहुदलीय प्रजातन्त्र प्राप्तिपछि अपेक्षा गरिएको भए पनि सरकारहरू यसैमा चुके। सरकार, अदालत, संसद, सेना, प्रहरी, अख्तियार जस्ता अनुसन्धान गर्ने निकाय र त्यसमा रहेका अधिकारीहरूप्रति नै नागरिकले पटकपटक प्रश्न उठाउने गरेका हुन्। राजनीतिक र सार्वजनिक प्रशासकीय नेतृत्वमा बस्नेहरूले अख्तियारको दुरूपयोग गर्ने प्रवृत्तिले लोकतन्त्र, लोकतान्त्रिक मूल्य, सुशासन र प्रणाली कमजोर बन्न पुगेको अनुभव भएकाले सुशासनको सासना (सास्ती) न्यून गर्ने कुरा चुनावी घोषणा-पत्रमा मात्र घोषित गरिने विषय जस्ता भएकाले नागरिक निराश बन्दै आएका हुन्।

**भ्रष्टाचार र समाज**

भ्रष्टाचारमा वृद्धि हुनु र न्यूनीकरण हुनुमा समाज पनि दोषी छ। विश्वमा सबै प्रकारका शासनमा भ्रष्टाचार हुने गरेको भए पनि विकसित युरोपमा त्यसको दर सर्वाधिक न्यून छ। चीनमा मृत्युदण्डको समेत व्यवस्था रहेको छ। त्यहाँ पनि भ्रष्टाचार सुशासनको लागि प्रमुख चुनौती बन्दैछ। केही महिनाअघि चिनियाँ कम्युनिस्ट पार्टीको उच्च अधिकारी भ्रष्टाचारमा समातिए। हालैमात्र अर्का अधिकारीमाथि आरोप लागेको छ। सन् २०१७ मा चीनमा १५५१ जनालाई फाँसी दिइएकोमा अधिकाँश भ्रष्टाचारमा दोषीहरू थिए। सुशासनको स्तर उच्च भएकाले नै युरोपका डेनमार्क, फिनल्यान्ड, नर्वे, स्विट्जरल्यान्ड, लग्जेम्बर्ग, नर्वे आदि मुलुकहरूका सबै स्तर उच्च छन्।

राजनीतिक अस्थिरता भएका, द्वन्द्वग्रस्त अफ्रिकी एवम् दक्षिण एसियाका नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश र अफगानिसतान जस्ता मुलुकहरूमा सुशासनको स्तर कमजोर हुनुमा समाजले भ्रष्टलाई स्वीकार्ने पनि एउटा मूल कारण बन्यो। शासनमा संस्थागत र नीतिगत भ्रष्टाचार भएपछि त्यसको छायाँ प्रदेश, स्थानीय तह, प्रहरी कार्यालय, मालपोत, यातायात, नापीदेखि वडा कार्यालयसम्म पुगेको अनुभव नागरिकले गर्दै आएकाले पनि प्रत्येक निर्वाचनपछि सुशासनको बढी अपेक्षा गर्ने गरिएका हुन्। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा नेतृत्व गर्ने राजनीतिक र निजामती नेतृत्व शुद्ध हुने हो भने मुलुकमा सुशासनको अवस्थामा सुधार हुने कुरा भूराजनीतिक अनुभवबाट देखिन्छ। सुशासनको कमिले राष्ट्रमा कानूनी र विधिको शासन, नागरिक नियन्त्रण, लोकतान्त्रिक संस्कार, सामाजिक मूल्य, नैतिकता, सामाजिक आचार, मानवीयता र मूल्य सबैतिर नकारात्मक असर परेकाले नागरिक आक्रोस चुलिएको कुरा रास्वपाको चमत्कारिक सफलताले प्रस्ट गरेको छ। अप्रजातान्त्रिक र निरङ्कुश शासन भएका तथा द्वन्द्वग्रस्त मुलुकहरूमा सुशासनको दर झनबढी खराब हुने विश्व अनुभवले देखाएकोले लोकतान्त्रिक र पारदर्शी शासनको विकल्प रहेन।

निरंकुश र दमनकारी अलोकतान्त्रिक सत्तामा बढी भ्रष्टाचार हुने गरेका छन्। जर्मनमा दोस्रो विश्व युद्धअघिको हिटलरको शासन, उत्तरकोरियाको वर्तमान किम नेतृत्वको शासन, द्वन्द्वग्रस्त सोमालिया, इरान, यमन, इरान, भेनेजुएला, सिरिया आदि यसका उदाहरण हुन्। अर्थात सुशासनको सासना हुनुमा नागरिक समाज पनि जिम्मेवार छ। भ्रष्टाचारीलाई समाजले सबैतिरबाट बहिस्कार र तिरस्कार नगर्ने प्रवृत्ति रहेसम्म भ्रष्टाचारी संस्कृति न्यून हुन सक्दैन।

**अन्तमा**

भ्रष्टाचार न्यून हुनु र सुशासनको अवस्था सुदृढ हुनुमा कानुनको शासन, विधिको पालना, पारदर्शिता, सरकारी र सार्वजनिक सेवा चुस्त र दुरुस्त हुनु, समाजमा धनि र गरीबलाई हेर्ने दृष्टिकोणमा ठूलो खाडल नहुनु, शिक्षा, स्वास्थ्य, रोजगारी, सेवा, सूचना, यातायात र सार्वजनिक सुविधामा सबैको सहज तथा न्यायोचित पहुँच र वितरण हुनुले सुशासनको अवस्था उच्च रहने विश्व अनुभवले देखाएको छ। सुशासन उत्कृष्ट भएका मुलुकहरूको विकास, समृद्धि, आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा समग्र अवस्था सुदृढ र सम्पन्न हुनुले सुशासनको मुद्दा सर्वाधिक प्राथमिक तथा पेचिलो हुने कुरामा दुईमत रहेन। नेपालमा सुशासन चुनावी घोषणा-पत्र र सार्वजनिक खपतको विषय मात्र हुँने गरेकोमा हालैको निर्वाचनबाट नागरिकले सर्वाधिक अपेक्षा गरेको विषय नै सुशासन भयो। यसर्थ नयाँ सरकारको मूल कामको थालनी सुशासन र कानुनको शासनको प्रत्याभूतिबाट नागरिक अपेक्षाको सम्बोधन हुन सक्ने देखिन्छ।

# हाकिमतन्त्रको हैकम : जनताको दुर्दशा !

**अन्तर्राष्ट्रिय स्तरमा कर्मचारीतन्त्रका अनुभवहरू कतै निकै रोचक छन् भने कतै निकै झन्झटिला। विभिन्न देशहरूले आफ्नो शासन पद्धति र कार्यशैलीअनुसार यसलाई फरक-फरक ढंगले व्याख्या गरेका छन्।**

## कर्मचारीतन्त्र: रोचक र घोचक

**डा. प्रवीन सूर्य**

१. जर्मनीको "नियमनिष्ठा": जर्मनीको कर्मचारीतन्त्र विश्वमै 'नियमको पक्का' मानिन्छ। त्यहाँ नियमभन्दा बाहिर गएर एउटा शब्द पनि तलमाथि हुँदैन। यदि तपाईंको एउटा सानो फारममा हस्ताक्षर मिल्दैन वा एउटा कागजात पुग्दैन भने, जतिसुकै भनसुन गरे पनि काम हुँदैन। त्यहाँ "मानवीयता" भन्दा "प्रक्रिया" (Procedure) लाई सर्वोपरी मानिन्छ। यसलाई "The Iron Cage of Bureaucracy" भनिन्छ।


२. भारतको "रातो फित्ता": भारतीय कर्मचारीतन्त्रलाई संसारकै सबैभन्दा ठूलो र झन्झटिलोमध्ये एक मानिन्छ। ब्रिटिस कालदेखि चलेको 'फाइल कल्चर' अझै पनि हाबी छ। एउटा व्यवसाय सुरु गर्न वा सानो अनुमति लिन दर्जनौं विभाग धाउनुपर्ने हुन्छ। भारतीय कर्मचारीतन्त्रमा एउटा उखान चर्चित छ- "काम गराउनका लागि फाइलमा चक्का (पैसा वा प्रभाव) लगाउनुपर्छ।" यसलाई "License Raj" को अवशेष पनि भनिन्छ।

३. इस्टोनियाको "डिजिटल क्रान्ति": इस्टोनियाले कर्मचारीतन्त्रलाई पूर्ण रूपमा बदलेर विश्वलाई एउटा नयाँ उदाहरण दिएको छ। त्यहाँ ९९ प्रतिशत सरकारी सेवाहरू अनलाइन छन्। विवाह र सम्बन्धविच्छेद बाहेक सबै काम घरमै बसेर गर्न सकिन्छ। कर्मचारीको मुख हेर्नै पर्दैन। यसले कर्मचारीतन्त्रको "भोलिवाद" र "भ्रष्टाचार"लाई लगभग अन्त्य गरिदिएको छ।

४. बेलायती "औपचारिकता": बेलायतमा कर्मचारीहरू निकै शिष्ट (Polite) हुन्छन्, तर प्रक्रिया भने निकै लामो र कागजी हुन्छ। उनीहरूले सिधै "नाइँ" (No) भन्दैनन्। बरु "I'm afraid that might be difficult" (मलाई डर छ कि यो अलि गाह्रो हुन सक्छ) भन्छन्। यो शिष्टताले कहिलेकाहीँ सेवाग्राहीलाई अलमलमा पार्छ कि काम हुन्छ कि हुँदैन।

५. नेपाली सन्दर्भ: नेपालमा पनि कर्मचारीहरूले "हुँदैन" कहिल्यै भन्दैनन्। बरु "प्रक्रियामा छ," "बुझ्नुपर्छ," "फाइल हेर्नुपर्छ" वा "माथि सोध्नुपर्छ" जस्ता अस्पष्ट शब्दहरू प्रयोग गरेर सेवाग्राहीलाई हप्तौँसम्म झुलाउने गर्छन्।

६. "टोले र ओहोदे शैली": नेपालमा 'कुर्सी' को ठूलो महत्त्व छ। कार्यकक्षको सजावट, सोफाको गुणस्तर र चियाको कपले कर्मचारीको पद झल्काउँछ। उपल्लो तहका कर्मचारीसँग कुरा गर्दा "हजुर" र "दर्शन" को प्रयोग नगरेसम्म काम अघि नबढ्ने मनोवैज्ञानिक दबाब सेवाग्राहीमा रहन्छ।




७. "हाकिम साब बैठकमा हुनुहुन्छ": जब कुनै महत्त्वपूर्ण काम लिएर कार्यकक्षमा पुगिन्छ, प्रायः सुनिने जवाफ हो- "हाकिम साब मिटिङमा हुनुहुन्छ।" यो कहिलेकाहीँ वास्तविक भए तापनि धेरैजसो अवस्थामा जिम्मेवारी पन्छाउने माध्यम बन्ने गरेको देखिन्छ।

**कर्मचारीतन्त्रमाथि केही विश्वव्यापी घतलाग्दा भनाइहरू:**

० कर्मचारीतन्त्रका बारेमा फ्रान्सेली लेखकहरूले भनेका छन्– "ब्युरोक्रेसी एउटा यस्तो संयन्त्र हो, जहाँ काम नहुनु नै ठूलो उपलब्धि मानिन्छ।"

० "कर्मचारीतन्त्र एउटा यस्तो प्रणाली हो, जहाँ कामको नतिजाभन्दा पनि काम गर्ने प्रक्रिया नै मुख्य उत्पादन (Product) बन्ने गर्दछ।"-अज्ञात

० "नियम र निर्देशिकाहरू मूर्खहरूका लागि आज्ञाकारी बन्न र बुद्धिमानहरूका लागि मार्गदर्शन लिन बनाइएका हुन्-तर, कर्मचारीतन्त्रमा भने सबैलाई मूर्खसरह व्यवहार गरिन्छ।"-अज्ञात

० "कुनै पनि कर्मचारीतन्त्रमा, जो मानिस नियमहरूमा सबैभन्दा बढी चासो राख्छन्, उनीहरू नै कामको नतिजाप्रति सबैभन्दा कम चासो राख्ने गर्दछन्।" -जेम्स एच. बोरेन

० "कर्मचारीतन्त्र भनेको साधारण कुरालाई जटिल बनाउने र जटिल कुरालाई असम्भव बनाउने एउटा कला हो।"-शास्त्रीय उखान

# नयाँ सरकारले निजामतीमा सुधार ल्याउला ?
# बरन्डामा सयौं कर्मचारी : ऐन नहुँदा बेथिति व्याप्त !

● रामहरी चौलागाईं

**काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यतिखेर सयजना भन्दा बढी कर्मचारीहरूलाई जिम्मेवारीमा नखटाएर अतिरिक्त समूहमा थन्काएर राखेको पाइएको छ । हरेक पटक नयाँ सरकार गठन हुनासाथ निजामती कर्मचारी प्रशासनमा रहेका कमजोरी सुधार गर्ने प्रतिबद्धता जनाउने गरेका छन् । अझ ०७२ असोज ३ गते मुलुकमा नयाँ संविधान जारी भएर संघीय प्रणाली लागू भएसँगै यस्ता कमी कमजोरी निमिट्यान्न हुने अपेक्षा कर्मचारीहरूले राखेका थिए ।**

तर, यो १० वर्षको अवधिमा पाँच पटक सरकारको फेरबदल हुँदासमेत निजामती कर्मचारी प्रशासनलाई व्यवस्थित र मर्यादित बनाउनका लागि आवश्यक एक थान संघीय निजामती ऐन जारी हुन सकेको छैन ।

०७४ मंसिरमा सम्पन्न आम निर्वाचनपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गरेका थिए । ०७५ जेठ ३ गते तत्कालीन नेकपा माओवादी केन्द्र र सत्ताको नेतृत्व गरेको एमाले एकीकरण हुन पुगेका थिए । त्यसपछि त निजामती प्रशासन, विद्यालय शिक्षा, नेपाल प्रहरी र सशस्त्र प्रहरीलगायत आवश्यक संघीय कानून संघीय संसदबाट जारी गर्न थप सहज स्थिति बनेको थियो । त्यसबखत ओलीले साढे तीन वर्ष झण्डै दुई तिहाइ जनमतसहितको सरकारको नेतृत्व गर्ने अवसर पाएका थिए ।

तर, पनि सत्तारुढ दलभित्र एकता र मेलमिलाप हुन नसक्दा तत्कालीन प्रधानमन्त्री ओलीले आवश्यक ऐन कानून जारी गर्न पहल गर्नुको साटो दुई-दुई पटक संसद् नै विघटन गरेर सत्ता जोगाउन खोजेका थिए । तर, सर्वोच्च अदालतले प्रधानमन्त्री ओलीको कदमको विपक्षमा फैसला गरेपछि सत्ताबाट बहिर्गमन हुन बाध्य भएका थिए ।

त्यसपश्चात नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो । उक्त सरकारले डेढ वर्ष सत्ताको नेतृत्व गरे पनि पुनर्स्थापित संसदबाट आवश्यक ऐन जारी गर्न कुनै पहल गरेको देखिएन । ०७९ मंसिरमा आम निर्वाचन सम्पन्न गरेर उनी सत्ताबाट बाहिरिएका थिए । लगत्तै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’को नेतृत्वमा नेकपा एमालेसहितको गठबन्धन सरकार बनेको थियो ।

**तर पनि जारी भएन कानून**

प्रचण्ड नेतृत्वको सरकारले पनि एक वर्षको अवधिमा संसदबाट निजामती प्रशासनलाई व्यवस्थित गर्न आवश्यक कानून



जारी भने गर्न सकेन । तत्पश्चात तत्कालीन संसदको ठूलो दल नेपाली कांग्रेस र दोस्रो दल नेकपा एमाले मिलेर पुनः ओलीकै नेतृत्वमा दुई तिहाइ जनमतसहितको सरकार गठन गरियो ।

यो पटक पनि सरकारले निजामती प्रशासन ऐन संसदबाट जारी हुनै लाग्दा विवाद सतहमा मात्र आएन कि मुलुकमा जेनजी विद्रोह नै हुन पुग्यो । सो विद्रोहले तत्कालीन ओली सरकारलाई विस्थापित मात्र गरेन कि संसद् नै विघटन भएर अन्तरिम सरकार गठन भयो । संसद् नभएपछि ऐन जारी हुने विषय नै रहेन । अन्तरिम सरकारको म्यान्डेट र अर्जुनदृष्टि भनेकै प्रतिनिधि सभा निर्वाचन सम्पन्न गर्ने रहेको थियो । २०८२ फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन सम्पन्न भएर पनि राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाइ जनमत प्राप्त गरेर बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन गरिसकेको छ ।

तर, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्वले सयौं कर्मचारीलाई निर्वाचन आचारसंहिताको बहानाबाजी गरेर जिम्मेवारीविहीन अवस्थामा थन्काएको गुनासो पीडितहरूले गरेका छन् । महिनौंदेखि मन्त्रालयले जिम्मेवारीबिना नै ती कर्मचारीलाई तलब भने उपलब्ध गराइरहेको छ । बिना काम तलब दिनु भनेको अनियमितता मात्र नभएर निजामती प्रशासनभित्र मौलाएको बेथितिका रूपमा समेत हेरिएको छ । नवगठित सरकार र सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले यी विषयहरूलाई अब के कसरी सम्बोधन गर्नेहुन्, त्यो भने कर्मचारीहरूले प्रतीक्षाका साथ हेरेर बसेका छन् ।

**कुन–कुन कर्मचारी बरन्डामा ?**

हाल मन्त्रालयले चार सहसचिव, २३ उपसचिव, १६ अधिकृत, ४४ खरिदार, केही कम्प्युटर सहायक गरी कुल १ सय ६ जनालाई जिम्मेवारीमा नखटाएर अतिरिक्त समूहमा थन्काएको अवस्था छ । मन्त्रालय स्रोतले दिएको जानकारीअनुसार हाल सहसचिवहरू रामहरि ज्ञवाली, खिमबहादुर कार्की, सन्तोषकुमार दाहाल र जनकराज भट्ट अतिरिक्त समूहमा रहेका छन् ।

उनीहरूलाई जिम्मेवारीमा नखटाएको कारण दैनिक मन्त्रालयमा आएर हाजिर गर्ने र घर फर्किने गरेका छन् । बिना काम उनीहरूले जनताले तिरेको करबाट तलब भने बुझिरहेको अवस्था छ । यसैगरी, मन्त्रालयको अतिरिक्तमा उपसचिवहरू नन्दराज ज्ञवाली, श्रीधर पन्थी, गंगा भट्टराई सुवेदी, प्रदीप पौडेल, वन्दना झा, डिल्लीराज बेल्बासे छन् । नारायण खतिवडा, ईश्वरप्रसाद आचार्य, डिल्लीराज श्रेष्ठ, सागर साह, सत्यराज जोशी, राजनकुमार वि.सी. पनि अतिरिक्तमा रहेको बताइन्छ ।

अन्यमा हरिप्रसाद शर्मा, अनुप के.सी., कृष्णप्रसाद शर्मा, काशीराम गैह्रे, दामोदर शर्मा र सोमनाथ गौतमले पनि जिम्मेवारी नपाउँदा बरन्डामा हाजिर गर्दै दिन कटाइरहेका छन् । उता, बैकुण्ठप्रसाद सापकोटा, तिलकप्रसाद रिजाल, जगदीशचन्द्र नेपाली, खिमबहादुर भुजेल र उपसचिव केशव शर्मालाई पनि अतिरिक्त समूहमा थन्काइएको छ । जिम्मेवारी नपाउने शाखा अधिकृतहरूमा गणेश ज्ञवाली, जानकी भण्डारी खरेल, सुमिरा राई, सान्त्वना पाठक, बोधनाथ पौडेल, पुष्पराज कोइराला र जयप्रसाद गौतम रहेका छन् ।

यस्तै, मोहोदत्त अधिकारी, नारायण पौडेल, प्रभा अर्याल, निरञ्जन ज्ञवाली, राजन फुयाल, चन्द्रकान्त तिमिल्सिना, नवीन कार्की, सन्तोष प्रधान र दुर्गबहादुर ओलीले जिम्मेवारी नपाए पनि बिना काम तलब भने पड्काइरहेका छन् । जिम्मेवारी नपाउने कम्प्युटर अधिकृतहरूमा रूपकराज अर्याल, उमेश रिजाल, उर्मिला पुन, सन्तोष जंग शाह, किरण खड्का, उत्तम खड्का, जमुना कुइँकेल, चन्द्रशेर राणा र रूपकप्रसाद गुरागाईं सिनियर इन्जिनियर रहेका छन् ।

**कामविहीन नासु र खरिदारहरू**

जिम्मेवारीविहीन अवस्थामा रहेका नायब सुब्बाहरूमा भुपेन्द्र अधिकारी, मिना ताम्राकार, कल्याणी पौडेल, राजु पाण्डे, सुशीला खड्का, नरेशराम सिंह, सुरेश पराजुली, शर्मिला थापा, नारायणप्रसाद आचार्य, भुवन बराल भट्टराई, सीमा पोखेल, सुजन थापा र ऋषिराज चौधरी छन् । यसैगरी हेमन्त अर्याल, यदुनाथ आचार्य, खिमानन्द शर्मा, अच्युत काफ्ले, संजीव राई, मेघराज आचार्य र कलमबहादुर खत्री पनि जिम्मेवारीविहीन अवस्थामा रहेको बताइन्छ ।

उता, देवराज गिरी, गोकर्ण, नन्दकला सर्तुङगी, लक्ष्मी बराल, अञ्जु भट्टराई, हरिकृष्ण चौलागाईं, यामकुमारी पञ्ज्ञानी, अञ्जु श्रेष्ठ, नेत्रबहादुर रावल, अनिता पन्त, प्रकाश पौडेल, दुर्गा शर्मा, मनोज खतिवडा, सुदीप पोखरेल, डिल्लीप्रसाद जैसी, बज्रबाहन पोखरेलले पनि जिम्मेवारी नपाएको कारण बरन्डामा हाजिर गर्दै आएका छन् । त्यसैगरी, लोकेन्द्रकुमार रिजाल, हरिमोहन खड्का, मनीषराज शर्मा, अम्बरबहादुर खत्री, गणेश बास्तोलालगायत रहेको मन्त्रालय स्रोतले बताएको छ ।

अन्य कर्मचारीहरूमा हरिबहादुर रावल, सदानन्द सापकोटा, ओमप्रसाद ढकाल र रिना लामा रहेका छन् । खरिदारहरू सनम रेग्मी, विश्वास राना, सीता कैनी, रश्मी अधिकारी, फडिन्द्र ढुंगाना, अञ्जना रिजाल, शोभाकान्त तिवारी, आरती श्रेष्ठ र कोपिला बस्नेतलाई पनि मन्त्रालयले कुनै जिम्मेवारी नदिई बरन्डामा थन्काएको बताइन्छ ।

## समाचार/विविध

### निषेधित क्षेत्रमा पदयात्रा गर्दा अनुमति लिनुपर्ने

● साँघु संवाददाता



काठमाडौं । गृहमन्त्रालय मातहतको अध्यागमन विभागले नेपालका १३ जिल्लामा विदेशी नागरिकले निषेधित क्षेत्रमा पदयात्रा गर्दा अनिवार्य रुपमा पदयात्रा अनुमति लिनुपर्ने व्यवस्था गरेको छ । बिभागले निषेधित क्षेत्रमा समूहगत रुपमा एजेन्सीमार्फत जाने विदेशीको पदयात्रा अनुमतिसेवालाई अनलाईन प्रणाली अवलम्बनसमेत गरेको बताइएको छ । जसले गर्दा यी सेवा झण्झटरहित, छिटो, छरितो र सेवाग्राहीमैत्री भएको बिभाग स्रोतले दावी गरेको छ । पदयात्रा अनुमति सम्बन्धी प्रावधानमा कठिनाई भएमा सहजीकरणको लागिसमेत व्यवस्था गरेको बिभागको भनाई रहेको छ ।

विगतमा निषेधित क्षेत्रमा पदयात्रा अनुमति मागगर्ने एकल पद यात्रीलाई बिभागले अनुमति नदिंदा असहज महसूस गर्दै आएका थिए । यसहघि एकल रुपमा पदयात्रामा जान चाहने पदयात्रीले अनिवार्य रुपमा पदयात्रा साझेदार खोज्नुपर्ने अवस्था रहेको थियो । जसका कारण उनीहरुले असहज भएको र पर्यटन प्रबर्द्धनमासमेत असर परेको गुनासाहरु बाहिर आएका थिए । सोही बिषयलाई मध्यनजर गर्दै बिभागले ट्रेकिङ एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) लगायत पर्यटन क्षेत्र सम्बद्ध संघ संस्थाहरुबाट प्राप्त गुनासोलाई संवोधन गरेको बताइएको छ ।

२०८२ चैत ८ गतेदेखि लागु हुनेगरी एकजना पद यात्रीलाईसमेत यात्रा अनुमति प्रदान गर्ने निर्णय विभागले गरेको बताइन्छ । अवदेखि पदयात्रा गर्दा अनिवार्य रुपमा एजेन्सीमार्फत आवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । यसका साथै बिभागले निजसँग जाने ट्रेकिङ्ग गाइड अनिवार्य रुपमा तोक्नुपर्ने शर्तसमेत राखेको छ । जसले गर्दा आपतकालीन अवस्थामा उद्धार को सम्पूर्ण जिम्मेवारी सम्बन्धित एजेन्सीले लिने र अन्य व्यवस्था विद्यमान कानुन बमोजिम हुने गरी शर्त निर्धारण गरेको बिभागको भनाई रहेको छ ।

एजेन्सीमार्फत एक समूहमा ठूलो संख्यामा निषेधित क्षेत्रमा पद यात्रामा जाँदा उनीहरुको सुरक्षामा पर्याप्त ध्यान दिन र असहज हुने देखिन्छ । त्यसकारण एकजना ट्रेकिङ्ग गाइडबाट पद यात्रीका गतिबिधी निगरानीमा असहज हुने लगायतको अवस्था देखिएको छ । यही बिषयलाई मध्यनजर गर्दै बिभागले एक समूहमा एक ट्रेकिङ गाइड बराबर बढीमा ७ जनालाई पदयात्रा अनुमति प्रदान गर्ने निर्णय गरेको समाचारस्रोत बताउँछ । पदयात्रामा जाने विदेशी नागरिकहरुले अनुमतिको लागि आवेदन दिँदा नेपालको स्वीकृत भिसा नम्बर प्रविष्ट गर्नुपर्ने नयाँ प्रणालीगत व्यवस्था गरिएको छ ।

उनीहरुले आफ्नै मुलुकबाट पदयात्रा अनुमतिको आवेदन गर्नसक्ने रभिसा आवेदन नम्बर सब्मिसन आईडीको आधारमा समेत पदयात्राको लागि आवेदन गर्न सकिने व्यवस्था बिभागले मिलाएको छ । जसबाट मुलुकको पर्यटन प्रवर्द्धन, आन्तरिक रोजगारी, व्यक्तिगत सुरक्षा र पदयात्रा सहजीकरणमा सहयोग पुग्ने अपेक्षा विभागले राखेको छ । यसैबिच, विदेशमा बसोबास गर्ने नेपाली मूल र गैर आवासीयलाई लक्षित गर्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले सेवाका लागि छुट्टै डेस्क सञ्चालनमा ल्याइएको छ ।

अध्यागमन तथा प्रस्थान दुवै खण्डमा विशेष काउन्टर स्थापना गरी सेवा प्रवाह सुरु गरेको जानकारी सो कार्यालयले दिएको छ । कार्यालयले यसअघि गैरआवासीय नेपाली संघ (एनआरएनए) सम्बद्ध व्यक्तिहरू तथा भिसा नलाग्ने मुलुकका यात्रुहरूका लागि मात्र छुट्टै व्यवस्था गर्दै आएको थियो ।अबदेखि त्यसलाई विस्तार गर्दै नेपाली मूलका विदेशी नागरिकलाईसमेत समेटिएको कार्यालयले दावी गरेको छ । यो व्यवस्था कार्यान्वयनमा आएपछि सेवा प्राप्तिमा सहजता हुने अपेक्षा कार्यालयको रहेको छ ।

नेपाली भाषा, संस्कृतिसँगको सम्बन्ध मजबुत बनाउने तथा पर्यटन र लगानी प्रवर्द्धनलाई प्रोत्साहन गर्ने उद्देश्यले यस्तो कदम चालिएको कार्यालयस्रोतको भनाई रहेको छ । अध्यागमन विभागले गएको आइतवार गरेको निर्णयअनुसार कार्यालयले पनि सो व्यवस्था लागु गरेको बताएको छ । कार्यालयले सार्वजनिक सूचना जारी गर्दै विमानस्थलमा छुट्टै लाइनसहित सेवा उपलब्ध गराएको बताएको छ ।

# कृषिको दुर्दशा र नयाँ सरकारका चुनौती
# ८ महिनामा २८ अर्बको धानचामल आयात !

● साँघु टिप्पणीकार

**काठमाडौं । ०८२ चैत १३ गते शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भइसकेको छ । सरकार गठन हुनुअघि अर्थात् २०८२ चैत ८ गते आइतबार संघीय अर्थ मन्त्रालय मातहतको भन्सार विभागले चालु आर्थिक वर्षको ८ महिनामा मुलुकमा २८ अर्ब रुपैयाँभन्दा बढीको धानचामल आयात भएको तथ्यांक सार्वजनिक गरेको थियो । जुन तथ्यांकले झण्डै दुईतिहाइ जनमतसहित गठन भएको शाह नेतृत्वको सरकारका लागि चुनौती खडा गरिदिएको अर्थमा हेरिएको छ ।**

नेपाल कृषि प्रधान मुलुक पनि हो । त्यसैले उच्च हिमाल, पहाडदेखि तराईका समथर जिल्लामा सजिलै उत्पादन गर्न सकिने धान, मकै, भटमास, तोरीलगायतका वस्तुहरूसमेत विदेशबाट आयात गर्नु परेको छ । यसअघिका सरकार सञ्चालन गरेका राजनीतिक दल र ती दलका नेताहरू यी विषयमा जानकार रहे पनि उनीहरूको कानमा बतास लागेको देखिएन । शाह नेतृत्वको सरकार गठन हुनासाथ विभागले जारी गरेको तथ्यांकले यतिखेर मुलुकको आर्थिक अवस्थाको छलङ्गो तस्बिर देखाइदिएको छ ।



सरकारले हरेक वर्ष वार्षिक रूपमा बजेट सार्वजनिक गर्दा उत्पादन वृद्धि र आयात प्रतिस्थापनको घोषणा रटान दोहोर्‍याउने गरेको छ । तर पनि विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आव २०८२/८३ को आठ महिना अर्थात् साउनदेखि फागुन मसान्तसम्म मुलुकले २८ अर्ब २९ करोड ४० लाख रुपैयाँ बराबरको आयात गरिसकेको तथ्यांकले देखाएको छ । जसमा ५ लाख ६७ हजार ९ सय ३० टन अर्थात् ५६ करोड ७९ लाख किलो धानचामल आयात गरेको विभागको भनाइ रहेको छ । जुन आयात गत आव २०८१/८२ को तुलनामा रकम र परिमाण दुवैले कमी देखिएको छ ।

**४ लाख ३६ हजार टन धान आयात**

गत २०८१/८२ को सोही अवधिमा २९ अर्ब ७ करोड ५९ लाख बराबरको ५ लाख ९१ हजार १ सय ८२ टन धानचामल आयात भएको थियो । समग्र हेर्दा धानचामलको कुल आयात करिब ७८ करोड रुपैयाँले घटेको विभागको तथ्यांकले देखाएको छ । गत वर्ष १६ अर्ब ६३ करोड ६२ लाख बराबरको ४ लाख ३६ हजार टन धान आयात भएको बताइन्छ ।

जसमा चालु वर्षमा घटेर १४ अर्ब १४ करोड ५१ लाख बराबरको ३ लाख ८४ हजार टनमा झरेको विभागको भनाइ रहेको छ । धान आयात घटे पनि तयारी चामलको आयात भने उच्च दरले बढेको विभागको तथ्यांकले पुष्टि गरेको छ । गत वर्ष बासमती र अन्य गरी कुल १२ अर्ब ३२ करोड रुपैयाँ अर्थात् १ लाख ५४ हजार टन चामल आयात भएको थियो । तर, चालु वर्ष यो बढेर १३ अर्ब ७५ करोड ८९ लाख रुपैयाँ अर्थात् १ लाख ७५ हजार ८ सय ४० टन पुगेको बताइन्छ ।

यसमध्ये ५ अर्ब ८४ करोडको बासमती चामल र ७ अर्ब ९१ करोडको अन्य चामल रहेको छ । गत वर्ष र यस वर्षको तथ्यांकमा सबैभन्दा ठूलो अन्तर कनिकाको आयातमा देखिएको छ । गत वर्ष जम्मा ३ करोड २६ लाख रुपैयाँ बराबरको ८ सय १४ टन कनिका आयात भएको विभागले जनाएको छ । तर, चालु वर्ष यो अस्वाभाविक रूपमा बढेर २८ करोड ५९ लाख रुपैयाँ बराबरको ६ हजार ९ सय ६३ टन पुगेको छ ।

अझ स्वदेशमै धान रोप्न प्रयोग हुने बिउ आयातमा भने सामान्य वृद्धि भएको छ । गत वर्ष ७ करोड ८९ लाख रुपैयाँको १ सय ८० टन बिउ आयात भएकोमा चालु आवको यो अवधिमा भने १० करोड ३२ लाख रुपैयाँको २ सय ७७ टन आयात भइसकेको छ । अझ आर्थिक वर्ष समाप्त हुन साढे तीन महिना बाँकी रहेकाले परिणाम र अंक दुवै स्वतः बढ्ने देखिन्छ ।

**करिब ११ खर्ब वैदेशिक व्यापार घाटा**

चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब रू. ११ खर्बको व्यापार घाटा बेहोरेको छ । मुलुकले गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकअनुसार उक्त अवधिमा कुल रू. १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाखको कुल वैदेशिक व्यापारमा रू. १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख घाटा बेहोरेको बताइन्छ ।

पछिल्लो आठ महिनामा रू. १२ खर्ब ८९ अर्ब २५ करोडको आयात र रू. १ खर्ब ९१ अर्ब ११ करोड २० लाख बराबरको निर्यात भएको विभागले जनाएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२ दशमलव ५४ र निर्यात २९ दशमलव ८३ प्रतिशतले बढेको छ। गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटा मात्र रू. ५ खर्ब ६७ अर्ब ३९ करोड रहेको छ । यस अवधिसम्ममा भारतबाट रू. ७ खर्ब २४ अर्ब ६ करोडको वस्तु आयात भएको छ । १ खर्ब ५६ अर्ब ६६ करोड बराबरको निर्यात भएको विभाग स्रोत बताउँछ ।

यसैगरी, छिमेकी मुलुक चीनसँग रू. २ खर्ब ७५ अर्ब ६६ करोड ७० लाखको आयात भएको छ । ९८ करोड ३३ लाखको निर्यात हुँदा रू. २ खर्ब ६४ अर्ब ६८ करोड ३६ लाखको व्यापार घाटा व्यहोर्नुपरेको विभाग स्रोतले दाबी गरेको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो स्थानमा रहेको छ । संयुक्त अरब इमिरेट्स चौथो र इन्डोनेसिया पाँचौं स्थानमा रहेका छन् ।

**नाफा कमाएका मुलुकहरू**

नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्यान्ड, नाइजर, इराक, केन्यालगायत रहेका छन् । विभागले दिएको जानकारीअनुसार पछिल्लो आठ महिनामा रोमानियासँग ५० करोड ६५ लाख, नर्वेसँग ३ करोड ३३ लाख र आइसल्यान्डसँग रू. २ करोड ५७ लाख बराबर व्यापार नाफा रहेको छ । यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी देखिन्छ ।

पछिल्लो आठ महिनामा ८२ अर्ब १० करोड ५१ लाखको डिजेल आयात भएको छ । त्यसैगरी ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल र ३७ अर्ब ३१ करोड ३७ लाख बराबरको एलपी ग्यास आयात भएको विभागले जनाएको छ । त्यस्तै, ८१ अर्ब १८ करोड ६४ लाख बराबरको कच्चा भटमास तेल आयात भएको छ। २९ अर्ब ९३ करोड ५९ लाख बराबरको स्मार्टफोन आयात गरिएको छ ।

३६ अर्ब ८२ करोड ३० लाखको फलामजन्य वस्तु र २३ अर्ब ४९ करोड ६७ लाखको सुन आयात भएको विभागले जनाएको छ । उता, १८ अर्ब ४४ करोड ७८ लाखको चाँदी आयात भएको छ । नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ । पछिल्लो आठ महिनामा ७५ अर्ब ७७ करोड ४१ लाख बराबरको भटमास तेल निर्यात भएको छ ।

त्यस्तै, ९ अर्ब ४९ करोड ६१ लाखको अलैंची निर्यात भएको छ । ६ अर्ब ५३ करोड ९६ लाखको कार्पेट र ६ अर्ब २० करोड २३ लाखको सूर्यमुखी तेल निर्यात भएको बताइन्छ । ४ अर्ब ३२ करोडको पाम तेल निर्यात भएको विभागको भनाइ रहेको छ ।

# नयाँ सरकार र निजामती प्रशासन
# डिजिटल र यी सुधारमा जाला त ध्यान ?

● साँघु संवाददाता

**काठमाडौं । ०७४ सालपछि गठन भएका सरकारहरुले समयमा निजामती सेवा ऐन जारी गर्न नसकेकै कारण मुलुकको स्थायी सरकार मानिने निजामती प्रशासन थप पंगु हुँदै गएको छ । अझ कानूनको अभावमा कर्मचारीहरुको सरुवा व्यवस्थित हुन नसक्दा दिनहुँ समस्याहरु थपिँदै गएका छन् । त्यसलाई न्यूनीकरण र हल गर्न यसअघिका सरकारले खासै ध्यान नदिएको सर्वबिदितै छ । मुलुकमा राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा नयाँ सरकार गठन भएसँगै यी समस्याहरुको हल कसरी हुनेछ भन्ने जिज्ञासा सार्वजनिक प्रशासन क्षेत्रका चासोको साथ हेरिएको छ ।**

मुलुकमा सुशासन, सरकारले उपलव्ध गराउने दैनिक डेलीभरी सेवा, र बदनाम कर्मचारीलाई तह लगाउन आवश्यक ऐन कानूनको अलवा डिजिटल शासनको रोडम्याप अंगिकार गर्नुपर्ने सुझाव प्रशासनविद्हरुको रहेको छ । जसका लागि नव गठित बालेन्द्र शाह नेतृत्वको सरकारले तल उल्लेखि यी सुझावहरु तत्काल अंगीकार गर्नुपर्ने उनीहरुको भनाइ रहेको छ। अझ ट्रेड यूनियनको नाममा राजनीतिक दलपिच्छेका कर्मचारीका संघ संगठनहरु सुशासनमा बाधक बनेको आरोप लाग्ने गरेको छ ।

संगठनमा आवद्द कर्मचारीहरुले सरकारमाथि आफू अनुकूलको सरुवा, बढुवामासमेत दवाव दिनेको गरेको कारण थप बदनाम भइरहेको छ। यस्ता गुनासाहरुको व्यस्थापन गर्न नव गठित सरकारले सर्वप्रथम सार्वजनिक सेवाको रूपान्तरण गर्न आवश्यक कदम चाल्नुपर्ने देखिन्छ । सरकारको पहिलो प्राथमिकता भनेकै नागरिक केन्द्रित सेवा डिजाइन गर्नुपर्ने आवश्यकता सर्वत्र महसुस भइरहेको छ। साथै, सार्वजनिक सेवा प्रवाहको विजनेस प्रोसेस तर्जुमाका लागि राजस्व भुक्तानी कार्य पूर्णरूपमा डिजिटलाइज्ड गर्नुपर्ने सुझावहरु प्रशासनबिदहरुले दिएका छन् ।

**यी सुझावहरुको होला त कार्यान्वयन ?**

मुलुक संघीयतामा गएपनि कार्यान्वयनका लागि आवश्यक ऐन कानूनहरु संसदबाट पारित पारित नहुँदा निजामती प्रशासनमा बेथितिहरु मौलाएका हुन । अझ कतिपय प्रदेश सरकारले संघले समयमा एने जारी नगरेको भन्दै आफू अनुकूल कानून बनाएर लागु गरेका छन् । जसका कारण कतिपय कर्मचारीहरुले आफू नेपाल सरकारको कर्मचारी होकी प्रदेश सरकारको भन्ने अन्यौलतासमेत देखिएको छ ।

त्यसैले सार्वजनिक सेवालाई एक रुपता कायम गर्न पनि नव गठित सरकारले तुरुन्त बिघटित प्रतिनिधि सभामा बिचाराधीन अवस्थामा रहेको ऐनलाई आवश्यक परिमार्जन गरेर तुरुन्त अगाडि बढाउन ढिलाई गर्नु हुँदैन । त्यसैगरी निजामति प्रशासनलाई जन उत्तरदायी बनाउन डेस्कटप नागरिक पोर्टल निर्माण र सार्वजनिक सेवाको वर्कफ्लो चार्ट निर्माण गर्नेपर्ने सुझाव प्रशासनविद्हरुले दिँदै आएका छन् ।

त्यसैगरी नीति तथा कानून निर्माण गर्दा सूचना प्रविधि तथा विद्युतीय शासन नीति तर्जुमा, कार्य विस्तृतीकरण प्रतिवेदन संशोधन, सूचना प्रविधि तथा विद्युतीय शासन ऐन तर्जुमा र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तत्काल ल्याउनसमेत माग भइरहेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावली संशोधन गरी सूचना प्रविधि खरिद सम्बन्धमा छुट्टै व्यवस्था गर्नसमेत माग भइरहेको छ । सरकारले तत्काल क्लाउड फस्ट पोलिसी अंगीकार र डाटा संरक्षण नीति र ऐन तर्जुमा गर्नसमेत सम्वन्धित निकायहरुले ध्यानाकर्षण गरेका छन् ।

**संरचना निर्माण र पूर्वाधार विकास**

नव गठित सरकारले सार्वजनिक प्रशास सेवामा सुधारका गर्न सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय स्थापना गर्न तत्कालै कदम चाल्नुपर्नेछ । सूचना प्रविधि विद्युतीय शासन सम्बन्धी नियामक निकाय स्थापना, प्रमाणीकरण नियन्त्रक तथा राष्ट्रिय साइबर सुरक्षा केन्द्रको सुदृढीकरण गर्नसमेत सरकारमाथि प्रशासनविद्हरुले सुझाव दिएका छन् ।

यसैगरी, नागरिक एपसहितको डीपीआई अवलम्बन, नागरिक सेवा केन्द्रको पाइलटिङ, सूचनासम्बन्धी प्रणाली विकास, मर्मत सम्भार, परिमार्जन, स्तरोन्नतिलगायतका सफ्टवेर विकास र जीवन चक्रसम्बन्धी मापदण्ड तयार गरी लागू गर्नुपर्ने मागहरु अगाडि सारिएको छ । विद्युतीय शासन प्रणाली विकास अन्तर्गत नेसनल इन्टरप्राइजेन आर्किटेक्चर फ्रेमवर्क तयार गरेर नेपाल सरकारका केन्द्रीय निकायमा जीआईओएमएस सञ्चालन अनिवार्य गर्न पनि माग भइरहेको छ ।

सार्वजनक सेवा कार्यमा एजेन्सिफिकेसन, सरकारले निर्माण गर्ने सूचना प्रणालीमा अन्तर आबद्धता, डाटा गभर्नेन्स तथा डाटा सुरक्षामासमेत सरकारले अवका दिनमा जोड दिनुपर्नेछ । मिनिमग डाटा, पोलिसी फ्रेमवर्क तयारी गर्ने, गभर्नेन्स एआई मोडल, डाटा प्रोटेक्सन स्ट्यान्डर्ड निर्धारण र डाटा प्रोटेक्सन ईम्प्याक्ट एसिसमेन्ट गर्नपनि उनीहरुले नव गठित सरकारलाई सुझाव दिएका छन् । जसका लागि जेन्टल मेटा डाटा रिस्पेटोरी तयार गर्न भनेका छन् ।

सरकारमाथि प्रशासनबिदहरुले राष्ट्रिय साइबर सुरक्षा केन्द्रको सुदृढीकरण, साइबर सुरक्षा सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नसमेत सुझाव दिएका छन् । त्यसैगरी, सार्वजनिक सेवाको रूपान्तरणका लागि नागरिक केन्द्रित सेवा डिजाइन, सार्वजनिक सेवा प्रवाहको बिजनेस प्रोसेस तर्जुमाका लागि उननीहरुले जोड दिएका छन् । जसका लागि मानव संशाधन व्यवस्थापनका लागि निजामती सेवाभित्र छुट्टै सूचना प्रविधि सेवा गठन, सूचना प्रविधि सेवा, सञ्चालन तथा कर्मचारी व्यवस्थापनको जिम्मेवारी सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालयलाई ध्यान दिनसमेत उनीहरुले सुझाव दिएको बताइन्छ ।

**सरकारको तयारी के छ ?**

२०८२ फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा ठूलो सफलता पाएपछि राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार गठनसँगै राज्यका संयन्त्रहरूमा वर्षौंदेखि जकडिएका राजनीतिक नियुक्तिको सञ्जाल तोड्ने अन्तिम कसरतमा जुटेको छ । वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा सरकार गठनपछि अघिल्ला सरकारहरूले नियुक्त गरेका सबै पदाधिकारीहरूलाई मार्ग प्रशस्त गर्न स्पष्ट सन्देश दिइसकेको छ ।

रास्वपा सभापति रवि लामिछानेले निर्वाचित १ सय ८२ सांसदहरूलाई प्रशिक्षण दिनेक्रममा गएको केही समय अगाडि यसपटक मुलुकले काँचुली फेरेरै छाड्ने उदघोषसमेत गरेका थिए । उनले नागरिकसँग गरिएको करार पूरा गर्न पुराना सत्ता र शक्तिका अवशेषहरूलाई संरचनागत रूपमै बदल्नुपर्ने तर्क राखेका थिए । सभापति लामिछानेले आफ्ना सांसदहरूलाई जनताको शासक होइन, सेवक बन्न निर्देशन दिँदै मुलुक बनाउने यो अन्तिम अवसर भएको दाबीसमेत गरेका थिए ।

उनको यो अभिव्यक्तिले वर्षौंदेखि निजामति प्रशासनमा राजनीतिक पहुँच र ट्रेड यूनियनको आडमा एकछत्र राज चलाउँदै आएका कतिपय कर्मचारीहरुको मनमा चिसो परिसकेको छ । साथै, दलगत ट्रेड यूनियन खारेज गर्ने सो दलको भनाईप्रति कतिपय संगठनका कर्मचारीहरुले आपत्ति जनाउन सुरु गरिसकेका छन । अझ नव गठित सरकारको पहिलो नजर नै संवैधानिक आयोगका नियुक्ति र यसअघिका सरकार हरुले राजनीतिक भागबण्डाका आधारमा गरेको प्रति गइसकेको छ ।

तथ्याङ्क अनुसार हाल राज्यका विभिन्न निकायमा यस्ता नियुक्तिहरु करिब ११ सय ७० भन्दा बढी रहेको बताइएको छ । उनीहरुमध्ये कतिपय योग्यता, क्षमताको आधारमा नियुक्ति पडकाएका भएपनि अधिकांश भने राजनीतिक पहुँचका आधारमा गरिएका व्यक्तिहरू रहेको आरोप लाग्ने गरेको छ । त्यसैले नवगठित सरकारले विशेषगरी उनीहरुप्रति नै लक्षित गरेर नै अग्रिम रुपमा राजीनामा दिनसमेत आग्रह गर्दै आएको छ ।

रास्वपाले सरकार गठन पूर्व नै विभिन्न ३० देशका राजदूत र राष्ट्र बैंकका गभर्नरलाईसमेत राजनीमाको लागि सतर्क गराइसकेको बुझिएको छ । यसैगरी, महान्यायाधिवक्ता र राष्ट्रिय योजना आयोगका पदाधिकारी, विश्वविद्यालय, विकास कोष र चिकित्सा विज्ञान क्षेत्रका प्रमुख, अर्थ, उद्योग र वाणिज्य मन्त्रालय मातहतका विभिन्न संस्थान, प्राधिकरण र निगमहरूका पदाधिकारीहरुलाई समेत यस्तै आग्रह गरिसकेको बताइन्छ ।

# सेना-राजनीतिक स्वार्थभन्दा परको शक्ति !



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**सेनाको विश्वसनीयता कायम राख्न राजनीतिक निष्पक्षता अत्यन्त महत्वपूर्ण हुन्छ । सैनिक संस्था कुनै पनि राजनीतिक विचारधारा, दलगत स्वार्थ वा अस्थायी सत्ता समीकरणभन्दा माथि उठेर राष्ट्रको सुरक्षामा केन्द्रित रहनुपर्छ। सेना यदि राजनीतिक प्रभाव, गुट वा बाह्य स्वार्थको खेलमा फस्छ भने त्यसको संस्थागत विश्वसनीयता, आन्तरिक अनुशासन र सार्वजनिक सम्मान दुवै कमजोर हुन्छ ।**

Israel Defense Forces (IDF) मा सैनिक सेवा राष्ट्रिय कर्तव्यका रूपमा हेरिन्छ । त्यहाँ सैनिकहरूलाई राजनीतिक विभाजनभन्दा माथि उठेर राष्ट्रिय सुरक्षा र संस्थागत कर्तव्यलाई प्राथमिकता दिन सिकाइन्छ । त्यस्तै अमेरिका, ब्रिटेन र सिङ्गापुर जस्ता देशहरूमा पनि सैनिकहरूलाई सक्रिय राजनीतिक गतिविधिबाट टाढा राख्ने कडा नियम र संस्थागत मापदण्डहरू छन् ।

नेपालमा पनि नेपाली सेनाको ऐतिहासिक प्रतिष्ठा यसको राजनीतिक तटस्थता र अनुशासनका कारण स्थापित भएको हो । यही कारणले भर्ती प्रणाली, प्रशिक्षण र नेतृत्व विकासको प्रक्रियामा राजनीतिक निष्पक्षता केवल एउटा आदर्श वाक्य नभई अनिवार्य संस्थागत सिद्धान्तका रूपमा सुदृढ गरिनुपर्छ । भर्ती गर्दा पनि चरित्र मूल्याङ्कन, सार्वजनिक आचरण, अनुशासन र राष्ट्रिय निष्ठालाई महत्त्व दिनु यही कारणले आवश्यक हुन्छ ।

**आधुनिक सेनालाई शिक्षा पनि**

यद्यपि युवामुखी भर्ती प्रणाली प्रभावकारी मानिन्छ, आधुनिक सेनालाई केवल शारीरिक रूपमा सक्षम र अनुशासित जनशक्ति मात्र पर्याप्त हुँदैन । आजको सुरक्षाको स्वरूप व्यापक र जटिल बन्दै गएको छ । साइबर सुरक्षा, सूचना प्रविधि, अन्तर्राष्ट्रिय सहकार्य, गुप्तचर विश्लेषण, रणनीतिक अध्ययन, बहुराष्ट्रिय शान्ति मिसन, संकट व्यवस्थापन र उदीयमान प्रविधिको प्रयोगजस्ता क्षेत्रमा उच्च शिक्षित नेतृत्वको भूमिका अत्यन्त महत्वपूर्ण बन्दै गएको छ ।

यस कारण धेरै देशहरूले युवामुखी भर्ती प्रणालीलाई कायम राख्दै उच्च शिक्षा र प्राविधिक दक्षतालाई पनि समान रूपमा प्राथमिकता दिएका छन् । उदाहरणका रूपमा अमेरिकाको ध्मकत एयस्लत मा सैनिक तालिमसँगै विश्वविद्यालयस्तरको शिक्षा प्रदान गरिन्छ । जर्मनीको द्यगलमभकधभजच प्रणालीमा पनि सैनिक सेवा र उच्च अध्ययनबीच सन्तुलन कायम गरिएको पाइन्छ। यसले सैनिक अधिकृतहरूलाई बौद्धिक, प्राविधिक र रणनीतिक रूपमा सक्षम बनाउँछ ।

नेपालले पनि यही सन्तुलित दृष्टिकोण अवलम्बन गर्नुपर्छ । केवल उमेर घटाएर वा बढाएर मात्र सेना आधुनिक हुँदैन । सेनाको गुणस्तर बढाउने उमेर समूहका युवालाई सैनिक संस्कारमा ढाल्न, नेतृत्वको दीर्घकालीन विकास गर्न र संस्थागत निष्ठा निर्माण गर्न सहज हुन्छ ।

दोस्रो, स्नातक उम्मेदवारका लागि सीमित रूपमा १८-२३ वर्षसम्म अवसर दिन सकिन्छ । आधुनिक सैनिक आवश्यकताका कारण शिक्षित र प्राविधिक दक्ष उम्मेदवारहरूको सहभागिता पनि महत्वपूर्ण हुन्छ । तर यसलाई सेनाको मूल चरित्र कमजोर पार्ने ढंगले होइन, संस्थागत आवश्यकताअनुसार सन्तुलित ढंगले व्यवस्थापन गर्नुपर्छ ।

**भर्तीमा चरित्र किन महत्त्वपूर्ण ?**

तेस्रो, सेना भर्ती प्रक्रियामा चरित्र मूल्याङ्कन, अनुशासन र राजनीतिक निष्पक्षतालाई प्राथमिकता दिनुपर्छ। केवल शैक्षिक प्रमाणपत्र वा शारीरिक मापदण्ड पर्याप्त हुँदैन, सैनिक सेवा राष्ट्रिय जिम्मेवारी भएकाले व्यक्तिको नैतिक धरातल, सार्वजनिक आचरण र संस्थागत निष्ठा पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

**आजीवन पेशाको औचित्य**

चौथो, प्रशिक्षण प्रणालीमा नेतृत्व विकास, नैतिक मूल्य, संकट व्यवस्थापन, राष्ट्रिय निष्ठा र सामरिक सोचलाई अझ सुदृढ बनाइनुपर्छ। सैनिक अधिकृत केवल कमान्डर होइन, संकटका बेला राष्ट्रका लागि निर्णय गर्ने व्यक्ति पनि हो । त्यसैले उसमा शारीरिक क्षमता र प्राविधिक ज्ञानसँगै नैतिक दृढता र रणनीतिक परिपक्वता पनि आवश्यक हुन्छ ।

पाँचौं, आजीवन सैनिक पेशाको अवधारणालाई संस्थागत रूपमा बलियो बनाउनु आवश्यक छ । यदि अधिकृत सेवा केवल केही वर्षको रोजगारीका रूपमा बुझियो भने संस्थागत संस्कार कमजोर हुन सक्छ । तर यदि यसलाई सम्मान, जिम्मेवारी, अनुशासन र आजीवन पेशागत यात्राका रूपमा विकास गरियो भने नेतृत्वको निरन्तरता र सैनिक संस्थाको आन्तरिक स्थायित्व दुवै बलियो हुन्छ ।

**राष्ट्रिय निष्ठा नै मेरुदण्ड**

अन्तर्राष्ट्रिय अनुभवले देखाएको मुख्य शिक्षा स्पष्ट छ-सैनिक संस्थाको दीर्घकालीन बलियोपन प्रारम्भिक भर्ती उमेर, संस्थागत संस्कार, चरित्र निर्माण, नेतृत्व विकास र राजनीतिक निष्पक्षताको संयोजनमा निर्भर हुन्छ । युवा उमेरमा सुरु भएको सैनिक जीवनले व्यक्तिलाई संस्थासँग भावनात्मक, नैतिक र पेशागत रूपमा गहिरो सम्बन्धमा बाँध्छ । यही सम्बन्ध नै अनुशासनको आधार, नेतृत्वको स्रोत र राष्ट्रिय निष्ठाको मेरुदण्ड बन्छ ।

नेपालले आफ्नो सैनिक परम्परा, सामाजिक वास्तविकता र आधुनिक सुरक्षागत आवश्यकताबीच सन्तुलन कायम गर्न सक्यो भने नेपाली सेना भविष्यका चुनौतीहरूको सामना अझ आत्मविश्वासका साथ गर्न सक्षम हुनेछ । त्यसका लागि नीतिगत बहस भावनात्मक वा आंशिक नबनी दीर्घकालीन संस्थागत हितमा आधारित हुनुपर्छ ।

**सैनिक संस्थाको दीर्घकालीन बलियोपन प्रारम्भिक भर्ती उमेर, संस्थागत संस्कार, चरित्र निर्माण, नेतृत्व विकास र राजनीतिक निष्पक्षताको संयोजनमा निर्भर हुन्छ ।**

हो भने शिक्षित, अनुशासित, राष्ट्रनिष्ठ र राजनीतिक रूपमा निष्पक्ष नेतृत्व विकास गर्ने समग्र प्रणाली चाहिन्छ । त्यसका लागि प्रारम्भिक भर्ती नीति, शिक्षण संरचना, तालिम पद्धति, करियर विकास र मूल्य-आधारित संस्थागत संस्कार एकअर्कासँग जोडिनुपर्छ ।

**परम्परा र आधुनिकताको सन्तुलन**

नेपालको आर्थिक, सामाजिक, ऐतिहासिक र राजनीतिक सन्दर्भलाई ध्यानमा राख्दा विकसित देशहरूको मोडल यथावत् नक्कल गर्नु उपयुक्त हुँदैन । तर उनीहरूको अनुभवबाट सिकेर आफ्नै राष्ट्रिय आवश्यकता अनुकूल सन्तुलित सुधार नीति बनाउन सकिन्छ। परम्परागत सैनिक मूल्य र आधुनिक प्राविधिक आवश्यकता बीचको सन्तुलन नै दीर्घकालीन समाधानको आधार हो ।

**नेपालका लागि उपयुक्त बाटो**

पहिलो, युवामुखी भर्ती प्रणालीलाई आधारभूत नीति बनाइनुपर्छ । अस्नातक उम्मेदवारका लागि १८-२१ वर्ष उमेर समूह उपयुक्त मान्न सकिन्छ । यस

**निष्कर्ष : सही दिशा यही हो**

इतिहास, अन्तर्राष्ट्रिय अनुभव र नेपाली सामाजिक परम्पराले देखाएको स्पष्ट तथ्य के हो भने सेनाको दीर्घकालीन प्रभावकारिता अनुशासन, नेतृत्व विकास, संस्थागत संस्कार र राष्ट्रप्रतिको निष्ठामा आधारित हुन्छ । युवा उमेरमा सुरु भएको सैनिक जीवनले अधिकृतहरूलाई संस्थागत संस्कारमा गहिरो रूपमा जोड्छ र दीर्घकालीन नेतृत्व विकास सम्भव बनाउँछ । यही कारणले विश्वका धेरै सफल सेनाहरूले अफिसर क्याडेट भर्तीमा युवामुखी नीति अपनाएका छन् ।

नेपालका लागि पनि यही मार्ग सबैभन्दा उपयुक्त देखिन्छ । नेपाली परम्परालाई सम्मान गर्दै युवामुखी भर्ती प्रणाली, सन्तुलित शैक्षिक अवसर, उच्चस्तरीय प्रशिक्षण, कडा राजनीतिक निष्पक्षता र आजीवन सैनिक पेशाको अवधारणालाई सुदृढ बनाउने नीति अपनाइयो भने नेपाली सेना भविष्यमा पनि अनुशासित, पेशागत, सक्षम र राष्ट्रिय विश्वासको केन्द्रका रूपमा अझ सुदृढ बन्नेछ ।

# नबिर्सनुहोला काजी लखन थापा मगरलाई !

## मनकामना देवी स्थापना गर्ने ऐतिहासिक पुरुष किन ओझेलमा ?



**डा. प्रेम सिंह बस्न्यात**
सहायक रथी(अप्रा.)

**नेपालको इतिहासमा केही यस्ता पात्र छन्, जसले राज्य निर्माण, सैन्य नेतृत्व, सांस्कृतिक परम्परा र धार्मिक आस्थाको जग बसाल्न असाधारण योगदान दिएका छन्, तर समयसँगै उनीहरूलाई स्मृतिको मूलधारबाट पन्छाइयो । काजी तथा सेनापति लखन थापा मगर यस्तै एक ऐतिहासिक व्यक्तित्व हुन्, जसलाई आज पनि पर्याप्त रूपमा सम्झिने, चिनाउने र सम्मान गर्ने काम हुन सकेको देखिँदैन । अझ विडम्बना त के छ भने, मनकामना देवी स्थापना गर्ने व्यक्तित्व भनेर सम्झिनुपर्ने यही नाम इतिहासको छायामा परेको छ ।**

गोर्खा राज्यका संस्थापक राजा द्रव्य शाहले राज्य सञ्चालनलाई व्यवस्थित बनाउन चार काजी अर्थात् मन्त्री राख्ने थिति बसालेका थिए । ती काजीहरूले परराष्ट्र, भूमि, न्याय र सेना हेर्ने जिम्मेवारी पाउँथे । यसले गोर्खा राज्यमा प्रारम्भिक संस्थागत शासन संरचनाको संकेत गर्छ। यही परम्पराको निरन्तरतामा पछि गोर्खा दरबारमा प्रभावशाली काजीहरूको उदय भयो ।

द्रव्य शाहका पनाति राजा राम शाह वि.सं. १६६२ देखि १६८९ सम्म करिब २७ वर्ष गोर्खाका राजा भए । न्यायप्रिय, सुधारक, शूरवीर र विस्तारवादी शासकका रूपमा परिचित राम शाहले गोर्खा राज्यलाई सुदृढ बनाउने काम गरेका थिए । उनले पाटनका कालीगढलाई गोर्खा ल्याएर दरबार निर्माण गराए । राज्य सुधार, प्रशासनिक मजबुती र सैन्य विस्तारमा उनको भूमिका निकै ठूलो मानिन्छ । उनी युद्धमा आफैं अग्रपंक्तिमा खटिने स्वभावका राजा थिए ।

राजा द्रव्य शाहको पालादेखिका पुराना काजीमध्ये गणेश पाँडे, प्युहर राना मगर, भवानी पाँडे लगायतका योद्धाहरूले बारपाकको लडाइँमा वीरगति प्राप्त गरेपछि गोर्खा दरबारलाई नयाँ सैन्य नेतृत्वको आवश्यकता परेको थियो । त्यसपछि राजा राम शाहले लखन थापा मगरलाई सेनापति काजीको जिम्मेवारी दिए । यहीँबाट काजी लखन थापा मगरको ऐतिहासिक भूमिका अझ स्पष्ट रूपमा अगाडि आउँछ ।

वि.सं. १६४० तिर, हाल मनकामना मन्दिर रहेको भूभागमा जन्मिएका लखन थापा मगर राजा राम शाहको शासनकालमा अत्यन्त प्रभावशाली बने । उनी सेना विभाग हेर्थे, सेनापतिको भूमिकामा थिए, तर पद भने काजीको थियो । उनले वि.सं. १६८९ सम्म गोर्खा राज्य र दरबारको सेवा गरेको उल्लेख पाइन्छ। यद्यपि, उनको मृत्यु कहिले भयो भन्नेबारे स्पष्ट लिखित तथ्य हालसम्म भेटिएको छैन ।

काजी लखन थापा मगरको नेतृत्वमा गोर्खाली सेनाले अठारसय खोला, सल्यानकोट, मैधी, चरङ्गे, धादिङ, फिर्केप, रुद्रभोट लगायतका भूभागहरू विजय गरेको बताइन्छ । उनी केवल दरबारका पदाधिकारी मात्र थिएनन्, युद्धमैदानका अगुवा पनि थिए । उनका नेतृत्वमा गोर्खाले तिब्बतको कुकुरघाट समेत विजय गरेको उल्लेख पाइन्छ, यद्यपि त्यो विजय लामो समय टिक्न सकेन ।

लमजुङसँगको युद्धमा पनि उनले नेतृत्वदायी भूमिका खेलेका थिए । तनहुँतर्फबाट गोर्खामाथि आक्रमण हुँदा गोर्खाली सेनाले दिएको प्रतिउत्तरमा तनहुँका राजा तुला सेन भागेर रिसिङ पुगेका थिए भन्ने प्रसंग पनि उनको सैन्य कौशलसँग जोडिएको ऐतिहासिक स्मृति हो ।

तर, काजी लखन थापा मगरको ऐतिहासिक महत्व केवल युद्ध, जित र भू-विस्तारमा सीमित छैन । उनको नामसँग जोडिएको सबैभन्दा गहिरो र जीवित स्मृति हो-मनकामना देवीको स्थापना ।

राजा राम शाहको वि.सं. १६८९ मा देहावसान भएपछि लखन थापा मगरले काजी र सेनापतिको जिम्मेवारीबाट अलग भई गोर्खामा मनकामना देवीको स्थापना गरेको जनविश्वास छ । भनाइ अनुसार, राजा राम शाहकी रानीको अन्तिम समयमा उनले लखन थापा मगरलाई यस्तो वचन दिएकी थिइन्-

"तिमी नरुनु, पीर-चिन्ता नलिनु, तिम्रो घरछेउमा म मनकामना देवीको शिला बनेर जुनी फेर्नेछु, तिमीले मन्दिर बनाएर पूजा गर्नु ।"

यही आदेश वा आध्यात्मिक संकेतअनुसार लखन थापा मगरले मनकामना मन्दिर निर्माण गरेको मान्यता रहिआएको छ ।

यो प्रसंग केवल धार्मिक कथा मात्रै होइन, यो राजदरबार, निष्ठा, आस्था र सांस्कृतिक परम्पराको संगम हो । अझ महत्त्वपूर्ण कुरा, मनकामना मन्दिरमा आजसम्म पनि लखन थापा मगरका सन्तानहरू पुजारी रहने परम्परा कायम छ। यसले उक्त जनविश्वास र ऐतिहासिक परम्पराको निरन्तरता प्रमाणित गर्छ । सहायक रथी जर्नेल लोकबहादुर थापा



*(तस्बिर काल्पनिक हो ।)*

मगर यिनै लखन थापाका सन्तान भएको उल्लेख पनि पाइन्छ ।

यहाँ अर्को एउटा महत्त्वपूर्ण भ्रम हटाउन आवश्यक छ । नेपाल सरकारबाट 'प्रथम शहीद' का रूपमा मान्यता पाएका लखन थापा मगर र यहाँ चर्चा गरिएका काजी तथा सेनापति लखन थापा मगर एउटै व्यक्ति होइनन् । जङ्गबहादुर कुँवर राणाको शासनकालमा मृत्युदण्ड पाएका लखन थापा मगरको जन्म वि.सं. १९१५-१६ तिर भएको अनुमान गरिन्छ । अर्थात्, यी दुई व्यक्तित्वबीच करिब २४० वर्षको फरक छ । नाम एउटै भएकाले इतिहासमा भ्रम फैलिएको हुन सक्छ, तर तिनको योगदान, समय र सन्दर्भ पूर्णतः फरक छन् ।

**यहीँबाट प्रश्न उठ्छ-किन काजी लखन थापा मगर ओझेलमा परे ?**

जसले गोर्खा राज्य विस्तारमा भूमिका खेले, जसले राज्यको सैन्य नेतृत्व सम्हाले, जसको नाम मनकामना देवी स्थापना जस्तो प्रख्यात धार्मिक-सांस्कृतिक परम्पर ासँग जोडिन्छ, त्यस्ता व्यक्तित्वको स्मरण किन सीमित दायराभित्र मात्र रह्यो ? किन उनको इतिहासलाई संस्थागत रूपमा लेखिएन ? किन मनकामना जस्तो राष्ट्रिय आस्थाकी देवीसँग जोडिएका मूल पुरुषबारे सार्वजनिक रूपमा पर्याप्त चर्चा भएन ?

यो केवल एउटा व्यक्तिको विस्मरण मात्रै होइन, यो इतिहास चयन गर्ने हाम्रो दृष्टिकोणको कमजोरी पनि हो । हामीले केही पात्रलाई महिमामण्डित गर्‍यौं, केहीलाई बिर्सियौं, र केहीलाई जानाजान छायामा राख्यौं । काजी लखन थापा मगरको प्रसंगले इतिहास लेखनमा रहेको यही असन्तुलन औंल्याउँछ ।

अब समय आएको छ, काजी लखन थापा मगरलाई इतिहासको छायाबाट उज्यालोमा ल्याउने। मनकामना मन्दिर परिसरमा उनको पूर्णकदको सालिक निर्माण गरिनु पर्दछ । त्यहाँ उनको जीवन, योगदान र ऐतिहासिक भूमिका स्पष्ट रूपमा उल्लेख गरिएको शिलालेख राखिनुपर्छ । स्थानीय, प्रदेश र संघीय तहले उनको योगदानमाथि अनुसन्धान गराउनुपर्छ । पाठ्यक्रम, स्मारिका, स्थानीय इतिहास र सार्वजनिक विमर्शमा उनको स्थान सुनिश्चित हुनुपर्छ ।

इतिहासप्रति न्याय गर्नु भनेको केवल विगत सम्झिनु होइन, जसलाई बिर्साइएको छ, उसलाई पुनःस्थापित गर्नु पनि समाज र सरकारको कर्तव्य हो । काजी लखन थापा मगर त्यस्ता पात्र हुन्, जसलाई सम्झिनु केवल मगर समुदायको दायित्व मात्रै होइन, यो त गोर्खा इतिहास, मनकामना आस्था र नेपालको सामूहिक स्मृतिप्रतिको दायित्व पनि हो ।

काजी लखन थापा मगरलाई अब पनि नसम्झिने हो भने, हामी केवल एउटा वीर सेनापतिलाई मात्र होइन, मनकामना परम्पराको मूल इतिहासलाई पनि अधुरै छोडिरहेका हुनेछौं ।

## स्वास्थ्य/घरेलु उपचार

### *केटामिनबाट डिप्रेसनमा 'छिटो राहत' मस्तिष्क अनुसन्धानले नयाँ आशा*



*काठमाडौं । गम्भीर अवसाद (डिप्रेसन) बाट पीडित बिरामीका लागि आशाको नयाँ ढोका खुल्ने संकेत देखिएको छ । हालै गरिएको एक वैज्ञानिक अध्ययनले केटामिन नामक औषधिले अत्यन्त छिटो प्रभाव देखाउने तरिका पहिलो पटक स्पष्ट रूपमा देखाएको छ ।*

*अनुसन्धानकर्ताहरूका अनुसार केटामिनले मस्तिष्कको एउटा महत्त्वपूर्ण रिसेप्टरमा तीव्र प्रभाव पार्छ, जसले भावनात्मक नियन्त्रणसँग सम्बन्धित न्यूरल सर्किटलाई तुरुन्त सक्रिय बनाउँछ । यही कारणले सामान्य एन्टिडिप्रेसन्टले हप्ता लाग्ने काम केटामिनले केही घण्टा वा दिनमै गर्न सक्छ ।*

*यो अनुसन्धान विशेषगरी 'ट्रिटमेन्ट-रेसिस्टेन्ट डिप्रेसन' अर्थात् अन्य औषधिले काम नगरेका बिरामीमा केन्द्रित थियो। वैज्ञानिकहरूले ब्रेन-इमेजिङ प्रविधि प्रयोग गरेर औषधि दिइएपछि मस्तिष्कमा हुने परिवर्तन प्रत्यक्ष अवलोकन गरेका थिए ।*

*मानसिक स्वास्थ्य विशेषज्ञहरूका अनुसार यो खोज केवल औषधि मात्र होइन, डिप्रेसन बुझ्ने दृष्टिकोणमै परिवर्तन ल्याउने खालको हो । "अब हामी लक्षण मात्र होइन, मस्तिष्कको वास्तविक गतिविधि हेरेर उपचार गर्न सक्छौं," एक अनुसन्धानकर्ताले बताएका छन् ।*

*यद्यपि, केटामिनको प्रयोगमा सावधानी आवश्यक रहेको चिकित्सकहरू बताउँछन् । यसमा लत लाग्ने सम्भावना हुने भएकाले यसलाई केवल चिकित्सकीय निगरानीमा प्रयोग गर्नुपर्ने सुझाव दिइएको छ ।*

*नेपालजस्ता देशमा मानसिक स्वास्थ्य सेवामा अझै पनि पहुँच सीमित छ । यस्तो अवस्थामा छिटो प्रभाव देखाउने उपचार विधि उपलब्ध भएमा गम्भीर बिरामीका लागि ठूलो राहत हुन सक्छ ।*

*यो अनुसन्धानले देखाएको मुख्य सन्देश के हो भने-मानसिक रोग केवल मनको समस्या होइन, मस्तिष्कको जैविक अवस्था पनि हो । त्यसैले भविष्यमा मानसिक स्वास्थ्य उपचार अझ वैज्ञानिक, छिटो र प्रभावकारी हुने अपेक्षा गरिएको छ ।*

### *जीन थेरापी र व्यक्तिगत उपचार रोगको 'जडमै' प्रहार गर्ने युग सुरु*



*काठमाडौं । स्वास्थ्य विज्ञानमा अहिले सबैभन्दा ठूलो परिवर्तन भनेको रोगको लक्षण होइन, जडमै उपचार गर्ने प्रविधि हो । २०२६ मा जीन थेरापी र व्यक्तिगत (पर्सनलाइज्ड) उपचारले चिकित्सा क्षेत्रमा नयाँ युग सुरु गरेको छ ।*


*वैज्ञानिकहरू अहिले* CRISPR *जस्ता जीन-सम्पादन प्रविधि प्रयोग गरेर जन्मजात रोग, प्रतिरक्षा समस्या र दुर्लभ रोगहरू सिधै जीन स्तरमै सुधार गर्ने प्रयासमा छन् । केही केसहरूमा त बालबालिकालाई एकपटक उपचार गरेर नै जीवनभरको रोग नियन्त्रणमा आएको उदाहरणहरू देखिन थालेका छन् ।*

*यसैबीच, अमेरिकी नियामक निकायले पनि व्यक्तिगत रूपमा बनाइने 'बेस्पोक' उपचारलाई छिटो स्वीकृति दिने नयाँ प्रणाली ल्याउने तयारी गरेको छ । यसले दुर्लभ रोगका बिरामीलाई छिटो उपचार उपलब्ध गराउने अपेक्षा गरिएको छ । विशेषज्ञहरूका अनुसार अब चिकित्सा "वन-साइज-फिट्स-अल" बाट हटेर प्रत्येक व्यक्तिको जीन, जीवनशैली र वातावरण अनुसार उपचार दिने दिशामा गइरहेको छ ।*

*तर, चुनौतीहरू पनि कम छैनन् । यस्ता उपचार अत्यन्त महँगा छन् र सबै बिरामीले पहुँच पाउने अवस्था छैन । साथै, नैतिक प्रश्नहरू पनि उठिरहेका छन्-के हामी मानव जीन परिवर्तन गर्न कति हदसम्म जान सक्छौं ? नेपालजस्ता विकासशील देशका लागि यस्तो प्रविधि तत्काल उपलब्ध नहुन सक्छ ।*

*तर, भविष्यमा यी उपचार सस्तो र पहुँचयोग्य बनेमा क्यान्सर, मधुमेह र आनुवंशिक रोगहरूको उपचारमा क्रान्ति आउने निश्चित छ। यसले स्वास्थ्य क्षेत्रमा एउटा स्पष्ट सन्देश दिएको छ-अब रोगसँग लड्ने होइन, रोग सुरु हुनुअघि नै रोक्ने र जीनमै सुधार गर्ने युग सुरु हुँदैछ ।*

### *क्यान्सर उपचारमा नयाँ मोड पुरानो औषधिमा नयाँ उपचारको प्रभाव*



*काठमाडौं । क्यान्सर उपचारमा एउटा रोचक र आश्चर्यजनक खोज सार्वजनिक भएको छ । हालैको अध्ययनले देखाएको छ कि सामान्य रक्तचाप (ब्लड प्रेसर) को औषधिले क्यान्सर उपचारलाई अझ प्रभावकारी बनाउन सक्छ। डार्टमाउथ क्यान्सर सेन्टरका अनुसन्धानकर्ताहरूले गरेको अध्ययनमा 'टेल्मिसार्टान' नामक औषधिले क्यान्सर-विरोधी औषधि 'ओलापारिब' को प्रभावलाई उल्लेखनीय रूपमा बढाएको पाइएको छ ।*

*यो खोजले चिकित्सकहरूलाई नयाँ सम्भावना दिएको छ-पहिलेदेखि प्रयोग भइरहेका औषधिलाई नयाँ तरिकाले प्रयोग गरेर उपचारलाई सस्तो र प्रभावकारी बनाउने छ । यससँगै, क्यान्सर उपचारमा अर्को ठूलो प्रवृत्ति इम्युनोथेरापी हो, जहाँ शरीरको आफ्नै प्रतिरक्षा प्रणालीलाई सक्रिय बनाएर क्यान्सरको कोशिकासँग लडाइँ गरिन्छ । नयाँ प्रविधिले क्यान्सर कोशिकाको 'पहिचान' अझ स्पष्ट रूपमा गर्ने क्षमता विकास गरिरहेको छ ।*

*विशेषज्ञहरूका अनुसार भविष्यमा क्यान्सर उपचार अस्पतालमै सीमित नहुने, घरमै वा बाह्य केन्द्रबाट पनि सम्भव हुने देखिएको छ। सेल थेरापीजस्ता उपचार अब अस्पतालबाहिर पनि विस्तार हुने क्रममा छन् । तर, विश्व स्वास्थ्य संगठनका अनुसार अझै पनि करिब ४० प्रतिशत क्यान्सर रोकथाम योग्य कारणबाट हुने भएकाले उपचारसँगै रोकथाममा ध्यान दिनु झन् महत्वपूर्ण छ । यो अनुसन्धानले देखाएको सन्देश स्पष्ट छ-क्यान्सर अब केवल जटिल र महँगो रोग मात्र होइन, नयाँ विज्ञान र पुराना औषधिको संयोजनले यसलाई नियन्त्रणयोग्य बनाउने सम्भावना तीव्र रूपमा बढिरहेको छ ।*

# रोक्का बजेटको खेलः विकास बन्धक, जनताको आशा खरानी !

# ठेक्का र बहानाः विकास लुटिंदै छ !



**ई. रबिन्द्र बोहरा,**
**महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग**

*(शहरी विकास मन्त्रालय मातहत रहेको विभागले सरकारी निकायहरूको भवन निर्माण, सुधार र पुनःनिर्माणका लागि डिजाइन, लागत अनुमान र अन्य परामर्श सेवा उपलब्ध गराउँदै आएको छ । डिजाइन तथा निर्माण कार्यहरूको गुणस्तर अभिवृद्धि, सरकारी भवनहरूको डिजाइन तथा निर्माणमा संलग्न रहने परामर्शदाताहरूको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरी लागू गर्ने अधिकारसमेत विभागको रहेको छ । विभागले भवन निर्माण सम्बन्धी निर्देशिका तथा नर्म्स, एलटीई प्लान, स्यानिटरी योजनाहरूको विस्तृत डिजाइन र लागत अनुमान तयार गर्नका लागि समन्वयसमेत गर्दै आएको छ । विभागले सबै सरकारी भवनहरूको अद्यावधिक लागत संकलन गरी सोको आधारमा भवन मर्मत सम्बन्धी दीर्घकालीन नीति तयार गर्दै सो अनुरूप कार्यसमेत गर्दै आएको छ । विभागले भवन निर्माण सम्बन्धी अन्य मुलुकहरूको अनुभवलाई समेत दृष्टिगत गर्दै उपयुक्त प्रविधि छनोट गरी सरकारी तथा गैरसरकारी क्षेत्रमा प्रयोग गर्न प्रचारप्रसार, दर विश्लेषण तथा निर्माण निर्देशिका तयारी सम्बन्धी कार्यसमेत आफ्नो अधिकार क्षेत्रमा राखेको छ ।*

*शहरी बस्तीहरूको व्यवस्थित विकास, आइपर्ने समस्याहरू समाधान र बढ्दो वातावरणीय समस्याको निराकरणका लागि आवश्यक कार्यनीति र विस्तृत योजना तर्जुमा गरी स्थानीय निकायहरूसँग समन्वय र साझेदारी कायम गर्दै क्रमशः लागू गर्दै विभाग अगाडि बढेको अवस्था छ । विभागले नगर विकास ऐन, योजना सम्बन्धी मापदण्ड लागू, भवन निर्माण संहिता अद्यावधिक गरी क्रमशः लागू गर्ने अधिकारसमेत पाएको छ । स्थानीय निकायहरूलाई आफ्ना योजना तथा कार्यक्रम सञ्चालन गर्नसक्ने तुल्याउन ती निकायहरूको प्राविधिक क्षमता अभिवृद्धि गर्न सहयोग, स्थानीय निकायहरूबीच प्रभाव पार्ने विकास योजनाको तर्जुमा, कार्यान्वयनमा समन्वय र साझेदारी कायम गर्ने कार्यसमेत विभागले गर्दै आएको छ ।*

*०८२ मंसिरदेखि विभागको नेतृत्वमा आएपछि भोग्नु परेका समस्या, आगामी रणनीति, संघीय संसद भवन निर्माणको अन्तिम अवस्था, जेनजी आन्दोलनको चपेटामा परेका सरकारी भवनहरूको मर्मत-संभारलगायत विविध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरी चौलागाईंले प्राविधिक सहसचिव एवं महानिर्देशक बोहरासँग गरेको कुराकानीको सम्पादित अंशः सम्पादक)*

**० तपाईं यो विभागको नेतृत्वमा आएपछि के-कस्ता कार्यहरू अगाडि बढेका छन् ?**

मैले विभागको नेतृत्व २०८२ मंसिर महिनामा गरेको हो । त्यसअघि ०८२ भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा आगजनी र क्षति पुगेका भवनहरूको २०८२ असोजमा डीपीआर तयार गर्ने काम सम्पन्न भइसकेको थियो । यसको अलावा क्षति पुगेका संरचनाको परीक्षण, लागत निर्धारणका लागि परामर्शदाता नियुक्तिको काम यतिखेर भइरहेको छ । २०८२ मंसिरसम्ममा सामान्य क्षति भएका मध्ये १ सय १७ वटा भवनको निर्माण कार्य सम्पन्न भएको छ ।

आंशिक र पूर्ण क्षति भएका मध्ये ७२ को ठेक्का लागिसकेको छ । बाँकी धेरै भवन मर्मत कार्य आगामी असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्यमा हामी रहेका छौं । नयाँ बनाउनुपर्ने २५ वटा भवनको परीक्षण र लागत इस्टिमेट तयार गरेर असार मसान्तसम्म ठेक्का व्यवस्थापन सक्ने योजनासमेत हामीले बनाएका छौं ।

**० त्यसोभए चालु आर्थिक वर्षको यो ८ महिनामा विभागको वित्तीय प्रगति के कस्तो छ ?**

मैले कार्यभार सम्हालेका बेला विभागको वित्तीय प्रगति ४ प्रतिशत मात्र थियो । पुँजीगत बजेटका लागि विनियोजितमध्ये करिब २७ अर्ब रुपैयाँ हाल अर्थ मन्त्रालयले रोक्का राखेको छ । रोक्का सहित गर्दा ११ प्रतिशत र रोक्का बाहेकको प्रगतिको समीक्षा गर्ने हो भने अहिले विभागको वित्तीय प्रगति १८ प्रतिशत पुगेको छ । अर्थ मन्त्रालयले तत्काल रोक्का बजेट फुकुवा गरे पनि नयाँ ठेक्का लगाउने समय अभाव हुने देखिएको छ ।

**० संघीय संसद भवनको सम्पूर्ण निर्माण कार्य सम्पन्न हुन सकेको देखिँदैन, जसले गर्दा नव निर्वाचित सांसदहरूलाई अधिवेशन स्थलको अभाव भएको छ, नि ?**

केन्द्रीय प्रशासनिक निकाय सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसद भवनको निर्माण कार्य तीन वर्षमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो । ठेक्का प्रक्रिया अगाडि बढे पनि साइट क्लियर नभएका कारण त्यसबेला केही समस्या देखियो । जग्गा प्राप्ति र अन्य कारणले पनि त्यसमा समस्या थपिएको थियो । त्यहाँ रहेको नेपाली सेनाको चण्डीदलको व्यवस्थापन गर्नका लागि केही थप समय लाग्यो नै । तसर्थ पाँचौं पटक म्याद थप गर्नुपरेको थियो । अहिले कामको रफ्तारलाई हेर्दा अब केही महिनामा सम्पन्न गरेर संसद सचिवालयलाई हस्तान्तरण गर्ने हाम्रो लक्ष्य रहेको छ ।

**० त्यसोभए अब संघीय संसदको पहिलो बैठक कहाँ राख्ने तयारी चलिरहेको छ, नि ?**

हामीले निर्माणाधीन सिंहदरबार परिसरमा रहेको बहुउद्देश्यीय भवनलाई नै तत्काल प्रयोग गर्ने गरी तयार गरिसकेका छौं । अब संसदको कामकारवाही त्यहीँबाट सुरु गर्नका लागि व्यवस्थापन मिलाइसकेका पनि छौं । केही समयपछि नै प्रतिनिधि सभाका लागि तयार गरिएको नयाँ भवनबाट संसद बैठक सुचारु हुनेछ । यो आर्थिक वर्ष २०८३/०८४ को बजेट भाषणपूर्व नै सो नयाँ भवनबाट अधिवेशन गर्न सकिनेछ ।

**० तोकिएको समयमा अर्थात् सम्झौता बमोजिम निर्माण कार्य पूरा नगर्दा पनि ठेकेदार कम्पनीलाई जरिवाना गर्नुको साटो म्याद थप गर्दा ढिलाइ भएको आरोप तपाईंहरू माथि लाग्ने गरेको छ, नि ?**

नेपाल सरकारको खरिद ऐन र नियमावलीअनुसार नै ठेक्का प्रक्रिया अगाडि बढाउने हो । यो तपाईं-हामी सबैले बुझेको विषय पनि हो । जसमा निर्माण व्यवसायीसँग गरिएको सम्झौताको आधारमा ठेक्का व्यवस्थापनको कार्य पनि सोही अनुरूप हुनेछ । सो प्रक्रिया अन्तर्गत नै कारबाही र म्याद थप गर्ने काम विभाग र विभागीय शहरी विकास मन्त्रालयले गर्दै आएको पनि छ । नियमावलीमा भएको १२० (क) बमोजिम नै हामी अगाडि बढ्ने हो, जहाँ व्यवसायीले म्याद थपका लागि सुविधा पाउने उल्लेख छ । सोही अन्तर्गत नै म्याद थप गरिएको छ । यदि म्याद थपको समयमा काम सम्पन्न भएन भने त्यसपछि मात्र हर्जना र जरिवानाको प्रक्रियामा अगाडि बढ्न सकिन्छ । कानूनले दिएको अधिकारभन्दा बाहिर गएर कारबाही गर्न मिल्दैन ।

**० यदि त्यसो हो भने समयमा काम नभएर ढिला हुनुको मुख्य कारण तपाईंले के पाउनु भयो त ?**

यो चार महिनाको मेरो अनुभवको आधारमा भन्नुपर्दा समयमा साइट क्लियरन्स नगरी ठेक्का लगाउनु नै मुख्य समस्या भएको देखिन्छ । यसको अर्थ के हो भने ठेक्का गर्नुपूर्व गर्नुपर्ने कामको पूर्वतयारी राम्रोसँग नभएको स्पष्ट भइसकेको पनि छ । मुख्यतया यही कारणले पनि तोकिएको समयसीमाभित्र काम सम्पन्न हुन नसकेको हो । रिभ्यु पनि राम्रोसँग हुन सकेन, जसका कारण भेरिएसन थप भयो । अब यस्ता र नयाँ ठेक्का लगाउँदा भने पर्याप्त पूर्वतयारी र साइट क्लियरन्स गरेर मात्र ठेक्का गर्नुपर्ने अनुभव हासिल भएको छ, जसले कार्यान्वयनमा जान सहजता थप्नेछ । अर्को भनेको ठेकेदार कम्पनीको व्यवस्थापकीय जिम्मेवारीको कमी देखिएको छ । तेस्रो कारण भनेको विभाग र आयोजनाले भेरिएसनका काम समयमा नगर्दिएको कारण पनि केही ढिला हुन गएको बताइन्छ ।

**० समयमा निर्माण कार्य सम्पन्न नहुँदा ठेक्का सम्झौताको लागत र अहिले भेरिएसन पछिको लागतमा कति फरक आएको छ ?**

तोकिएको भन्दा केही बढेको छ । तर, पनि समयमा काम सम्पन्न नभए पनि सरकारले सम्झौताभन्दा बढी रकम निर्माण पक्षलाई भुक्तानी गर्नुपर्ने अवस्था छैन । केवल त्यसबखत कतिपय छुटेका निर्माण कार्य गराउँदा भने केही प्रतिशत लागत बढ्न गएको हो । ढिला सम्पन्न भएर लागत बढेको होइन कि सुरु अवस्थामै छुटेका कारणले मात्र हो ।

**० संघीय प्रशासनिक निकाय सिंहदरबार परिसरमा रहेको यसअघि बसेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र गृह मन्त्रालयको मर्मत कार्य अझै हुन सकिरहेको छैन, नि ?**

ती भवनहरूको मर्मत कार्यको जिम्मेवारी मन्त्रालयमातहतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सानो गौचरण अन्तर्गतको रहेको छ । सोही कार्यालयले गृह, स्वास्थ्य मन्त्रालयलगायत निकायहरूको मर्मत कार्यको जिम्मेवारीको कार्यक्षेत्रमा पर्दछ । मेरो जानकारीअनुसार कार्यालयले पनि क्षतिको विवरण र लागतको मूल्याङ्कन गरिरहेको छ । तत्पश्चात असारसम्म टेन्डर प्रक्रियामा जाने भन्ने बुझिएको छ । यो अलि ढिला भयो । ढिला हुनुको कारण के हो भने धेरै क्षति भएका कारण अध्ययनमा समय लागेको हो ।

**० कतिपय सरकारी भवनको मर्मत कार्य टेन्डरमार्फत भन्दा पनि आफू अनुकूल कोटेसनमा गराउँदा सरकारलाई थप दायित्व सिर्जना भएको भन्ने विषय पनि बाहिर आएका छन्, सत्य हो ?**

पहिलो कुरा हामीले के बुझ्नुपर्छ जरुरी छ भने कोटेसन र टेन्डर भनेको फरक विषय हो । १० लाखसम्मका तत्काल गर्नुपर्ने साना काम कोटेसनबाट गराउन सकिन्छ । त्यसभन्दा माथि रकमको निर्माण कार्य भने सार्वजनिक खरिद ऐनअनुसार प्रतिस्पर्धामार्फत मात्र गर्न सकिने उल्लेख छ । अर्को भेरिएसनको विषय भने इस्टिमेट गर्दाखेरि नदेखिने, अनुमान गर्न नसकेको र छुटेका विषय भनेर बुझ्नुपर्छ । तर, पछि गर्नैपर्ने काम भेरिएसन अन्तर्गत पर्छ । यसमा बाहिर हल्ला गरिएजस्तो भेरिएसन भनेको भ्रष्टाचारको अर्को रूप भने होइन। यो ठेक्काको अभिन्न अङ्ग हो भनेर हामीले बुझ्दा राम्रो हुन्छ ।

**० जेनजी आन्दोलनपछि तत्काल पुनःनिर्माण गर्नुपर्ने कुन-कुन कार्यालय भवनहरू कुन-कुन देखियो ?**

मैले माथि पनि उल्लेख गरेको थिएँ, कुल १ सय १७ वटामा क्षति पुगेको थियो । सामान्य क्षति भएकाहरू मर्मत गरी सञ्चालनमा आइसकेका पनि छन् । अबका दिनमा टेन्डर गर्न बाँकी भनेको भौतिक मन्त्रालय अन्तर्गतको सडक विभाग, नयाँ बानेश्वरस्थित यसअघि संसद् बैठक सञ्चालन हुँदै आएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र गोदावरी सम्मेलन केन्द्र रहेका छन् । यी भवनहरूको पनि आगामी आर्थिक वर्षको असार मसान्तसम्म लागत इस्टिमेट तयार गरेर ठेक्का व्यवस्थापनका लागि टेन्डर प्रक्रिया अगाडि बढाउने गरी तयारी अगाडि बढाइसकेका छौं ।

**० परामर्शदाता र डीपीआरका नाममा पनि राज्यको ठूलो रकम अनियमित रूपमा खर्च हुने गरेको गुनासाहरू बाहिर आउने गरेका छन्, नि ?**

२० लाखभन्दा बढी रकमको आयोजनाका लागि सूचना प्रकाशित गरेर प्रतिस्पर्धाबाट यस्ता सेवा प्रदायक संस्था छनोट गर्ने गरिन्छ । जसमा योग्यता पुगेका सबैले भाग लिन पाउने अधिकार रहन्छ । १० लाखसम्मका सिधै दिन सकिने कानूनी प्रावधान पनि रहेको छ । जुन अत्यावश्यक कामको परामर्श सेवा खरिद प्रक्रियामार्फत गर्ने प्रचलन रहेको छ । उदाहरणका लागि कुनै कामको डिजाइन गर्नुपर्ने भयो भने त्यसका लागि त्यो विषयको विशेषज्ञ खोज्नुपर्ने हुन्छ । तर, यस्तो जनशक्ति कहिलेकाहीँ एकदमै कम हुन्छ ।

यस्तो प्रकृतिको कामचाहिँ त्यही व्यक्ति वा फर्मलाई दिनुपर्ने बाध्यकारी अवस्था आउन पनि सक्छ । बाँकीको हकमा बाहिर हल्ला चलेजस्तो सजिलो पनि छैन । अधिकांश यस्ता कार्यहरू प्रतिस्पर्धामार्फत नै हुने गरेका छन् । अनियमितता भएको खण्डमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पनि निगरानी भइरहेकै हुन्छ । अर्को बुझ्नुपर्ने विषय, कार्यान्वयनमा जाने कामको मात्र डीपीआर र परामर्श छनोट हुन्छ । कार्यान्वयनमा नजाने योजनाको ती कार्य गर्नुको कुनै अर्थ पनि छैन ।

**० जेनजी आन्दोलनमा बढी क्षति पुगेर भत्काउनु पर्ने स्थितिमा रहेका भवनहरूको लिस्ट तयार भइसकेको छ त ?**

यो अहिले अध्ययनकै चरणमा रहेका छन् । अहिले सडक विभाग र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको हकमा केही जटिल देखिएको छ । यी भवनहरूलाई पनि विशेष खालको रेट्रोफिटिङ गरेर निर्माण गर्न पनि सकिन्छ । जगबाट नै भत्काउनु पर्ने अवस्था अहिलेसम्म कुनैकै पनि देखिएको छैन । अहिले नयाँ प्रविधि आएकाले पनि खासै भत्काउनु नपर्ला भन्नेमा हामी आशावादी देखिएका छौं ।

**० विभागमातहत निकायबाट लगाइएको र समयमा काम हुन नसकेका रुग्ण ठेक्काहरू के कति संख्यामा रहेका छन् ?**

रुग्ण पुराना केही ठेक्कालाई हामीले सूचना प्रकाशन गरेर नयाँ व्यवस्थापन गर्ने कोसिस गरेका छौं । यही प्रक्रियाअन्तर्गत ४ वटा ठेक्का तोडेर पुनः ठेक्का लगाइएको अवस्था छ । जसमा तीनवटा स्वास्थ्यतर्फका सरकारी भवन रहेका छन् भने एउटा अर्को क्षेत्रकोसमेत रहेको छ । अन्यको हकमा सूचना प्रकाशनपछि निर्माण कम्पनीहरू सम्पर्कमा आएर काम सुचारु गरेको अवस्था छ । विभागको नीति समयमा काम नगर्नेहरूविरुद्ध निर्मम भएर प्रस्तुत हुने रहेको छ ।

**० तपाईंले यस्तो बताइरहँदा निर्माण सम्पन्न गरेर पनि समयमा भुक्तानी पाउन नसकेको गुनासोसमेत कतिपय निर्माण कम्पनीले गरेका छन्, यस्ता गुनासाप्रति विभागको भनाइ के छ ?**

विभिन्न जिल्लाहरूबाट यस्ता गुनासाहरू आइरहेका छन् । यसको मुख्य समस्या भनेको रकमान्तरकै विषय हो भन्ने मलाई लाग्छ । रकमान्तरका लागि अर्थ मन्त्रालयलेसमेत स्वीकृति दिनुपर्ने कानूनी प्रावधान रहेको छ । बजेट मार्गदर्शन र बजेट विनियोजनमा कडा प्रावधान राखिएको कारणले बजेट रकमान्तरका लागि समस्या भएको छ । यसलाई अलिकति सजिलो बनाउन र बजेटको सीमाभित्र रहेर रकमान्तर गर्ने व्यवस्था हुन सक्यो भने यो समस्या तत्काल समाधान हुनेछ ।

**० विनियोजित बजेट हाल अर्थले रोक्का गरेको कारणले पनि विकास निर्माणका कार्यमा असर पुगेको बताइन्छ नि, होइन ?**

पक्कै पनि समस्या बढाएको छ । यी विषयलाई नवगठित सरकार र विभागीय मन्त्रालयको नेतृत्वकर्ता मन्त्रीज्यूहरूले प्रक्रियालाई बुझेर रोक्का रकमलाई फुकुवा गर्नुहुनेछ भन्ने अपेक्षा हामीले राखेका छौं । तर, सरकारले यी सबै प्रक्रियाहरू बुझ्दाबुझ्दै नयाँ वर्ष अर्थात् २०८३ वैशाख, जेठ र असार महिना पुग्ला भन्ने डर छ । जसका कारण ठेक्का प्रक्रिया अगाडि बढाउन सम्भव देखिँदैन । तत्काल अहिले यो रोक्का बजेट खुल्ला हुने अवस्था पनि म देख्दिनँ । खुल्यो भने पनि अहिले काम गर्नका लागि कठिन छ। अहिले रकम फुक्का भयो भने आगामी वर्षका लागि क्रमागत बजेटमा समायोजन गर्न सहजता थप्नेछ ।

**० रोक्का पुँजीगत बजेट तत्काल फुकुवा भएन भने यसले वित्तीय प्रगतिमा कस्तो असर गर्छ होला, नि ?**

रोक्का रकमलाई हामीले सरेन्डर गरेका छौं । यो स्वीकार्य भयो भने हाम्रो वित्तीय प्रगति गत वर्षको भन्दा धेरै माथि पुग्नेछ । यसअघि अर्थात् अघिल्लो आ.व.मा ५९ प्रतिशत पुँजीगत खर्च भएको थियो । मैले उल्लेख गरेझैँ मन्त्रालयले काम अगाडि बढाएको खण्डमा ७० प्रतिशतभन्दा माथि पुग्ने विश्वास र अनुमान गर्न सकिन्छ । साथै, विनियोजित बजेट रोक्का हुँदा निर्माणाधीन संघीय संसदका माननीयज्यूहरू, स्थानीय तहका मेयरहरूले लक्षित कार्यक्रमसमेत प्रभावित भएका छन् ।

सो रकम खुला हुँदा पनि तीन करोडसम्मका योजना भएकाले परिणाम देखिने गरी काम त हुँदैन नै । तर, संसदबाट पारित भएको कार्यक्रम हुनाले जनतामा आशा जगाउन सहयोग गर्छ। यो कार्यक्रम लागू हुन्छ भन्ने उहाँहरूको अपेक्षा थियो, तर त्यसो हुन सकेन। जसले निराशा बढाएको छ । अर्को आर्थिक वर्षको प्रस्ताव गर्दा तयारी भएका आयोजना पनि प्रस्ताव गर्न भनेका छौं। ती कार्यक्रमको निरन्तरता पक्कै हुनेछ ।

**० विभाग र मातहत निकायहरूलाई समयमा काम गर्न बाधा पुऱ्याउने कानूनी प्रावधानहरू तपाईंको अनुभवमा के रहेछन् ?**

सार्वजनिक खरिद ऐनलाई अलि सहज र व्यवहारिक बनायो भने विकास निर्माणका काम गर्नका लागि थप सहजता हुनेछ । वैदेशिक सहयोगका लागि राष्ट्रिय योजना आयोग हुँदै सुनिश्चितता गर्नुपर्ने भएकाले केही बाधा पुगेको छ । अर्थ मन्त्रालयको बजेट मार्गदर्शन र बहुवर्षीय मापदण्डमा केही समस्या पक्कै रहेको छ । त्यसका लागि विषयगत मन्त्रालयसँग सहकार्य गरेर काम गर्दा थप सहज हुनेछ भन्ने मेरो व्यक्तिगत धारणा रहेको छ ।

यी र यस्ता विकास निर्माणका कार्यक्रम शहरी विकास र भौतिक मन्त्रालयको मात्र नभएर स्थानीय तह, प्रदेश सरकार र नागरिकहरूका समेत कार्यक्रम हुन् भन्ने मलाई लाग्छ । अहिले हामी मात्र निकायगत जिम्मेवारीमा छौं, तसर्थ अर्थ मन्त्रालयले यो समस्यालाई बुझे विकास निर्माणमा सहजता हुने थियो। अब नयाँ सरकार गठन भइसकेकोले हामीले यो सुझाव मन्त्रीहरूसमक्ष पुर्याउने छौं ।

**० राष्ट्रिय स्वतन्त्र पार्टीका नेता बालेन्द्र शाहको नेतृत्वमा गठित सरकारको सोच, कामको स्पिडलाई विभागले कसरी सहयोग पुऱ्याउने रणनीति अख्तियार गरेको छ ?**

नेपाली जनताको सर्वाधिक विश्वास जितेर गठन भएको वर्तमान सरकारको स्पिडअनुसार विभाग पनि अगाडि बढ्नेछ । हाम्रो वर्तमान चाहना पनि छिटोछरितो सेवा प्रवाह गर्ने नै रहेको छ । यस विभाग र मातहत निकायबाट सञ्चालन भइरहेका र हुने कुनै पनि आयोजनाहरू टुक्रेभन्दा पनि देखिने खालका हुन् भन्ने मेरो मान्यता रहेको छ । किनकि, हाम्रा आवश्यकता असीमित छन् । तर, विकास निर्माण कार्यहरू ऋण लिएर गर्नुपर्ने अवस्था छ ।

**० अन्त्यमा, निवर्तमान मन्त्री प्रा. डा. कुमार इङ्नामले मन्त्रालयबाट बिदा हुँदैगर्दा सचिव गोपाल सिग्देल र तपाईंमाथि केही गम्भीर आरोप लगाएर जानुभयो, यसबारे तपाईंको व्यक्तिगत धारणा के छ ?**

मन्त्रीज्यूले के कारणले त्यस्तो आरोप लगाउनुभयो, त्यो उहाँको निजी विचार हो भन्ने मलाई लाग्छ । तर, उच्च ओहोदा अर्थात् मन्त्रालयको नेतृत्वमा बसिसकेको व्यक्तिले खुला रूपमा त्यस्तो अभिव्यक्ति दिनु त्यति शोभनीय मानिँदैन पनि । किनकि, मुलुकको कानून, नीति र प्रावधानबारे बुझेर अभिव्यक्ति दिनुभएको भए आम जनमानसमा जनविश्वास र कर्मचारी दुवैको मनोबल बलियो हुने, पदीय मर्यादा र गरिमालाई कायम राख्न सहयोग गर्ने थियो भन्ने लाग्छ । बाहिरबाट सुन्नेलाई मजा लागे पनि उहाँ स्वयम्को पदका लागि भने अशोभनीय देखियो । तथापि, अब यस विषयमा थप चर्चा गरेर कुनै फाइदा म देख्दिन ।

- **विकास रोक्ने सबैभन्दा ठूलो शक्ति-अव्यवस्थित राज्य संयन्त्र ।**
- **साइट क्लियरेन्सबिनाको ठेक्का-यो विकास होइन ।**
- **म्याद थप्ने संस्कृतिले ठेकेदार होइन, भ्रष्टाचारलाई पालिरहेको छ ।**
- **कागजमा प्रगति देखाउनेहरू जमिनमा असफलताको जिम्मेवार हुन् ।**
- **बजेट रोक्काले योजना मात्र होइन, जनताको विश्वास पनि मारेको छ ।**
- **ठेक्का प्रणाली सुधारिएन भने विकास सधैं ठेक्कामै अड्किन्छ ।**
- **सरकारको 'स्पिड' भाषणमा छ, व्यवहारमा एकदमै सुस्त छ ।**
- **जिम्मेवारी कसैले लिँदैनन्, दोष सबैले अरूमाथि थोपर्छन् !**
- **भवन बनाउने निकाय नै व्यवस्थापनमा असफल छ ।**
- **जनताको करबाट बनेको बजेट, तर नियन्त्रण सीमित हातमा !**
- **योजना घोषणा सजिलो, कार्यान्वयनमा सरकार हराएको थियो ।**
- **ठेक्का प्रणाली सुधार नभएसम्म विकास सपना नै रहन्छ ।**
- **निर्णय गर्न नसक्ने नेतृत्वले विकासलाई बन्धक बनाएको छ ।**
- **यो ढिलाइ होइन-यो योजनाबद्ध असक्षमता हो ।**

# राष्ट्रहितको कूटनीति कि दबाबको राजनीति ? दुई ढुंगाबीच होइन, दुई शक्तिबीचको नेपाल



शंकरमान सिंह

**नेपालको परराष्ट्र नीति कुनै औपचारिक कूटनीतिक दस्तावेज मात्र होइन, यो राष्ट्रको स्वाभिमान, सुरक्षा र भविष्यसँग गाँसिएको विषय हो। हिमालको काखमा बसेको नेपाल दुई ठूला शक्ति–भारत र चीन–बीच अवस्थित छ। यही भौगोलिक यथार्थले नेपाललाई अवसर पनि दिएको छ र निरन्तर दबाबमा पनि राखेको छ। यस्तो अवस्थामा परराष्ट्र नीति भावनाले होइन, विवेकले चल्नुपर्छ, नाराले होइन, राष्ट्रिय हितले निर्देशित हुनुपर्छ।**

**घोषणाभन्दा कार्यान्वयन**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले असंलग्नता, सन्तुलित कूटनीति र आर्थिक विकासमुखी विदेश नीतिको कुरा उठाएको छ। कागजमा यो दृष्टिकोण आकर्षक देखिन्छ। तर नेपालका लागि प्रश्न केवल नीति घोषणाको होइन, त्यसलाई व्यवहारमा कसरी उतारिन्छ भन्ने हो। किनकि नेपालले विगतमा धेरैपटक नारा सुनेको छ, तर परिणाम थोरै पाएको छ।

**दुई छिमेकीबीच सन्तुलन**

नेपालको परराष्ट्र नीतिको पहिलो आधार भारत र चीनसँगको सन्तुलित सम्बन्ध हुनुपर्छ। भारतसँग नेपालको खुला सीमा छ, गहिरो सांस्कृतिक सम्बन्ध छ, व्यापारिक निर्भरता छ। चीनसँग पूर्वाधार, लगानी र रणनीतिक चासो जोडिएको छ। यथार्थ के हो भने नेपाल न भारतलाई बेवास्ता गर्न सक्छ, न चीनलाई अस्वीकार गर्न सक्छ।

तर अर्को यथार्थ पनि त्यत्तिकै स्पष्ट छ-नेपालले कसैको छायाँमा उभिएर आफ्ना राष्ट्रिय हित सुरक्षित गर्न सक्दैन। सन्तुलन भनेको दुईतिर बराबरी मुस्कुराउनु मात्र होइन। सन्तुलन भनेको आफ्नो राष्ट्रिय अडान स्पष्ट राख्दै दुवैसँग व्यवहारिक सम्बन्ध राख्नु हो।

**सार्वभौमिकताको सवाल**

दोस्रो आधार राष्ट्रिय सुरक्षा र सार्वभौमिकता हो। नेपाल स्वतन्त्र राष्ट्र हो, र यही स्वतन्त्रताको रक्षा परराष्ट्र नीतिको केन्द्रमा रहनुपर्छ। लिपुलेक, कालापानी र लिम्पियाधुराजस्ता मुद्दाले देखाइसकेको छ-छिमेकीसँग मित्रता आवश्यक भए पनि राष्ट्रिय भूगोल र स्वाभिमानको मूल्यमा होइन। इतिहासले प्रमाणित गरेको छ, कमजोर आन्तरिक अडान भएको देशले बाह्य दबाब झन् बढी बेहोर्छ। त्यसैले परराष्ट्र नीति बलियो बनाउनुअघि राष्ट्रिय दृष्टि बलियो बनाउनुपर्छ।

**कूटनीति र अर्थतन्त्र**

तेस्रो आधार आर्थिक कूटनीति हो। आजको विश्वमा कूटनीति केवल सम्बन्ध व्यवस्थापनको कला होइन, विकासको औजार पनि हो। नेपालले विदेश नीतिलाई लगानी, व्यापार, पर्यटन, प्रविधि र रोजगारीसँग जोड्न सकेन भने परराष्ट्र नीति केवल भाषणमै सीमित हुन्छ।

बीआरआई होस् वा एमसीसी, कुनै पनि परियोजना पक्ष वा विपक्षको अन्धो चश्माले होइन, राष्ट्रिय हित, वित्तीय दिगोपना र दीर्घकालीन लाभका आधारमा हेरिनुपर्छ। नेपालले अनुदान, ऋण, साझेदारी र रणनीतिक सहकार्यबीच स्पष्ट भिन्नता छुट्याउन सक्नुपर्छ। अन्यथा विकासको नाममा निर्भरता बढ्ने खतरा रहिरहन्छ।

**सम्भावना र कमजोरी**

रास्वपाको परराष्ट्र नीतिमा सम्भावना छन्, तर कमजोरी पनि कम छैनन्। सबैभन्दा ठूलो चुनौती अनुभवको कमी हो। परराष्ट्र नीति उत्साहले भन्दा बढी धैर्य, गहिराइ र संस्थागत परिपक्वताले चल्छ। भारत, चीन, अमेरिका र अन्य शक्तिकेन्द्रबीचको सन्तुलन साध्नु सजिलो भाषणको विषय होइन।

यसका लागि प्रशिक्षित कूटनीतिज्ञ, स्पष्ट प्राथमिकता र स्थिर राजनीतिक नेतृत्व चाहिन्छ। नेपालमा सरकार बदलिने दर जति तीव्र छ, परराष्ट्र नीतिमा निरन्तरता त्यति नै कमजोर छ। यही अस्थिरताले नेपालको आवाजलाई अन्तरर्राष्ट्रिय मञ्चमा कमजोर बनाएको छ।

**बीआरआई होस् वा एमसीसी, कुनै पनि परियोजना पक्ष वा विपक्षको अन्धो चश्माले होइन, राष्ट्रिय हित, वित्तीय दिगोपना र दीर्घकालीन लाभका आधारमा हेरिनुपर्छ।**

**आन्तरिक बलबिना बाह्य अडान हुँदैन**

नेपालले अब एउटा भ्रम त्याग्नुपर्छ-कि परराष्ट्र नीति केवल परराष्ट्र मन्त्रालयको विषय हो। होइन, यो समग्र राष्ट्रिय क्षमताको प्रतिविम्ब हो। आन्तरिक रूपमा अस्थिर, आर्थिक रूपमा निर्भर र राजनीतिक रूपमा विभाजित राष्ट्रले बाह्य रूपमा स्वाभिमानी नीति सञ्चालन गर्न सक्दैन। त्यसैले सन्तुलित परराष्ट्र नीतिको पूर्वशर्त आन्तरिक स्थिरता, आर्थिक आत्मनिर्भरता र स्पष्ट राष्ट्रिय सहमति हो।

**अबको आवश्यकता**

आज नेपालको आवश्यकता कुनै एक पक्षतिर ढल्किएको नीति होइन, न त सबैलाई खुसी पार्ने लाचार कूटनीति। नेपालको आवश्यकता स्वाभिमानी, सन्तुलित र विकासमुखी परराष्ट्र नीति हो-जहाँ राष्ट्रिय हित सर्वोपरि होस्, छिमेकीसँग सम्बन्ध व्यावहारिक होस्, र अन्तर्राष्ट्रिय सहकार्य नेपालको उत्पादन, प्रविधि र समृद्धिसँग जोडियोस्।

**अन्तिम प्रश्न**

परराष्ट्र नीति अन्ततः यही प्रश्नमा आएर रोकिन्छ-नेपाल आफूलाई कसरी देख्न चाहन्छ ? सधैं दबाब झेल्ने भूराजनीतिक बफरका रूपमा, वा अवसरलाई आत्मविश्वासका साथ प्रयोग गर्ने स्वतन्त्र राष्ट्रका रूपमा ? यही प्रश्नको सही उत्तर नै नेपालको भविष्यको दिशा निर्धारण गर्नेछ।

---

**फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल**

## समृद्धिको सूत्रः २१ मन्त्रालय, २१ काबिल मन्त्री



अहिले कायम रहेका यी २१ वटा मन्त्रालयमार्फत मुलुकको समृद्धिका लागि निकै ठूलो काम गर्न बाँकी छ। नयाँ परिवेशमा हरेक मन्त्रालयमा एक-एक जना मन्त्री दिनभर कार्यालयमा बसेर तीव्र गतिमा काम गरेर देखाउनुपर्छ। राज्यसत्ता सञ्चालनमा पुरानो प्रथा र जर्जर कानूनी संरचनालाई भत्काउँदै, प्रख्यात अर्थशास्त्री Joseph Schumpeter को भाषामा भन्नुपर्दा, एक प्रकारको Creative destruction गरेर देखाउनुपर्ने आवश्यकता छ।

उत्पादकत्व बढाउने नाममा, वा तलब-भत्ता, पेट्रोल र अन्य खर्चबापत महिनाको १४-१५ लाख रुपैयाँ जोगाउने तर्क गर्दै, एक जना मन्त्रीको जिम्मामा दुई-तीन वटा मन्त्रालय दिनु उचित हुँदैन। यस्तो निर्णय अन्ततः "Penny wise, pound foolish" भन्ने उखानकै उदाहरण बन्न जान्छ। त्यसैले, प्रारम्भमै २१ जना सक्षम मन्त्रीसहितको मन्त्रिपरिषद् गठन गरेर 'चिल्लो पात' देखाउनु नै बुद्धिमानी हुनेछ।

**अहिले कायम रहेका २१ मन्त्रालय**

१. रक्षा मन्त्रालय
२. गृह मन्त्रालय
३. कृषि तथा पशुपन्छी विकास मन्त्रालय
४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
७. अर्थ मन्त्रालय
८. खानेपानी मन्त्रालय
९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
१०. परराष्ट्र मन्त्रालय
११. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
१२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
१६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
१७. शहरी विकास मन्त्रालय
१८. युवा तथा खेलकुद मन्त्रालय
१९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
२०. वन तथा वातावरण मन्त्रालय
२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

*-सुगतरत्न कंसाकार*

## प्रचण्ड जनमत : अवसर कि खतरा ?



निर्वाचनमा आउने अस्वाभाविक प्रचण्ड जनमत दुईधारे तरबारजस्तै हुन्छ। यस्तो जनमतमा विवेकभन्दा आवेग बढी हाबी हुन्छ। यसले देश र समाजको कायापलट पनि गर्न सक्छ, विनाशतिर पनि लैजान सक्छ। इतिहासमा यस्तै जनमतले हिटलर र लेन्डुप दोर्जे जस्ता पात्र जन्माएको थियो।

प्रजातन्त्रमा विश्वास गर्नेहरूले जनमतको सम्मान गर्नुपर्छ र त्यसले बाटो नबिराएसम्म सहयोग पनि गर्नुपर्छ। अहिले राष्ट्रिय स्वतन्त्र पार्टीले अभूतपूर्व जनमत पाएको छ। तर, यो जनमत गलत दिशामा गयो भने देश अकल्पनीय अवस्थातिर पुग्न सक्छ।

निर्वाचनपछिको अभिमुखीकरण भाषणमा रवि लामिछाने संयमित देखिए, जसको प्रशंसा भयो। तर, केही समर्थक र नेताहरूका अभिव्यक्तिमा अझै उन्माद, असभ्यता र अश्लीलता देखिन्छ। आलोचक, विशेषतः महिलाप्रति गरिने गालीगलौजले नयाा पुस्तामाथि नै प्रश्न उठाएको छ।

रवि र बालेनले आफ्ना समर्थकलाई सार्वजनिक रूपमा सभ्य बन्न आव्हान गर्नुपर्छ। नत्र उन्मादी समर्थकहरूको व्यवहार अन्ततः नेतृत्वकै लागि बुम्राङ बन्न सक्छ। त्यसको मूल्य देशले पनि चुकाउनुपर्न सक्छ।

*-अनार सिंह कार्की*

## नयाँ पुस्ताको उदय, पुरानो सोचको अवसान



वि.सं. २०५२ साल, अझ विशेषगरी २०६३ सालपछि जन्मिएका युवाहरूमा इतिहास वा कुनै राजनीतिक वादप्रति पुराना पुस्ताजस्तो मोह विकसित भएको पाइँदैन। न त उनीहरूलाई त्यसमा विशेष चासो हुन्छ, न कसैले उनीहरूलाई इतिहास र सिद्धान्तको सही तथा सन्तुलित ज्ञान दिएको छ। उनीहरू पूर्णतः नयाँ सोचका युवाहरू हुन्, र अहिले जनसंख्यामा तिनकै बाहुल्य देखिन्छ।

नेपालका सरकारी वा सामुदायिक विद्यालय र कलेजहरूमा पढेका यिनीहरूमध्ये केही भने कुराजनिति, वाद वा तन्त्रबाट 'ब्रेनवाश' भएका पनि हुन सक्छन्। यसको कारण अधिकांशतः नैतिकताच्युत, कुसंस्कारग्रस्त, द्वन्द्वपिपासु राजनीतिक दलका नेताहरूले दिएको विकृत 'स्कुलिङ' हो, जसले एउटा ग्वाँजे जमात तयार गरेको छ। अहिलेको राजनीतिक चुनौती यिनै युवाबाट आएको छ-ती युवा, जसलाई इतिहासका पुराना घटनामा खासै चासो छैन, तर जसलाई विकृत राजनीतिक प्रशिक्षणले पनि आंशिक रूपमा प्रभावित गरेको छ। यही यथार्थ बूढा नेताहरूले, र तिनकै खराब संगत वा 'स्कुलिङ' पाएका चेलाचपेटाहरूले बुझ्न सकेका छैनन्। अझ सायद, उनीहरूले यो कहिल्यै बुझ्ने पनि छैनन्।

**नतिजा के भयो ?**

तिनको अपमानजनक अवसान र नवयुवाहरूको सशक्त उदय। अहिले देखिएको राजनीतिक परिघटना यही हो। युवा भन्नाले केवल उमेरले मात्र युवा भएका मानिसलाई बुझ्नु हुँदैन। युवाप्रेमी, युवालाई नेतृत्व हस्तान्तरण गर्न चाहने, उनीहरूलाई सशक्त, सक्षम र आत्मविश्वासी बनाउँदै मुलुकको भविष्य उज्यालो बनाउन लागिपरेका अनुभवी, पाका व्यक्तित्वहरू पनि वास्तविक अर्थमा युवा नै हुन्।

बरु, जुनसुकै उमेरका भए पनि आफू मात्र सत्तामा कब्जा जमाइरहने सोच राख्ने मानिसहरू वास्तवमा बूढा हुन्। यस अर्थमा, उमेरले युवा भएका र युवा सोच बोकेका पाका व्यक्तित्व-दुवै युवा हुन्।

*-भीम उपाध्याय*

## बाल्यकाल कि बाध्यता ? सँगसँगै संघर्ष सानी नानी, जीवनको ठूलो कथा



टाउकोमा सागको भारी टोकरी, काँधमा परिवारको जिम्मेवारी, तर अनुहारमा शान्त मुस्कान। उनले भनिन्, "दिदी, यो ५० हो... तपाईंलाई ४० मा दिन्छु।" उनी केवल साग बेचिरहेकी थिइनन्, परिवारको आशा बोकेर हिाडिरहेकी थिइन्। बिहान साग बेच्ने, त्यसपछि विद्यालय जाने, फर्केर गृहकार्य गर्ने, अनि फेरि साँझ उही काममा उभिने-यो उनको मात्र होइन, हजारौं बालबालिकाको मौन यथार्थ हो।





परिवारलाई सघाउनु नराम्रो होइन, तर जब जिम्मेवारीले बाल्यकाल नै थिच्न थाल्छ, त्यो केवल संघर्ष होइन, गम्भीर सामाजिक संकट बन्छ। महँगी, कमजोर आयआर्जन र पहुँचयोग्य शिक्षाको अभावले यस्ता बालबालिका काममा निस्कन बाध्य भइरहेका छन्।

त्यसैले अब नीति निर्माण कागजमा सीमित हुनुहुँदैन। त्यो यस्ता परिवारको भान्सासम्म, बालबालिकाको कक्षासम्म, र उनीहरूको भविष्यसम्म पुग्नुपर्छ। आयआर्जनका अवसर, निःशुल्क र सहज शिक्षा, तथा महँगी नियन्त्रण अब विकल्प होइन, आजका आवश्यकता हुन्। त्यो सानी नानीले सम्झाइन्–संघर्षले मानिसलाई बलियो बनाउँछ, तर राज्यको कर्तव्य भनेको संघर्षलाई बाध्यता बन्न नदिनु हो।

*-खुश्बु ओली, सांसद*

---

## सरकारलाई व्यवसायीको धम्की !

काठमाडौं। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले भाडा समायोजन नभए स्वघोषित दर लागू गर्ने चेतावनी सरकारलाई दिएका छन्। २०८२ २०८२ चैत ११ गते बुधबार व्यवसायीहरूले सरकारले भाडा समायोजन नगरे स्वतः नयाँ दर लागू गर्ने धम्की दिएका थिए। जबकि, यसअघि पटक पटक नेपाल आयाल निगमले पेट्रोल, डिजेलको मूल्य घटाउँदा सार्वजनिक यातायातको भाडा नघटाएर यात्रुहरुलाई अन्याय गर्दै आएका थिए। नेपाल आयल निगमले २०८२ चैत २ गतेदेखि लागू हुनेगरी डिजेलको मूल्य प्रतिलिटर १० रुपैयाँ बृद्धि गरेको थियो।

मूल्य बृद्धि हुनासाथ यातायात व्यवसायी महासंघले भाडा पुनरावलोकनको माग अघि सारेको छ। मध्यपूर्वी मुलुक इरान र इजरायलकाबिचमा युद्ध चर्किएपछि विश्वभर त्यसको असर परेको बताइन्छ। जसले गर्दा इन्धनलगायत खाना पाकाउने ग्यासको चरम अभाव बढ्दै गइरहेको छ। त्यसैको फाइदा उठाउँदै व्यवसायीहरु यतिखेर भने मूल्य बृद्धि गरिएको बहानामा यस्तो धम्की दिएर नव गठित सरकारलाई असहयोग गर्ने नीति अख्तियार गर्न लागेको बुझिएको छ। महासंघले २०८२ चैत ११ गते बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा भाडा वृद्धि सम्बन्धी प्रस्ताव कार्यान्वयनमा ढिलाइ भएको भन्दै असन्तुष्टि व्यक्त गरेका थिए। महासंघका अनुसार यातायात व्यवस्था विभागले यात्रुवाहक सवारीका लागि करिब ११.३३ प्रतिशत भाडा वृद्धि का लागि सम्वन्धित निकायमा सिफारिस गरेको थियो। तर, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट निर्णय हुन नसकेको महासंघले आरोप लगाएको छ।महासंघले इन्धन मूल्यवृद्धि लगायत कारणले सञ्चालन लागत बढ्दै जाँदा व्यवसायीहरू आर्थिक दबाबमा परेको गुनासोसमेत गरेको छ।

लगातार घाटा व्यहोर्नु परिरहेको अवस्थालाई उल्लेख गर्दै या त सेवा सञ्चालन बन्द गर्नुपर्ने वा सिफारिस अनुसार भाडा स्वघोषणा गरी लागू गर्नुपर्ने अवस्था आएको महासंघको भनाई रहेको छ। सरकारले शीघ्र भाडा समायोजनको निर्णय गर्नुपर्ने माग अगाडि सार्दै अन्यथा व्यवसायीहरूले वैकल्पिक कदम चाल्न बाध्य हुने चेतावनी महासंघले दिएको छ।

---

**रंग विरंग**

## ट्रयाक्टरमा दुलाहा, विवाहमा नयाँ शैली



*भारतको बिहारमा यस हप्ताको सबैभन्दा चर्चित र रमाइलो घटना एक अनौठो विवाह प्रवेशबाट सुरु भयो। परम्परागत रूपमा दुलाहा घोडा, कार वा सजाइएको बग्गीमा आउने चलन छ। तर, एक युवकले त्यो चलनलाई तोड्दै ट्रयाक्टरमा चढेर विवाहस्थल प्रवेश गरेपछि सामाजिक सञ्जालदेखि स्थानीय गाउँसम्म चर्चा फैलिएको छ।*

*दुलाहाले "म किसानको छोरो हुँ, मेरो पहिचान यही हो" भन्दै ट्रयाक्टर रोजेको बताएका छन्। अझ रोचक कुरा त के भने, ट्रयाक्टरमा डिजे साउण्ड जडान गरिएको थियो र साथीभाइहरूले बाटोभरि नाचगान गर्दै यात्रा गरेका थिए। भिडियो सार्वजनिक भएपछि टिकटक, फेसबुक र युट्युबमा लाखौं भ्युज पाएको छ।*

*स्थानीय बुढापाकाले यसलाई "परम्परामा नयाँपन" भन्दै समर्थन गरेका छन् भने कतिपयले "यो विवाहलाई शो-अफ बनाउने प्रयास" भन्दै आलोचना पनि गरेका छन्। तर, युवा पुस्ताले भने यसलाई आत्मपहिचान र आत्मसम्मानसँग जोडेर हेरेका छन्।*

*समाजशास्त्रीहरूका अनुसार यस्तो घटनाले ग्रामीण जीवनशैलीप्रति गर्व गर्ने प्रवृत्ति बढेको संकेत गर्छ। शहरमुखी सोचबीच गाउँको पहिचानलाई खुला रूपमा प्रदर्शन गर्नु एक प्रकारको सांस्कृतिक पुनर्जागरण पनि हुन सक्छ।*

*यो घटनाले विवाहजस्तो परम्परागत संस्कार पनि समयसँगै बदलिँदै गएको सन्देश दिएको छ। आधुनिकता र मौलिकता सँगै अघि बढ्न सक्छन् भन्ने उदाहरणका रूपमा यो घटना लिइएको छ।*

## गाईको पेटमा मोबाइल भेटिंदा गाउँले छक्क



*नेपालको तराई क्षेत्रमा घटेको एक अनौठो घटनाले गाउँ नै अचम्ममा परेको छ। घरबाट हराएको मोबाइल फोन दुई दिनपछि गाईको पेटभित्र भेटिएपछि यो घटना चर्चाको केन्द्र बनेको हो।*

*परिवारका अनुसार मोबाइल घरआँगनमै हराएको थियो। धेरै खोजी गर्दा पनि नभेटिएपछि चोरी भएको आशंका गरिएको थियो। तर, दुई दिनपछि गाईले खाना नखाने र असामान्य व्यवहार देखाउन थालेपछि पशु चिकित्सक बोलाइयो।*

*जाँचका क्रममा गरिएको एक्स-रेमा गाईको पेटभित्र मोबाइल देखिएपछि गाउँले सबै चकित परे। त्यसपछि गरिएको सर्जरीमार्फत मोबाइल निकालिएको थियो। अझ आश्चर्यजनक कुरा त के भने, मोबाइल आंशिक रूपमा चल्ने अवस्थामा रहेको बताइएको छ।*

*गाउँका बासिन्दाले यस घटनालाई "पहिलो पटक देखिएको अनौठो घटना" भन्दै चर्चा गरिरहेका छन्। कतिपयले "मोबाइल कसरी गाईले निल्यो होला ?" भन्ने जिज्ञासा व्यक्त गरेका छन् भने कतिपयले यसलाई लापरबाहीको परिणाम मानेका छन्।*

*पशु चिकित्सकहरूले जनावरको वरिपरि प्लास्टिक वा साना वस्तु नछोड्न आग्रह गरेका छन्। यस्ता वस्तु निल्दा जनावरको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने उनीहरूको चेतावनी छ। यो घटनाले केवल रमाइलो मात्र होइन, सचेतना पनि दिएको छ-हामीले प्रयोग गर्ने वस्तुहरू जनावरका लागि जोखिम बन्न सक्छन्।*

## रोबोटले बनायो चिया, क्याफेमा नयाँ अनुभव



*काठमाडौंमा यस हप्तादेखि सुरु भएको एउटा नयाँ प्रयोगले ग्राहकहरूलाई अचम्ममा पारेको छ। एक क्याफेमा सानो रोबोटले चिया बनाउने सेवा सुरु गरेपछि मानिसहरूको भीड लाग्न थालेको हो। यो रोबोटले ग्राहकबाट अर्डर लिन्छ, पानी तताउँछ, चिया तयार गर्छ र कपमा हालेर दिने काम केही मिनेटमै पूरा गर्छ। "मान्छेभन्दा छिटो र नाप मिलाएर चिया बनायो," एक ग्राहकले प्रतिक्रिया दिएका छन्।*

*क्याफे सञ्चालकका अनुसार प्रविधिको प्रयोगले सेवा छिटो, सफा र आकर्षक बनाउन मद्दत पुगेको छ। साथै, ग्राहकलाई नयाँ अनुभव दिने उद्देश्यले यो प्रयोग गरिएको हो। युवा पुस्तामा विशेष आकर्षण देखिएको छ भने सामाजिक सञ्जालमा रोबोटले चिया बनाइरहेको भिडियो भाइरल हुन थालेको छ। कतिपयले यसलाई "भविष्यको झलक" भन्दै प्रशंसा गरेका छन् भने कतिपयले "मानव श्रम विस्थापनको संकेत" भन्दै चिन्ता व्यक्त गरेका छन्।*

*प्रविधि विज्ञहरूका अनुसार यस्ता साना प्रयोगहरूले नेपालमा पनि डिजिटल नवप्रवर्तन विस्तार भइरहेको देखाउँछ। यो घटनाले एउटा सन्देश दिएको छ-प्रविधि अब केवल ठूला उद्योगमा मात्र होइन, साना क्याफे र दैनिक जीवनमा पनि प्रवेश गर्न थालेको छ। चियाको स्वाद मात्र होइन, अनुभव पनि बदलिँदै गएको छ।*

---

# बालेन सरकार र सरकारी संचारका यी रैथाने ?

काठमाडौं। यतिखेर यसअघि सत्तामा नेतृत्व गरेका नेपाली काँग्रेस, नेकपा एमाले, तत्कालीन माओवादी केन्द्रलगायत पार्टीका नेता, कार्यकर्ता र समर्थकले सरकारी स्वामित्वमा संचालित संचारमाध्यमहरु भरिभराउ अवस्थामा छन्। सरकार नियन्त्रित नेपाल टेलभिजन, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, प्रेस काउन्सिल नेपाल, विज्ञापन बोर्ड न्यूनतम् पारिश्रमिक निर्धारण समितिलगायत निकायमा पुराना दलका कार्यकर्ताहरुको रजगज चलेको छ। जसकाकारण ती निकायहरु तत्कालीन सरकारको कमीकमजोरीलाई उजगार गर्ने भन्दापनि चाकडीका लागि बढी ढाकछोप गर्ने अखडाको रुपमा प्रयोग हुँदै आएको आरोप लाग्ने गरेको छ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालमा सार्वजनिक सेवा प्रसारण संस्थाको गठन गरेर सरकारी संचारमाध्यमलाई एकीकृत ढंगले संचालन गर्ने नाममा थप राजनीतिकरण गरिएको अवस्था छ। २०८१ मंसिर २८ गते बसेको मन्त्रिपरिषद्को निर्णय अनुसार सार्वजनिक सेवा प्रसारण संस्थाको अध्यक्ष पदमा डा. महेन्द्र विष्टलाई नियुक्त गरिएको थियो। अध्यक्ष विष्टले २०८१ पुस १ गते तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ समक्ष पद तथा गोपनीयताको शपथ लिएर २०८२ पुस २ गते पद बहाली गरेका थिए। त्यसयता उक्त संस्थालाई बलियो बनाउने र राष्ट्र र जनहितमा भूमिका खेल्ने भन्दा पनि सरकारले गरेका अनियमित र कमी कमजोरीको उजगार नगरेर ढाकछोप गर्दै पृष्ठपोषण गर्नमा सरकारी संचार माध्यमहरु बढी प्रयोग हुँदै आएको आरोप लाग्दै आएको छ।

अझ यी निकायमा राजनीतिबाहेक सेवा सुबिधा, बिनियोजित बजेटलगायत विषयमा चरम अनियमिता हुने गरेको संस्थाहरु दिनप्रति दिन घाटामा चलिरहेको सम्वद्ध स्रोत बताउँछ। यी सरकारी संचारका निकायमाथि अब नयाँ सरकारले के कस्तो व्यवहार गर्नेछ भन्ने विषय पत्रकारहरुले चासोकासाथ हेरिरहेका छन्। ती निकायमा कार्यरत कतिपय इमान्दार कर्मचारीहरुले दल नै पिच्छेका ट्रेड यूनियनहरुका कारण सेवा प्रवाहमासमेत अवरोध पुगेको गुनासो गर्दै आएका छन्।

ट्रेड यूनियनमा आवद्ध कर्मचारीहरु बिना काम चाकडीकै भरमा तलव भत्ता पड्काउँदै आएका छन्। ती निकायका आवश्यक पर्ने उपकरण, सामग्रीहरु खरिदमासमेत उनीहरुले चासो बढाउने गरेका छन्। यही कारण सरकारका लागि ती सरकारी सञ्चार माध्यम नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखा पत्र संस्थानहरु 'सेतो हात्ती' सरह बन्न पुगेको गुनासाहरु बाहिर आइरहेका छन्। आम जनताको लागि भन्दा पनि यी निकायहरु आजका दिनसम्म पनि सरकारको भजनमण्डली बनेकै कारण जनताको हेर्ने नजरसमेत बेग्लै हुँदै आएको छ।

तर, यी निकायमा राजनीति दलका कार्यकर्ता भर्तीकेन्द्र अर्थात् बढी राजनीतिकरण गरिदा नेपाली नागरिकहरुको पीडा र गुनासाहरुको सुनुवाई भइरहेको छैन। त्यसो हुँदा सरकारी सञ्चार माध्यमहरु सरकारले गरेका कमीकमजोरीको ढाकछोप गर्ने भजन मण्डलीबाट मुक्त गर्नै पर्ने अवस्था छ। सार्वजनिक सेवा प्रसारण संस्थामा पाँच सदस्यीय सञ्चालक समिति रहने व्यवस्था ऐनमा गरिएको छ। सोही बमोजिम मन्त्रीस्तरीय निर्णय गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०८१ पुस १२ गने नेपाल टेलिभिजनमा कार्यरत अनिता गुरुङलाई सदस्य मनोनयन गरेको थियो।

सोही दिन मन्त्रालयका सहसचिव गौरब गिरीलाई संस्थाको संचालक समिति सदस्य, २०८२ पुस २३ गते नेपाल टेलिभिजनका फूलमान वल तामाङ र डा. भूमिराज चापागाईंलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको थियो। सर्वजनिक सेवा प्रसारण नेपालको निमित्त प्रमुख प्रशासकीय अधिकृतमा भने विष्णुराम न्यौपाने रहेका छन्। हाल रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रसारणमा रुपान्तरण भएपनि उनीहरुले गुणस्तरीय, विश्वसनीय तथा प्रभावकारी विषयवस्तु जनउत्तरदायी भएर पस्कन सकिरहेका छैनन्।

गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति, प्रेस काउन्सिल नेपाल, न्यूनतम पारिश्रमिक निर्धारण समिति र राष्ट्रिय सूचना आयोग लगायत अन्य सरकारी निकायको हालत पनि उस्तै रहेको छ। ती निकायमा कार्यरत पदाधिकारीहरु दलीय भागवण्डाका अधारमा नियुक्त भएका सञ्चालकहरुको बिचमा काममा एकरुपमा नहुँदा प्राय सँधै विवादहरु बाहिर आउने गरेका छन्। यी सरकारी संचारमाध्यमहरुलाई विगतको भन्दा फरक ढंगले संचालन गर्न र दलीय भागबण्डाका आधारमा नियुक्ति भएकाहरुलाई बालेन सरकारले कसरी तह लगाएर काममा लगाउला भन्ने चासोको साथ हेरिएको छ।

# महासंघमा चुनावी तापः सहमति कि शक्ति संघर्ष ?

## ४० लाख व्यवसायीको नेतृत्व कसको हातमा ?

● साँघु संवाददाता

**काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघको ६०औँ वार्षिक साधारण सभा नजिकिँदै जाँदा निजी क्षेत्रभित्रको चुनावी तापक्रम तीव्र बन्दै गएको छ । २०८२ चैत २९ र ३० गते ललितपुरको ग्वार्खुस्थित होटल रोयल टुलिपमा हुने साधारण सभा र त्यसपछि हुने निर्वाचनले महासंघको आगामी नेतृत्व तय गर्नेछ ।साधारण सभा सम्पन्न भएपछि २०८२ चैत ३० गते बिहान ८ बजे कमलादीस्थित नेपाल प्रज्ञा भवनमा निर्वाचन हुने कार्यक्रम सार्वजनिक भएसँगै देशभरका उद्यमी-व्यवसायी चुनावी माहोलमा तानिएका छन् । महासंघमा आबद्ध करिब ४० लाख व्यवसायीका लागि यो नेतृत्व चयन सामान्य प्रक्रिया मात्र नभई निजी क्षेत्रको दिशा निर्धारण गर्ने महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ ।**

**साधारण सभा र प्रतिनिधित्वको स्वरूप**

साधारण सभामा जिल्ला-नगर संघबाट ३-३, वस्तुगत संघबाट २-२ तथा द्विराष्ट्रिय र एसोसिएट सदस्यबाट १-१ प्रतिनिधि सहभागी हुनेछन् । महासंघको संशोधितविधानअनुसार अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महिला उपाध्यक्ष र कोषाध्यक्षबाहेक अन्य पदमा मात्र प्रत्यक्ष निर्वाचन हुने व्यवस्था छ ।

संशोधित विधान अनुसार, जिल्ला/नगर, वस्तुगत र एसोसिएटतर्फका उपाध्यक्षसहित कार्यकारिणी सदस्यहरू निर्वाचनबाट चयन हुनेछन् भने वरिष्ठ उपाध्यक्ष, महिला उपाध्यक्ष र कोषाध्यक्ष कार्यकारिणी समितिले चयन गर्ने व्यवस्था छ । यही संरचनाले महासंघभित्र चुनावी प्रतिस्पर्धालाई फरक ढङ्गले प्रभावित पार्ने गरेको देखिन्छ ।

**सहमतिको अपिल, प्रतिस्पर्धाको यथार्थ**

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको विषम आर्थिक परिस्थितिलाई मध्यनजर गर्दै नेतृत्व चयन सहमतिमै गर्नुपर्ने धारणा सार्वजनिक रूपमा राख्दै आएका छन् । पछिल्ला वर्षहरूमा आर्थिक मन्दी, लगानीमा गिरावट र निजी क्षेत्रमाथि देखिएका चुनौतीहरूका कारण विभाजित नेतृत्वभन्दा एकीकृत नेतृत्व आवश्यक रहेको उनको तर्क छ ।

तर, व्यवहारमा भने महासंघभित्र प्रतिस्पर्धा तीव्र देखिएको छ । दुई प्रमुख समूहले आ-आफ्ना प्यानल घोषणा गर्दै चुनावी अभियान सुरु गरिसकेका छन् । यसले सहमतिको सम्भावना क्रमशः कमजोर बन्दै गएको संकेत गर्छ ।

**अन्जन समूहको तयारी**

महासंघका वर्तमान वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ विधानअनुसार स्वतः अध्यक्ष बन्ने अवस्थामा रहेका छन् । उनले आफ्नो नेतृत्वमा बन्ने कार्यकारिणीका लागि छुट्टै समूह घोषणा गर्दै चुनावी अभियान सुरु गरिसकेका छन् ।

उनको समूहले वस्तुगत उपाध्यक्षमा शिवप्रसाद घिमिरे, एसोसिएट उपाध्यक्षमा प्रवलजंग पाण्डे तथा जिल्ला/नगर उपाध्यक्षमा दिलसुन्दर श्रेष्ठ र कृष्णप्रसाद शर्मालाई अघि सारेको छ । वरिष्ठ उपाध्यक्ष पदका लागि भने रामचन्द्र संघाई वा सुरकृष्ण वैद्यमध्ये एकलाई अघि सार्ने गरी छलफल भइरहेको बताइन्छ ।

अन्जन समूहले अनुभवी र संगठनमा लामो



समयदेखि सक्रिय व्यक्तिहरूलाई समेटेर बलियो टिम निर्माण गरेको दावी गरेको छ । महासंघभित्र पनि उक्त समूह प्रभावशाली देखिएको चर्चा छ ।

**हेमराज समूहको चुनौती**

अर्कोतर्फ, वस्तुगत उपाध्यक्ष हेमराज ढकालले पनि नेतृत्वका लागि दावेदारी प्रस्तुत गर्दै आफ्नो प्यानल सार्वजनिक गरेका छन् । उनले वरिष्ठ उपाध्यक्षमा आफूलाई नै अघि सार्दै अन्य पदका उम्मेदवारहरू पनि घोषणा गरिसकेका छन् ।

उनको समूहले एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ, जिल्ला/नगर उपाध्यक्षमा उमेश डालमिया र कल्पना गैरे तथा वस्तुगत उपाध्यक्षमा नरेशलाल श्रेष्ठलाई अघि सारेको छ ।

ढकाल समूहले समावेशी र सन्तुलित टिम निर्माण गरेको दाबी गर्दै प्रतिस्पर्धामा आफूहरू सक्षम रहेको बताइरहेको छ । यद्यपि महासंघभित्र यो समूह तुलनात्मक रूपमा कमजोर रहेको चर्चा पनि भइरहेको छ ।

**संरचना र प्रणालीको प्रभाव**

महासंघको निर्वाचन प्रणालीले पनि प्रतिस्पर्धाको स्वरूप निर्धारण गर्ने गरेको देखिन्छ । अध्यक्ष स्वतः चयन हुने व्यवस्था, केही पद कार्यकारिणीबाट चयन हुने प्रावधान र सीमित पदमा मात्र प्रत्यक्ष निर्वाचन हुने प्रणालीले पूर्ण प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न कठिन हुने विश्लेषण गरिएको छ ।

यसले नेतृत्व चयन प्रक्रियामा पारदर्शिता र प्रतिस्पर्धात्मकताको विषयलाई बेला-बेला प्रश्नको घेरामा ल्याउने गरेको छ ।

**व्यवसायीको अपेक्षा र यथार्थ**

महासंघको चुनावसँगै सामान्य व्यवसायीको अपेक्षा भने स्पष्ट छ–स्थिर नीति, लगानीमैत्री वातावरण र व्यवसाय सञ्चालनमा सहजता ।

तर, अहिलेको चुनावी बहसमा यी मुद्दाहरूभन्दा प्यानल र प्रतिस्पर्धा बढी हावी देखिन्छन् । आर्थिक मन्दी, बैंकिङ संकट, कर नीतिको जटिलता र आयात-निर्यात असन्तुलन जस्ता विषयहरू नेतृत्व चयनको केन्द्रमा आउनुपर्ने भए पनि ती विषयहरू सीमित चर्चामै रहेका छन् ।

**अन्तिम मोडमा महासंघ**

यस पटकको निर्वाचनले महासंघभित्रको शक्ति सन्तुलन मात्र होइन, निजी क्षेत्रको भावी दिशा पनि तय गर्नेछ । सहमतिमा नेतृत्व चयन हुन्छ कि प्रतिस्पर्धाबाट नयाँ शक्ति उदय हुन्छ भन्ने प्रश्नको उत्तर अब केही दिनमै स्पष्ट हुनेछ । तर, एउटा कुरा निश्चित छ-महासंघको नेतृत्व केवल पदको विषय होइन, निजी क्षेत्रको विश्वास र भविष्यसँग जोडिएको विषय हो ।

### मुख्य प्रतिस्पर्धी समूहहरू को कति पानीमा

**अन्जन समूहको दावी**
स्वतः अध्यक्षः अन्जन श्रेष्ठ
दाबीः अनुभवी र बलियो संगठन
मुख्य आधारः वस्तुगत र एसोसिएट नेटवर्क
**हेमराज समूह**
वरिष्ठ उपाध्यक्ष दावेदारः हेमराज ढकाल
दाबीः सन्तुलित र समावेशी टिम
चुनौतीः संगठनात्मक पकड कमजोर
चुनावका निर्णायक एजेन्डा (तर ओझेलमा)
आर्थिक मन्दीबाट निकास
लगानीमैत्री वातावरण
बैंक ब्याजदर नियन्त्रण
कर नीतिमा सुधार
आयात प्रतिस्थापन र उत्पादन वृद्धि
तर, चुनावी बहसमा यी मुद्दा कमजोर देखिएका छन् ।
**० विवादको केन्द्रः निर्वाचन प्रणाली**
अध्यक्ष स्वतः चयन हुने व्यवस्था
केही पद कार्यकारिणीबाट चयन
सीमित पदमा मात्र प्रत्यक्ष निर्वाचन
**० प्रश्नः पूर्ण लोकतान्त्रिक प्रतिस्पर्धा किन हुँदैन ?**
अध्यक्ष ढकालको सन्देश बनाम यथार्थ
सन्देशः सहमतिमा नेतृत्व चयन गरौं
यथार्थः दुई प्यानलबीच तीव्र प्रतिस्पर्धा
**० सहमति–नारा मात्र कि सम्भावना ?**
० निजी क्षेत्रको चिन्ता
उद्योग बन्द हुने क्रम बढ्दो
लगानी घट्दो
बैंकिङ दबाब उच्च
रोजगारी संकट
० यस्तो अवस्थामा नेतृत्व कति प्रभावकारी ?
० साँघु टिप्पणी
महासंघको चुनाव पदको खेल होइन-निजी क्षेत्रको भविष्यको परीक्षा हो । नेतृत्व बदलिएर मात्र पुग्दैन, सोच बदलिनु जरुरी छ ।

### को–को भिड्दैछन् ?

**अन्जन समूह**
अध्यक्ष (स्वतः): अन्जन श्रेष्ठ
वस्तुगत उपाध्यक्षः शिवप्रसाद घिमिरे
एसोसिएट उपाध्यक्षः प्रवलजंग पाण्डे
जिल्ला/नगर उपाध्यक्षः दिलसुन्दर श्रेष्ठ, कृष्णप्रसाद शर्मा
**हेमराज समूह**
वरिष्ठ उपाध्यक्षः हेमराज ढकाल
एसोसिएट उपाध्यक्षः ज्योत्सना श्रेष्ठ
जिल्ला/नगर उपाध्यक्षः उमेश डालमिया, कल्पना गैरे
वस्तुगत उपाध्यक्षः नरेशलाल श्रेष्ठ
**किन महत्वपूर्ण छ यो चुनाव ?**
निजी क्षेत्रको एकीकृत आवाज निर्धारण
आर्थिक मन्दीबीच नेतृत्वको दिशा तय
सरकारसाग वार्ताको शक्ति निर्माण
लगानी र उद्योगको भविष्य प्रभावित
**प्रणालीमै समस्या ?**
अध्यक्ष स्वतः चयन हुने व्यवस्था
सीमित पदमा मात्र प्रत्यक्ष निर्वाचन
कार्यकारिणीबाट पद चयन हुने प्रावधान
**पूर्ण प्रतिस्पर्धा नभएको आरोप**
व्यवसायीका मुख्य माग
ब्याजदर नियन्त्रण
कर नीतिमा सुधार
लगानीमैत्री वातावरण
आयात-निर्यात सन्तुलन
**नेतृत्वभन्दा परिणाममा जोड**
**चुनावको मूल प्रश्न**
**सहमति कि प्रतिस्पर्धा ?**
**नेतृत्व कि शक्ति संघर्ष ?**
**० व्यवसायीको हित कि समूहको नियन्त्रण ?**

# २२ काण्डको फाइल खोल्न बालेनलाई ज्ञानेन्द्रको खुला आग्रह

● साँघु टिप्पणीकार

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद ज्ञानेन्द्र शाहीले प्रधानमन्त्रीको शपथ लिएका बालेन्द्र शाहलाई देशका २२ ठूला भ्रष्टाचार काण्डको निष्पक्ष छानबिन गर्न सार्वजनिक आग्रह गरेका छन् ।

**नयाँ आशा कि पुरानै खेल ?**

सामाजिक सञ्जालमार्फत सन्देश जारी गर्दै शाहीले बालेनको आगमनसँगै देशमा नयाँ आशा पलाएको उल्लेख गरेका हुन् । उनले भ्रष्टाचारविरुद्ध आफूले लामो समयदेखि संघर्ष गर्दै आएको स्मरण गराउँदै अबको नेतृत्वले विगतका गम्भीर प्रकरणमा पर्दा हाल्ने होइन, दोषीलाई कानूनी कठघरामा उभ्याउने साहस देखाउनुपर्ने बताएका छन् ।

**'अब बोल्ने होइन, गर्ने बेला'**

सांसद शाहीको सन्देश केवल एक सामान्य राजनीतिक टिप्पणी होइन, अहिलेको सत्तापरिवर्तनसँग जोडिएको जनअपेक्षाको अभिव्यक्ति पनि हो । नेपालमा हरेक नयाँ नेतृत्वसँग परिवर्तनको आशा जोडिने गरेको छ, तर विगतले देखाएको यथार्थ भने ठीक उल्टो छ । ठूलाठूला भ्रष्टाचार काण्ड बाहिर आए, छानबिनका समिति बने, संसदीय बहस भए, अख्तियार र अदालतमा फाइल पुगे, तर अन्ततः धेरै प्रकरण राजनीतिक संरक्षण, प्रशासनिक ढिलाइ र संस्थागत कमजोरीकै कारण अलपत्र पर्दै गए । यही सन्दर्भमा शाहीले बालेनतर्फ हेर्दै अब कम्तीमा जनताले सुन्दै आएको 'शून्य सहनशीलता' नारा व्यवहारमा उतार्ने बेला आएको सन्देश दिन खोजेका छन् ।

**व्यक्तिगत पीडाबाट सार्वजनिक प्रश्न**

शाहीले आफ्नो सन्देशमा वि.सं. २०७६ जेठ १५ र असोज ११ गते सुर्खेत र चितवनमा आफूमाथि भएको साङ्घातिक आक्रमणको प्रसंग पनि उठाएका छन्। भ्रष्टाचारविरुद्ध आवाज उठाएकै कारण आफू ज्यानको जोखिममा परेको उनको दाबी छ ।

उनले सांसदका रूपमा साढे दुई वर्षसम्म भ्रष्टाचारका मुद्दामा निरन्तर बोल्दा घाँटी दुखेको, तर राज्य संयन्त्रले कार्यान्वयनतर्फ गम्भीरता नदेखाएको गुनासो गरेका छन् । यही अनुभवका आधारमा उनले अब नयाँ नेतृत्वबाट कम्तीमा सुन्ने होइन, गर्ने आशा राखेको संकेत दिएका छन् ।

**काण्डहरूको लामो सूची, छोटो न्याय**

शाहीले छानबिनको दायरामा ल्याउनुपर्ने भनेर उल्लेख गरेका २२ वटा काण्ड नेपाल राज्यका विगत केही दशकका सबैभन्दा चर्चित र विवादास्पद प्रकरण हुन् । उनले लाउडा जहाज भ्रष्टाचारदेखि वाइडबडी जहाज खरिद प्रकरणसम्म, सुडान घोटालादेखि लडाकु शिविर अनियमिततासम्म, ललिता निवास, पतञ्जलि जग्गा, गिरीबन्धु टी-इस्टेट, टीकापुर जग्गा, लिची बगान, बालमन्दिर र बाँसबारी जग्गा प्रकरणसम्मका मुद्दा उठाएका छन् ।

यसैगरी नक्कली भुटानी शरणार्थी प्रकरण, भिजिट भिसा प्रकरण, ओम्नी औषधि खरिद प्रकरण, नेपाल ट्रस्टको जग्गा प्रकरण,





३३ किलो सुन तस्करी, ६० किलो सुन तस्करी, सहकारी ठगी, सेक्युरिटी प्रेस खरिद, टेरामक्स, अन्तःशुल्क स्टिकर, मेलम्ची आयोजना र एनसेल प्रकरण पनि उनले सूचीमा राखेका छन् ।

**फाइल खुल्छ कि फेरि थन्किन्छ ?**

यीमध्ये कतिपय प्रकरणमा अनुसन्धान भएको छ, कतिपयमा मुद्दा दायर भइसकेका छन्, कतिपयमा राजनीतिक आरोप-प्रत्यारोप बाक्लै चलेका छन् र कतिपयमा छानबिनको नाटक बढी, निष्कर्ष कम देखिएको छ । तर, शाहीको जोड सूची लामो बनाउनेमा होइन, यी सबैलाई निष्पक्ष ढंगले अन्त्यसम्म पुऱ्याउनेतर्फ छ । उनको सन्देशको सार यही हो कि भ्रष्टाचारका काण्डमा 'ठूलो मान्छे' छुट्ने र 'सानो मान्छे' मात्र समातिने परम्परा अब रोकिनुपर्छ ।

**लोकप्रियता बनाम निर्णय**

बालेन्द्र शाहलाई केन्द्रमा राखेर गरिएको यस्तो आग्रह राजनीतिक रूपमा पनि अर्थपूर्ण छ । बालेनको राजनीतिक उभार परम्परागत दल र पुराना शैलीप्रतिको जनअसन्तोषको परिणाम मानिन्छ । त्यसैले उनीमाथि अपेक्षा पनि सामान्य नेतामाथिको जस्तो छैन । उनीबाट 'भिन्न' कामको अपेक्षा छ, 'नयाँ' निर्णयको अपेक्षा छ, र सबैभन्दा बढी, जनताले धेरै वर्षदेखि सुनिरहेका तर नदेखेका कामको अपेक्षा छ । शाहीको सन्देश यही मनोविज्ञानमा टेकेर आएको देखिन्छ ।

**छानबिन किन अड्किन्छ ?**

नेपालमा भ्रष्टाचारविरुद्धको बहस प्रायः दुई तहमा हुने गरेको छ । एउटा, भाषणमा कडा देखिने राजनीति ! अर्को, व्यवहारमा कमजोर हुने राज्यसंयन्त्र । निर्वाचनका बेला सबै दलले भ्रष्टाचार नियन्त्रणको वाचा गर्छन् । सरकारमा पुगेपछि भने उही फाइल हराउने, उही समितिको प्रतिवेदन थन्किने, उही शक्तिकेन्द्र सक्रिय हुने र उही सम्झौतामा मुद्दा सेलाउने क्रम दोहोरिन्छ । परिणामतः जनतामा एउटा गहिरो निराशा बसिसकेको छ-नेपालमा ठूला भ्रष्टाचार काण्डको अन्तिम निष्कर्ष कहिल्यै निस्कँदैन । ज्ञानेन्द्र शाहीको आग्रहलाई यही निराशामाथिको राजनीतिक चोटका रूपमा पनि बुझ्न सकिन्छ ।

**सत्ता, पैसा र संरक्षणको गठजोड**

उनले उठाएका २२ काण्डमध्ये धेरै यस्ता छन्, जसले राज्यका उच्च तह, प्रभावशाली दल, ठूला व्यापारी समूह, प्रशासनिक शक्ति र अन्तर्राष्ट्रिय चलखेलसम्मलाई छोएका छन् । त्यसैले यस्ता प्रकरणको निष्पक्ष छानबिन गर्नु केवल कानुनी प्रश्न मात्र होइन, राजनीतिक इच्छाशक्ति, प्रशासनिक दृढता र संस्थागत स्वतन्त्रताको परीक्षा पनि हो। शाहीले बालेनलाई सिधै यही कठिन बाटोमा हिँड्न भनेका छन् ।

**जनताको धैर्य सकिँदै**

अहिले देशमा नयाँ नेतृत्वप्रति एक प्रकारको उत्साह छ । पुराना अनुहार, पुरानै आश्वासन र पुरानै असफलताबाट थाकेको समाजले नयाँ नाममा भरोसा खोजिरहेको छ । तर, त्यही समाजले विगतका अनुभवबाट सिकेर सावधानी पनि अपनाएको छ । उसले केवल भाषण सुन्न चाहेको छैन ! उसले परिणाम खोजिरहेको छ । यस कारण पनि शाहीको आग्रह बालेनका लागि राजनीतिक दबाब मात्र होइन, सार्वजनिक विश्वासको परीक्षा जस्तै बनेको छ ।

**अब निर्णय बालेनको**

अब प्रश्न उठ्छ–के २२ काण्डको फाइल साँच्चै खुल्ला त ? के राज्यका प्रभावशाली पात्र, दलनिकट व्यापारी, पूर्वपदाधिकारी, संरक्षणदाताहरूको घेरो तोड्न सकिनेछ ? कि फेरि पनि नारा एकातिर र व्यवहार अर्कोतिर हुने पुरानै नियति दोहोरिनेछ ? यही प्रश्न आजको राजनीतिक बहसको केन्द्रमा छ ।

ज्ञानेन्द्र शाहीले उठाएको मुद्दाको सार अन्ततः यही हो–यदि नयाँ नेतृत्व साँच्चै नयाँ हो भने उसले विगतका ठूला भ्रष्टाचार काण्डमा हात हालेर देखाओस्। जनताले वर्षौंदेखि सुन्दै आएका लाउडा, वाइडबडी, सुडान, ललिता निवास, भुटानी शरणार्थी, सुन तस्करी, सहकारी, सेक्युरिटी प्रेस, टेरामक्स, मेलम्ची र एनसेलजस्ता प्रकरण अब फेरि भाषणका मसला मात्र बन्नु हुँदैन ।

नयाँ प्रधानमन्त्रीका रूपमा बालेन्द्र शाहले अब कस्तो बाटो रोज्छन्, त्यसले उनको राजनीतिक पहिचान निर्धारण गर्नेछ । उनी केवल आशाको प्रतीक बनेर बस्ने हुन् कि दण्डहीनतामाथि प्रहार गर्ने नेतृत्वका रूपमा उभिने हुन्-अब उत्तर उनको कदमले दिनेछ ।

## *भाटभटेनीमा जापानी सौन्दर्यको प्रवेश*

*काठमाडौं । भाटभटेनी सुपरमार्केट तथा होमा जापानी कस्मेटिक, स्किन केयर तथा हेल्थ केयर प्रोडक्ट्सको बिक्री-वितरणका लागि सहकार्यको थालनी भएको छ । अबदेखि जापानी स्किन केयर तथा कस्मेटिक आयातकर्ता होमाद्वारा नेपाली बजारमा आयात तथा बिक्री-वितरण गरिने सम्पूर्ण उत्पादनहरू भाटभटेनी सुपरमार्केटमा उपलब्ध हुनेछन् । होक्काइडो बिजनेस ग्रुप नेपालअन्तर्गतको होमाले सन् २०२३ देखि आधिकारिक रूपमा जापानी कस्मेटिक, स्किन केयर तथा हेल्थ केयर प्रोडक्ट्सहरू नेपाली बजारमा भित्राएको बताइन्छ ।*

*भाटभटेनी सुपरमार्केटका कलंकी, पाटन, सातदोबाटो, भक्तपुर, महाराजगञ्ज, कोटेश्वर तथा टोखासहित सात स्थानबाट विशेष अफरहरूसहित जापानी उत्पादनहरू उपलब्ध हुनेछन् । जसको गुणस्तरसहित आम उपभोक्ताको स्किन हेल्थमा पार्ने सकारात्मक प्रभाव सम्बन्धी जनचेतनामूलक सन्देश प्रवाह गर्ने उद्देश्यसहित आधिकारिक बिक्री-वितरणको शुरुआत गरिएको छ । ०८२ चैत १० गतेबाट शुरु गरिएका विभिन्न सचेतनामूलक कार्यक्रमहरूमा सहभागी हुने होमा तथा भाटभटेनीका ग्राहकहरूले विभिन्न अफरहरू, छुट, क्यास कुपन तथा फ्री गिफ्ट्स प्राप्त गर्न सक्नेछन् । यसका लागि भाटभटेनीमा रहेका होमा सेन्टर तथा भाटभटेनीका कस्टमर सर्भिस डेस्कमा ग्राहकहरूले सम्पर्क राख्नुपर्नेछ । २०८२ चैत १० देखि आगामी २० दिनका लागि सञ्चालन हुने यस कार्यक्रममा सहभागी हुनेमध्ये १४ जना भाग्यशाली ग्राहकले हरेकले ५ हजार रुपैयाँ बराबरका होमाका उत्पादन हात पार्न सक्ने बताइएको छ ।*

*सहभागी हरेक ग्राहकले होमामा प्रयोग गर्न सकिने २० प्रतिशत छुटको गिफ्ट भौचरसमेत प्राप्त गर्न सक्नेछन् । साथै, होमाले आयात गर्ने एससेलेक्ट, टी थ्री र जेटोक्क किड्स ब्रान्डका उत्पादनहरू उपहारस्वरूप प्राप्त गर्नेछन् । यस अवधिमा भाटभटेनी सुपरमार्केट गएर होमाका उत्पादनहरू खरिद गर्ने ग्राहकहरूले हरेक ३ हजार रुपैयाँको खरिदमा १ हजार रुपैयाँ बराबरको गिफ्ट भौचर प्राप्त गर्नेछन् ।*

*जसको प्रयोग डेकाईडो बुढानीलकण्ठमा डाइनिङ गर्दा होस् वा होमाका कुनै पनि सामग्री खरिद गर्दा होस्, गर्न सकिनेछ । नेपाली ग्राहकलाई जापानी उत्पादनको गुणस्तरीयताको अनुभूति दिलाउनु होमाको पहिलो लक्ष्य हो । कम्पनीका अध्यक्ष अर्जुन अधिकारीका अनुसार लामो समय जापान बसेर त्यहाँका उत्पादनको गुणस्तरीयताको मापदण्डबारे बुझिएको छ । जसले जापानीहरूको स्वास्थ्यमा पारेको सकारात्मक प्रभाव बुझेपछि आफूलाई नेपालमा त्यस्ता प्रिमियम उत्पादन ल्याउन रहर लागेको उनको भनाइ छ ।*

*होमा नेपाली बजारमा जापानी उत्पादनको आयातकर्ता बन्ने मात्र होइन, भविष्यमा जापानी ब्रान्डका लागि नेपाली उत्पादकसमेत बनेर निर्यातको लक्ष्य राखेको छ । हामीले नेपालमा हजारौं रोजगारी सिर्जनाको खाका कोरेका छौं भन्ने उनको तर्क रहेको छ । २० दिनसम्म चल्ने यो सचेतनामूलक कार्यक्रमले जापानी हेल्थ एण्ड ब्युटी केयर प्रोडक्टप्रति नेपाली उपभोक्ताको थप चासो बढ्ने अपेक्षा गरिएको छ ।*



# अर्थात् : जेमन्त



**– शरदराज गौतम –**

*जनताको अभिमतबाट सत्ताच्युत हुन पुगेको एमालेलाई*
*सरकारप्रति लगाइने जुनसुकै लाञ्छनाका लागि छुट छ ।*
*हुनु पनि पर्दछ ।*
*सरकारका हरेक ज्यादतिप्रति प्रतिरोध पनि जरुरी छ ।*
*हुनु पनि पर्दछ ।*
*सरकारलाई विधिसम्मत हिंड्न दबाब दिनु जरुरी छ ।*
*हुनु पनि पर्दछ ।*
*तर, कर्द जताबाट खसे पनि घाउ फर्सीलाई नैं पर्ने हो ।*
*नेपाली आहानलाई संस्मरण गर्दा*
*एमाले फर्सीको चोटमा पर्दै जाने हो कि, डर लाग्छ ।*
*एमाले यत्तिको सुकिलो, मर्यादिलो र सुकुल गुण्डो बनाएको*
*छयालिसको आन्दोलन पछिको अभ्यासले हो ।*
*सुध्रिएको एमाले त अझै एकावन्न पछि हो ।*
*नत्र, हामी सबै साक्षी हौं,*
*रेलिङ भाँच्दा तिनको आक्रोशको ।*
*नत्र, हामी सबै मलामी हौं,*
*मदन मर्दा तिनको शोकलाई शक्तिमा बदल्ने आक्रोशको ।*
*हामी सब जन्तीतिरका हौं,*
*दिउँसै सर्बोच्चलाई तथानाम गाली गर्दै भट्ट्याएर देउसी खेल्दाको ।*
*आजको एमाले त्यसै यस्तो सुकिलो मुकिलो भएको हैन, के ।*
*धोएर गधा अर्थोक हुनै सक्तैन ।*
*कानूनको सर्बोच्चता स्वीकार्न धेरै ठाउँमा सरकार चुक्छ ।*
*शासकीय विकासक्रममा प्रमाणित भएको तथ्य हो ।*
*सरकार जहिल्यै निरंकुस र अहंकारी हुन्छ ।*
*मानवीय सभ्यताले विकास गरेको न्याय पद्धति पनि यहीँनेर हो ।*
*न्याय पद्धतिमा विश्वास छैन भन्न जत्ति पाइयो ।*
*तर, त्यसले निर्देश गर्ने सरहदमा बस्दिन भन्न पाइएन ।*
*आजको कानूनी राज्यको सरहदमा एमाले आफै सामेल भएको हो ।*
*एमाले फर्सी हुन लागेको त्यसैले पनि हो ।*
*कर्द माथिबाट चलाउनुस् कि कर्दमाथि फर्सी फाल्नुस् ।*
*चोट त फर्सीलाई नै लाग्ने हो ।*
*तपाईं कानूनको सर्वोच्चता मान्छु भन्नु हुन्छ भने*
*कर्दको मारसित सहमति जनाउनै पर्दछ ।*
*पूर्व प्रधानमन्त्रीको गिरफ्तारी सही कि गलत*
*तपाईं आफैले बनाएको र विश्वास गरेको अदालत छ ।*
*अझै आफ्नै कार्यकर्ताले भरमार पनि छ ।*
*न्यायकर्तामा विश्वास छैन भने, कार्यकर्ता मान्दा पनि भो ।*
*सरकार गिरफ्तारीमा गलत छ,*
*सरकारको गठन गलत छ,*
*भरखर सम्पन्न चुनाव गलत छ,*
*र, लाम लागेर भोट हाल्ने जनता...।*
*गलत छन् ।*
*फर्सी कताबाट खसाल्ने, एमाले हुनुस् कि कर्द ।*
*सरकारप्रति देखाउने विरोधको शान्तिपूर्ण प्रदर्शनले*
*एमालेलाई कानूनी राज्यप्रतिको उसको निष्ठा देखाउने छ ।*
*होइन,*
*गोली चल्ने बित्तिकै प्रधानमन्त्री र गृहमन्त्री थुनिनु पर्ने*
*नजिर बनाउन भनि लागेको हो भने*
*कानूनी राज्यको निष्ठामा एमाले फेरि चुक्ने छ ।*
*एमालेको सहनशिलताको परीक्षण हो, यो ।*
*न्याय प्रणाली र कानूनी सर्बोच्चतामा*
*सरकारलाई निउरी मुन्टी न गराउन सक्ने क्षमताको ।*
*म त भन्छु,*
*एमालेलाई फर्सी हुन जोगाउन निष्ठावानहरु अघि आउनु राम्रो ।*
*र, सरकारका सारा गलफत्तिमा जिम्मेवारी देखाउनु राम्रो ।*
*नत्र, विधिको शासनबाट पार्टीको विश्वास उध्रिनेछ ।*
*मुलुक फेरि उछिट्टिएर अफगानी तालीबानी बन्नेछ ।*
*मलाई त लाग्छ,*
*एमालेसित उपलब्ध यो महान अवसर हो*
*प्रजातान्त्रिक दलको रुपमा दर्बिलो बनेर निस्किने ।*
*आगे छौंडा सब जाने*
*कि तिनका मतियार !*

## बालेनको अपरेशनले...

रूपमा हेर्छन् । उनीहरूका अनुसार दशकौंदेखि राजनीतिक पहुँचको आडमा जोगिँदै आएका आर्थिक अपराध र शक्ति दुरुपयोगका घटनामा पहिलोपटक ठूला नाममाथि हात हाल्ने साहस सरकारले देखाएको छ । राज्यले साना माछा मात्र समात्ने प्रवृत्तिबाट बाहिर निस्कनु आवश्यक थियो भन्ने उनीहरूको तर्क छ ।

तर, आलोचकहरू सावधान गरिरहेका छन्- यदि प्रमाण, प्रक्रिया र पारदर्शिता कमजोर भयो भने यस्तो अभियान सुशासनको होइन, प्रतिशोधको उपकरण बन्न सक्छ । विशेषतः जब कारबाहीको दायरा शीर्ष राजनीतिक व्यक्तित्वसम्म पुग्छ, तब प्रत्येक कदम कानूनी मात्र होइन, राजनीतिक सन्तुलनसँग पनि जोडिन्छ ।

अहिलेको अवस्था हेर्दा एउटा कुरा स्पष्ट छ-राजनीति सतहमा शान्त देखिए पनि भित्रभित्रै ठूलो हलचल चलिरहेको छ । नेताहरूबीच गोप्य भेटघाट बढेका छन्, कानूनी सल्लाहहरू तीव्र भएका छन् र सुरक्षा संयन्त्रको गतिविधि पनि असामान्य रूपमा सक्रिय देखिएको छ ।

अब सबैको ध्यान २०८२ चैत १६ को बिहानमा केन्द्रित हुँदैछ । के झिसमिसेमै अर्को ठूलो 'अपरेशन' हुन्छ होला ? वा यो केवल मनोवैज्ञानिक दबाबको खेल मात्र हुने हो ? यसको उत्तरले नेपालको राजनीतिलाई नयाँ मोड दिने निश्चित देखिन्छ ।

## सरकारका सय...

हुने टिप्पणी गरिएको छ ।

कार्यसूचीको पहिलो खण्डमा राजनीतिक र सामाजिक प्रतिबद्धता समेटिएको छ । सरकारले २०८२ भदौको 'जेन-जी आन्दोलन'का शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको निःशुल्क उपचार र पुनर्स्थापनाका लागि एकीकृत प्याकेज ल्याउने प्रतिबद्धता जनाएको छ ।

आन्दोलनका क्रममा भएका घटनाको छानबिन गर्न उच्चस्तरीय समिति बनाउने, ७ दिनभित्र संविधान संशोधनसम्बन्धी बहस पत्र ल्याउने र ऐतिहासिक रूपमा उत्पीडित समुदायसँग औपचारिक क्षमायाचना गर्दै १५ दिनभित्र सुधार कार्यक्रम घोषणा गर्ने योजना पनि उल्लेख छ ।

प्रशासनिक सुधार अन्तर्गत संघीय मन्त्रालयको संख्या १७ मा सीमित गर्ने, अनावश्यक दोहोरोपन हटाउने र खर्च कटौती गर्ने प्रस्ताव अघि सारिएको छ। निजामती कर्मचारी, शिक्षक र प्राध्यापकलाई दलीय आबद्धता तथा ट्रेड युनियन प्रभावबाट मुक्त गर्ने लक्ष्य राखिएको छ । प्रत्येक मन्त्रालयले ७ दिनभित्र आफ्नो मुख्य १० कार्य र एएक्ष सार्वजनिक गर्नुपर्ने व्यवस्था गर्दै 'डेलिभरी बेस्ड गभर्नेन्स' लागू गर्ने भनिएको छ ।

डिजिटल शासन र सेवा प्रवाह सरकारको अर्को महत्त्वपूर्ण प्राथमिकता बनेको छ । सरकारी सेवाहरूलाई 'फेसलेस' र 'पेपरलेस' बनाउने, नागरिकले एकपटक बुझाएको विवरण फेरि नदोहोऱ्याउने, 'अटो-फिल' प्रणाली विकास गर्ने, र राहदानी, नागरिकता, लाइसेन्सजस्ता कागजात १०० दिनभित्र घरदैलोमै पुऱ्याउने योजना राखिएको छ । डिजिटल हस्ताक्षरलाई मान्यता दिने र प्रधानमन्त्री कार्यालय मातहत शक्तिशाली सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय स्थापना गर्ने प्रस्ताव पनि गरिएको छ ।

सुशासन र भ्रष्टाचार नियन्त्रण का क्षेत्रमा २०६२/६३ यता सार्वजनिक पद धारण गरेका उच्च पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्न १५ दिनभित्र शक्तिशाली समिति गठन गर्ने उल्लेख छ । बैंक खाता, शेयर र डिजिटल वालेट समेट्ने एकीकृत डिजिटल सम्पत्ति रजिस्ट्री बनाउने तथा 'रेड फ्ल्याग' प्रणालीमार्फत शंकास्पद कारोबार पहिचान गर्ने योजना पनि महत्त्वपूर्ण मानिएको छ ।

त्यसैगरी लगानी, पूर्वाधार र आर्थिक सुधार अन्तर्गत २ दिनभित्र उद्योग दर्ता हुने 'स्टार्टअप फास्ट ट्र्याक', २५ करोडसम्मका उद्योगको दर्ता शुल्क खारेज, रुग्ण आयोजनाको पुनरावलोकन, रोकिएका पीपीए १८० दिनभित्र टुङ्ग्याउने तथा 'नेपाल वेलनेस इयर २०२७' मनाउने जस्ता बुँदा समेटिएका छन् । राजस्व र वित्तीय अनुशासन तर्फ निष्क्रिय बैंक खाताको रकम राज्यकोषमा ल्याउने, ठूला व्यवसायमा एक महिनाभित्र ई-बिलिङ अनिवार्य गर्ने जस्ता प्रस्ताव छन् ।

समग्रमा, १०० बुँदे कार्यसूची दिशा र इच्छाशक्ति दुवै देखाउने दस्तावेज हो। तर, बजेट, स्रोत र कार्यान्वयन संयन्त्रबिनाको योजना केवल घोषणामै सीमित हुने खतरा उत्तिकै छ । त्यसैले अबको वास्तविक परीक्षा घोषणा होइन, कार्यान्वयन हुनेछ ।

## कांग्रेस...

महाधिवेशनको मिति धकेलिएकाले क्रियाशील सदस्यता नवीकरणको चरण अब निर्णायक बन्ने देखिएको छ । यही प्रक्रियाबाट कांग्रेसको ठूलो पंक्ति बाहिरिन सक्ने सम्भावना चर्चा भइरहेको छ ।

तर अर्को पक्ष पनि छ । यदि सर्वोच्च अदालतको फैसला शेरबहादुर देउवा समूहका पक्षमा गयो भने थापा समूहलाई उल्टै समस्या पर्न सक्छ । यद्यपि, भूराजनीतिक समर्थन भने थापा समूहले पाइरहेको विश्लेषण गरिँदै आएको छ । यही कारण कांग्रेसभित्रको आगामी टकराव अझ रोचक र जटिल बन्ने संकेत देखिएको छ ।

## दलाई लामाको...

त्यसमाथि, गौरीबहादुर कार्कीको प्रतिवेदनले जेनजी आन्दोलनका बेला तिब्बती समुदायका केही व्यक्तिको कथित संलग्नताबारे मौनता अपनाएको भन्दै पनि शंका उब्जाइएको छ । त्यसबेला टीओबीको नाममा केही व्यक्ति आन्दोलनमा देखिएको चर्चा रहे पनि कारबाहीबारे प्रतिवेदन मौन रहेको टिप्पणी गरिएको छ । समग्रमा, निर्वासित दलाई लामाको सरकारको यो सक्रियताले नेपालको राजनीतिमा सम्भावित कूटनीतिक र भूराजनीतिक संकेतबारे बहस बढाएको छ ।

## प्रचण्डको...

उता, सरकारसँग पनि प्रचण्डको दूरी र निकटता दुवै प्रकारको सम्बन्ध देखिन्छ । बालेन्द्र शाह, सुधन गुरुङ र स्वर्णिम वाग्लेको समूहसँग उनी सहज छैनन् भनिन्छ । तर सभापति रवि लामिछाने, डीपी अर्यालगायत रास्वपाका केही नेतासँग उनको निकटता कायम रहेको बताइन्छ । यही समूहमार्फत उनले रास्वपाभित्र आफ्नो प्रभाव जोगाइराख्न खोजेको बुझाइ छ ।

यद्यपि अहिले प्रचण्ड आफैं दबाबमा छन् । बालेन्द्र शाहको बढ्दो प्रभावका कारण उनी सतर्क ढंगले अघि बढिरहेका छन् । त्यसमाथि, टीआरसीजस्तो संवेदनशील विषय टुंगो नलाग्दासम्म नेपाली सेनाले पनि प्रचण्डलाई एकाएक अप्ठ्यारोमा पार्न नचाहेको विश्लेषण गरिन्छ । त्यसैले प्रचण्ड अहिले सरकारसँग पनि नजिक, एमालेको एक हिस्सासँग पनि संवादमा रहने रणनीतिमा देखिएका छन् । अन्ततः उनका यी दुवै चाल राजनीतिक स्वार्थ र अस्तित्व रक्षासँग गाँसिएका रूपमा बुझिएका छन् ।

# नयाँ सरकारसँगै प्रशासनमा हलचल

*काठमाडौं । नयाँ सरकार गठन भएसँगै विभिन्न मन्त्रालयमा कार्यरत कतिपय सचिव र सहसचिवहरूको फेरबदल गर्ने तयारी भइरहेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी सचिव चन्द्रकला पौडेललाई समेत यो विषयमा खास जानकारी नदिइएको स्रोत बताउछ । सो मन्त्रालयमा विगतका सरकारहरूले आफूअनुकूलका कर्मचारीहरूलाई भित्र्याएर बेथिति निम्त्याएको आरोप मात्रै खेप्दै आएको छैन, सरुवामा समेत असुली धन्दालाई बढावा दिइने गरेको गुनासाहरू पीडित कर्मचारीहरुले गर्दै आएका छन् ।*

*भरखरै मन्त्रालयको आन्तरिक प्रशासन महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका सहसचिव प्रदीप परियारले प्रधानमन्त्री बालेन्द्र शाहको निजी सचिवको भूमिका पाएका छन् । उनीमार्फत नै अब विगतमा बद्नाम नभएका सचिव र सहसचिवहरूको सरुवाको सूची तयार पार्ने क्रम चलिरहेको बताइन्छ । जसका कारण कतिपय बद्नाम कर्मचारीहरू आफ्नो जागिर जोगाउन र कार्यरत रहेकै निकायमा निरन्तरता पाउनका लागि सचिव परियारको निकट खोजिरहेको बुझिएको छ ।*

*उनी केही समय काठमाडौं महानगरमा प्रमुख प्रशासकीय अधिकृत रहँदा बालेन शाहसँग निकट रहेर काम गर्ने अवसर प्राप्त गरेका थिए । सहसचिव परियारको कार्यशैली र कार्यसम्पादनबाट प्रभावित भएकैले प्रधानमन्त्री शाहले उनलाई निजी सचिवको जिम्मेवारीमा लगेका बताइन्छ । अझ निजामती प्रशासनमा रहेका विकृति र बेथितिका बारेमा समेत युवा सहसचिव परियारले नजिकबाट बुझेका कर्मचारी मानिन्छन् । त्यसैले प्रधानमन्त्री शाहले सुधारका लागि थप सहज हुने देखेरै उनलाई निजी सचिवको जिम्मेवारी दिएको चर्चा छ ।*

## नेता पक्राउ...

सरकारले पूर्वाग्रही रूपमा प्रक्रिया मिचेर अध्यक्ष ओली र लेखकलाई पक्राउ गरिएको भन्दै उनीहरूले चैत १५ गते आइतबार सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गरिसकेका छन् । त्यसैले यो मुद्दा अब अदालतको अधिकार क्षेत्रमा गइसकेको छ । त्यसैले अब यी दुई नेताहरूलाई कार्यकर्ता र समर्थकहरूको सडक आन्दोलनको दबाबभन्दा पनि अदालतको भर बढी देखिन्छ ।

कुनै पनि व्यक्तिलाई गैरकानूनी रूपमा पक्राउ गरेको अवस्थामा उही व्यक्ति वा उनका नजिकका नातेदारले अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिन पाउने संवैधानिक व्यवस्था रहेको छ । अदालतले गैरकानूनी रूपमा पक्राउ गरिएको महसुस न्यायाधीशहरूले गरेको खण्डमा रिहा गर्ने आदेश दिन सक्नेछन् ।

वरिष्ठ अधिवक्ता एवं तत्कालीन प्रधानमन्त्री ओलीका महान्यायाधिवक्ता रमेश बडालले आफूहरूले सबै कानूनी लडाइँ थाल्ने र त्यसको छलफलसमेत सुरु भइसकेको दाबी गरेका छन् । उता, यसअघि राजनीतिक बन्दी नहुनु लोकतन्त्रको एक महत्वपूर्ण सूचक मानिन्थ्यो । विगत लामो समयदेखि राजनीतिक बन्दी नभएको मुलुकका रूपमा गनिन्थ्यो पनि ।

तर, पछिल्लो ओली-लेखक पक्राउको घटनाक्रमहरूले मुलुकको राजनीतिक अवस्थाप्रति चिन्ता बढाएको छ । नवगठित सरकार, प्रधानमन्त्री शाह र गृह मन्त्रालयको नेतृत्व गरेका मन्त्री सुधन गुरुङले लिएको निर्णयले मुलुकको राजनीतिलाई मुठभेडतर्फ लैजाने हो कि भन्ने आशंकाहरूलाई बल पुऱ्याउन सुरु भइसकेको छ । अपरिपक्व, अनुभवहीन व्यक्ति गुरुङलाई प्रधानमन्त्री बालेनले गृहमन्त्री बनाइएकोप्रति पनि राजनीतिक वृत्तमा असन्तुष्टि चुलिएको छ ।

अझ जेनजी आन्दोलनका क्रममा सरकारी सम्पदा र सम्पत्ति जोगाउन नसक्ने र प्रहरी चौकीहरूसमेत सुरक्षित राख्न नसक्ने नेतृत्व तहमा रहेका प्रहरी अधिकृतहरूलाई भने कारबाही गर्न हिम्मत नगर्नुले सरकार राजनीतिक दलहरूप्रति पूर्वाग्रही बनेको प्रष्ट भइसकेको छ । अझ लोकतन्त्र प्राप्तिका लागि लडेका नेताहरूलाई बिना जानकारी एकाबिहानै गिरफ्तार गरिएको थियो ।

प्रतिशोधको राजनीतिबाट मुलुकलाई जोगाउन र लोकतान्त्रिक मूल्य-मान्यताको रक्षा गर्न भन्दै एमालेले विभिन्न राजनीतिक दलहरूसँग वार्ता र संवाद सुरु गरिसकेको छ । तत्कालीन कार्की आयोगले दिएको प्रतिवेदनमा निवर्तमान नेपाल प्रहरीका महानिरीक्षक चन्द्रकुवेर खापुङलाई पनि दोषी ठहर गरिएको भए पनि उनी भने पक्राउ परेका छैनन् । कार्की आयोगले ओली र लेखकमाथि ज्यानसम्बन्धी कसुरमा अनुसन्धान र अभियोजन गर्न सिफारिस गरेको थियो ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ र दफा १८२ अनुसार अनुसन्धान गर्न सिफारिस गरिएको थियो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार ज्यानसम्बन्धी कसुरमा अनुसन्धान गर्न प्रहरीले अदालतबाट अनुमति लिएर २५ दिनसम्म हिरासतमा राख्न म्याद पाउने कानूनी प्रावधान रहेको छ । सो अवधिमा अनुसन्धान प्रतिवेदन तयार गरेर सरकारी वकिलको कार्यालयमार्फत अदालतमा मुद्दा दर्ता गरिसक्नुपर्ने कानूनी व्यवस्था रहेको छ । चैत १४ गते शनिबार पक्राउ परेका दुवै जना नेतामाथि अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंमा चैत १५ गते आइतबार पेस गरिएको थियो ।

अदालतले अनुमति दिए मात्रै प्रहरीले अनुसन्धानका लागि हिरासतमा राख्न सक्ने बताइएको छ । संविधानको दफा १८१ मा लापरबाहीपूर्ण काम गरी ज्यान मार्न नहुने कसुर र १८२ मा हेलचेक्र्याइँ गरी ज्यान मार्न नहुने कसुर भनिएको छ । लापरबाहीपूर्ण काम गरी ज्यान मार्न नहुने कसुरमा ३ देखि १० वर्षसम्म कैद र ३० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ । हेलचेक्र्याइँ गरी ज्यान मार्न नहुने कसुरमा ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको बताइन्छ । पक्राउ परेका ओली र लेखकको हकमा कानूनत आरोप पुष्टि हुन सक्ने सम्भावना कम छ ।

## कार्की प्रतिवेदन...

(ज्यान मार्ने षड्यन्त्र) र दफा १८२ (ज्यान मार्ने उद्योग) बमोजिम कारबाहीको सिफारिस गरेको छ । कानूनी दृष्टिकोणबाट हेर्दा, दफा १८१ आकर्षित हुनका लागि कुनै व्यक्ति वा निकायले पूर्व-योजनाबद्ध रूपमा हत्या गर्ने नियत (Mens Rea) राखेको ठोस प्रमाण चाहिन्छ । शान्ति सुरक्षा कायम गर्न खटिएको राज्यको संयन्त्रलाई विना आधार आरोप लगाउनु र गरिएको सिफारिसले राज्यको प्रतिरक्षा प्रणालीलाई नै अपराधीकरण गर्ने जोखिम बढाउँछ ।

साथै, २०८२ भदौ २३ को घटनालाई मात्र सरकारको जिम्मेवारीमा राखी तत्कालीन प्रधानमन्त्री लगायतलाई कारबाही गरिनुपर्ने सिफारिस गरिए पनि २०८२ भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति कार्यालय जस्ता अति संवेदनशील संवैधानिक अङ्गहरूमाथि भएका प्रहार, तोडफोड र आगजनी तथा व्यावसायिक र निजी सम्पत्ति ध्वस्त गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउन आयोगले कुनै सिफारिस नगर्नु रहस्यमय छ । राज्य पक्षका दोषीलाई मात्र कठघरामा उभ्याउने तर भीडको आडमा सार्वजनिक र निजी सम्पत्ति नष्ट गर्ने 'अराजक' तत्वहरूलाई मौन संरक्षण दिने यस्तो प्रवृत्तिले समाजमा दण्डहीनतालाई प्रश्रय दिन्छ ।

प्रतिवेदनको विश्वसनीयता र निष्पक्षतामाथि अर्को गम्भीर प्रश्न यसमा रहेका तथ्यगत त्रुटि र व्यावसायिक दक्षताको अभावले खडा गरेको छ । प्रतिवेदनको परिच्छेद १४ मा रहेका १३५ पृष्ठ लामा विवरणहरू, जसमा ७३४ देखि ८८९ सम्मका बुँदाहरू समेटिएका छन्, ती घटनाको यथार्थ छानबिन र आयोगको कार्यक्षेत्रभन्दा पूर्णतः बाहिरका देखिन्छन् ।

यस्तै, विभिन्न पदाधिकारीहरूको बयानलाई तार्किक विश्लेषणसँग जोडिएको छैन ! बरु आयोगले आफ्नै निष्कर्ष निकालेको भान हुन्छ । राष्ट्रपतिको सचिवबाट प्राप्त बयानले राष्ट्रपतिलाई प्रधान सेनापतिबाट नियमित ब्रिफिङ भइरहेको र राज्यका प्रमुख अङ्गहरू निशानामा रहेको जानकारी हुँदाहुँदै पनि संविधानको संरक्षकको हैसियतले कुन तहको पहल भयो भन्ने प्रश्न अनुत्तरित नै राखेको छ । त्यसैगरी, प्रधानमन्त्रीको स्पष्टीकरणले आन्दोलनमा भएको घुसपैठ र संसद् भवनको आगजनीलाई गृह मन्त्रालयको जिम्मेवारी भन्दै आफूलाई प्रत्यक्ष जवाफदेहिताबाट अलग राख्न खोजिएको देखिन्छ । विपक्षी दलका नेताको बुझाइमा सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध आन्दोलनको तात्कालिक कारण बन्यो र भदौ २४ गते आन्दोलनको स्वरूप बदलिएर गलत तत्वहरूले यसको उपयोग गरेको निष्कर्षमा पुगे पनि प्रतिवेदनले ती आयोजकहरू यकिन गर्ने तथा उनीहरूमाथि कुनै कारबाहीको सिफारिस गरेको छैन ।

त्यस्तै, सुरक्षा निकायका फिल्डमा खटिएका सुरक्षाकर्मीहरूको बयानहरूमा सत्य-तथ्य व्यहोर ासहित स्पष्ट घटनाको विवरण राखिएको छ । यी बयान तथा धारणाहरूको विश्लेषण गरी निष्कर्षमा पुग्नुपर्नेमा आयोग आफैं निष्कर्षमा पुगेको देखिन्छ, जसका कारण मूल तत्व नै प्रतिवेदनमा आउन सकेन । प्रतिवेदनले २०८२ भदौ २४ गतेको घटनाका दोषीबारे त उल्लेख गरेन नै, यो सारा घटनापछिको 'डिजाइन' कर्ता र उनीहरूको भूमिकाका बारेमा कहीँकतै खोजीसम्म पनि किन गरेन ? जुन डिजाइनमा यो घटना भएको थियो, जानेर वा नजानेर त्यसपछिका यावत घटनाहरू आजका दिनसम्म त्यही डिजाइनमा चलेका छन् । अन्ततः केपी ओली, रमेश लेखक लगायतलाई पक्राउ गर्ने पनि त्यही डिजाइन अन्तर्गतकै कार्य हो भने किन नभन्ने ? त्यो डिजाइनका अझ अन्य दृश्यहरू भविष्यमा देखिँदै जानेछन् ।

समग्रमा, एउटा निष्पक्ष छानबिन प्रतिवेदनले घटनाको पूर्ण श्रृंखलालाई समेट्नुपर्नेमा यसले "चेरी पिकिङ" (आफूलाई अनुकूल हुने तथ्य मात्र लिने) नीति लिएको देखिन्छ । न्यायको सर्वमान्य सिद्धान्त अनुसार "न्याय हुनु मात्र पर्दैन, भएको देखिनु पनि पर्छ ।" तसर्थ, सरकारले यस 'अपूर्ण' र 'असन्तुलित' प्रतिवेदनलाई जस्ताको तस्तै स्वीकार गर्नुभन्दा अगाडि यसका कानूनी त्रुटिहरू र तथ्यगत अपूर्णताहरूमाथि गम्भीर पुनरावलोकन र वस्तुनिष्ठ विश्लेषण गर्न जरुरी छ, ताकि समाजमा थप द्वन्द्व र अराजकता होइन, विधिको शासन बलियो बनोस् ।

## नयाँ मन्त्री...

पूर्वाधार मन्त्रालयमा पुनः सरुवा हुन रुचि देखाएको चर्चा छ । सिग्देलले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाकी पत्नी डा. आरजु राणालाई रिझाएर यसअघि उक्त मन्त्रालयको सचिव भएर काम गरिसकेका हुन् ।

विगतमा शक्ति केन्द्रको आडमा सचिव सिग्देलले भौतिक, ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिवको जिम्मेवारीमा रहेर काम गरिसकेका हुन् । तर, उनले मन्त्रीका गलत निर्णयको विरोध गर्नुको सट्टा मन्त्रीसँगै मिलेर कर्मचारीहरूको सरुवा, बढुवा, पदस्थापन, थमौती र ठेक्का व्यवस्थापनका क्रममा मिलेमतो र सेटिङ्गका आधारमा काम गरेर बदनाम भएका थिए । अझ विभागीय मन्त्रीलाई समेत रिझाएर मिलेमतो र भागबन्डा गरेर राम्रै आम्दानी गरेको आरोपसमेत उनीमाथि लाग्दै आएको छ ।

हाल सचिव सिग्देल शहरी विकास मन्त्रालयमा विगत डेढ वर्षदेखि कार्यरत रहेका छन् । सचिव सिग्देलले यसअघि उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहलाई रिझाएर आफूअनुकूल निर्णय गरेकै कारण बदनाम हुन पुगेका थिए । ०८२ भदौ २७ गते कुलमान घिसिङले सो मन्त्रालयको नेतृत्व सम्हालेसँगै उनीसँग मिलेर भवन निर्माण तथा शहरी विकास विभागमा कनिष्ठ सहसचिवलाई जिम्मेवारीमा खटाएको आरोपसमेत खेप्दै आएका छन् ।

## कर्मचारीतन्त्रमा...

लागू गर्ने योजना पनि प्रस्तुत गरिएको छ । साथै, उच्च पदाधिकारीहरूको पदावधि निर्धारण, कर्मचारीको तलब-सुविधामा सुधार र कल्याणकारी कोष स्थापना गर्ने प्रस्तावसमेत अघि सारिएको छ ।

अभियानले भ्रष्टाचार नियन्त्रणका लागि थप कठोर उपायहरू पनि सुझाएको छ । नीतिगत भ्रष्टाचारलाई अख्तियारको क्षेत्राधिकारमा ल्याउने, खुद्रा भ्रष्टाचारका लागि छुट्टै अनुसन्धान संयन्त्र गठन गर्ने तथा राष्ट्रिय सतर्कता केन्द्रलाई प्रभावकारी बनाउने प्रस्ताव गरिएको छ । साथै, केही पुराना आर्थिक संरचनाहरूमा सुधार गर्दै नगद अर्थतन्त्र घटाउने र डिजिटल प्रणालीलाई प्राथमिकता दिने सुझावसमेत समावेश छन् ।

सरकारको यो निर्णयले सार्वजनिक प्रशासनमा व्यापक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । तर, यसले कर्मचारीतन्त्रभित्र प्रतिरोध पनि निम्त्याउन सक्ने भएकाले कार्यान्वयनको चरण अझ चुनौतीपूर्ण रहने देखिन्छ ।

## वरिष्ठता...

*गर्नु पर्ने तर्कहरु राख्न थालिएको छ । संगठनमा एआईजीपी दाहालको तुलनामा पौडेल कार्यसम्पादनमा निकै उत्कृष्ट मानिन्छन् ।*

*सरकारले वरिष्ठता नमिची वरीयताका आधारमा बढुवा गरेको खण्डमा भने हाल मानवस्रोत विभागमा कार्यरत एआईजी पौडेल स्वत बढुवा हुनेछन् । कार्की नेतृत्वको न्यायिक जाँचबुझ आयोगले कारबाही गर्न सिफारिस गरेको भए पनि २०८२ चैत १३ गते शुक्रबार गठित रास्वपा नेतृत्वको सरकारले सुरक्षाकर्मीहरूको हकमा भने पुनः अध्ययन समितिको सुझावका आधारमा अगाडि बढ्ने निर्णय गरिसकेको छ । त्यसैले भावी आईजीपीमा पौडेलकै बढुवा हुने प्रबल सम्भावना रहेको बताइन्छ । प्रहरी नायव महानिरीक्षक सुरेशकुमार श्रेष्ठ, उपरीक्षक जीवन केसीलाई पनि आयोगले विभागीय कारबाही सिफारिस गरेको छ ।*

## सेनाको धर्म...

संकेत गर्छ । त्यसक्रममा सेनाले फेरि हवाई फायर र प्रहरीले अश्रुग्यास प्रयोग गरी भीडलाई बाहिर धकेलेको थियो। दक्षिण गेट हुँदै राष्ट्रिय अनुसन्धान मुख्यालयको गेटबाट समेत ठूलो संख्यामा प्रदर्शनकारीहरू भित्र छिरेपछि स्थिति अत्यन्त असामान्य बनेको थियो ।

खड्काका अनुसार मुख्य गेट तथा दायाँबायाँका फलामे जञ्जिर फोडेर करिब १५:०३ बजे भीड भित्र पसेपछि सिंहदरबारभित्र गुत्थमगुत्था, धपेडी र अराजक अवस्था सिर्जना भएको थियो। यस्तो अवस्थामा सिधा गोली प्रहार गर्दा ठूलो मानवीय क्षति हुन सक्ने देखिएकाले संयमता अपनाइएको उनले बताएका छन् । यही बयानले सुरक्षा फौजले तत्काल घातक बल प्रयोग नगरी नियन्त्रणमुखी रणनीति अपनाएको दाबी पनि गर्छ ।

भीड सिंहदरबारभित्र पसेपछि आगजनी सुरु भएको र दमकल अगाडि बढाउन बारम्बार अवरोध गरिएको खड्काले बताएका छन् । विशेषगरी रक्षा मन्त्रालय नजिक रहेको विस्फोटक भण्डारण स्थल अर्थात् बंकर आसपास आगलागी सुरु भएको सूचना पाएपछि स्थिति झन् गम्भीर बनेको थियो । यदि त्यहाँ आगो फैलिएको भए करिब एक किलोमिटर क्षेत्रभित्र ठूलो मानवीय र भौतिक क्षति हुन सक्ने जोखिम रहेको मूल्यांकनपछि तत्काल दमकल पठाएर आगो नियन्त्रण गरिएको बयानमा उल्लेख छ । त्यसपछि १६:२० बजे थप फौज आइपुगेपछि प्रदर्शनकारीलाई सिंहदरबार क्षेत्रबाट बाहिर निकालिएको र जंगी अड्डाबाट पानी रिफिल गर्दै सेना, काठमाडौं महानगरपालिका लगायतका दमकल परिचालन गरी आगो नियन्त्रणमा लिइएको कर्नेलले बताएका छन् ।

उनका अनुसार, नेपाल प्रहरी र सशस्त्र प्रहरीले माइकिङ, सम्झाइबुझाइ, अश्रुग्यास र हवाई फायर प्रयोग गर्दै स्थिति नियन्त्रणमा राख्ने प्रयास गरेका थिए । जिल्ला सुरक्षा समितिद्वारा अनुमोदित एकीकृत सुरक्षा योजना अनुसार सबै सुरक्षा निकायबीच समन्वय र सहकार्य गरिएको थियो । तर सिंहदरबार सचिवालयभित्र सीमित प्रहरी संख्या र सशस्त्र प्रहरीको स्थायी उपस्थिति नभएको अवस्थामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रूपमा भीडलाई बारम्बार बाहिर धकेल्नुपरेको थियो ।

प्रमुख सेनानी खड्काले आफ्नो बयानमा एउटा गम्भीर निष्कर्ष पनि दिएका छन् । उनका अनुसार, यस्ता विषम परिस्थितिमा संयुक्त सुरक्षा फौजलाई प्रभावकारी रूपमा परिचालन गर्न एकल कमाण्ड प्रणालीसम्बन्धी स्पष्ट कानूनी व्यवस्था आवश्यक देखिएको छ । भविष्यमा सिंहदरबार सुरक्षा तथा समन्वय समितिलाई थप सक्रिय बनाउने, संयुक्त सुरक्षा अभ्यास सञ्चालन गर्ने र संकटको बेला स्पष्ट कमाण्ड संरचना तय गर्ने व्यवस्था भए मात्र सुरक्षा व्यवस्थापन अझ प्रभावकारी हुने उनको निष्कर्ष छ ।

सारमा, गणपति गणेश खड्काको बयानले २०८२ भदौ २४ गतेको सिंहदरबार घटना सामान्य प्रदर्शनको परिणति नभई राज्यको सबैभन्दा संवेदनशील शक्ति केन्द्रमाथि गरिएको संगठित दबाब, घुसपैठ, आगजनी र सुरक्षा चुनौतीको रूपमा चित्रित गरेको छ । त्यही बयानले अर्को प्रश्न पनि उभ्याएको छ सिंहदरबार रक्षाका लागि खडा गरिएको ८५० सेनाको दरबन्दी रहने नेपाली सेनाको गणले व्यवसायिक सुरक्षा सूत्र शैली अपनाउन असफल भएको मान्ने कि नमान्ने ? यस्तै भीडले आर्मीको जंगी अड्डा पनि आक्रमण गर्ने दुस्साहस गरेको भए, सेना उभिएर, हेरेर बस्दथ्यो कि ? हेडक्वार्टर जोगाउनतर्फ लागेर सुरक्षा सूत्र प्रयोग गर्दथ्यो ।

## लूटतन्त्रको...

सुधार सुझाव आयोग-२०८१ का महत्वपूर्ण सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिसकेका छन् । साथै, मन्त्री वाग्लेले आयोगको सिफारिसअनुसार राजस्व अनुसन्धान विभागसँगै विभिन्न १५ वटा ऐनसमेत खारेज गर्ने निर्णय गरेपछि कतिपय व्यवसायीहरू थप हर्षित हुन पुगेको बताइन्छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ०७४ मा अर्थ मन्त्रालयमातहत रहे को विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत ल्याउने निर्णय गरेका थिए ।

त्यसबखतदेखि नै कर्मचारीहरूका लागि उद्यमी र व्यवसायीहरूलाई तर्साएर अवैध धन कमाउने अखडामा परिणत भएको थियो । यी विषयलाई मध्यनजर गर्दै ०८२ भदौ २७ गते गठित सुशीला कार्की नेतृत्वको सरकारले राजस्व अनुसन्धान र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालयमातहतमा फर्काएको थियो । राष्ट्रिय अनुसन्धान (गुप्तचर) विभागलाई भने पुनः साविककै गृह मन्त्रालयमातहतमा ल्याइएको छ ।

प्रधानमन्त्री कार्यालयमा राजस्व अनुसन्धान विभागलाई लगेपछि त राजनीतिक पहुँच र सरकारको नेतृत्व गरेका राजनीतिक दलपक्षधर ट्रेड युनियनमा आबद्ध कर्मचारीहरूका लागि अति नै आकर्षक मानिन्थ्यो । नव नियुक्त अर्थमन्त्री वाग्लेले विभाग खारेज गर्ने निर्णयसँगै 'तर' मार्न पल्केका कतिपय राजस्व समूहका भ्रष्ट कर्मचारीहरू निराश बनेका छन् । कतिपय यसअघि आर्जित गरेको कमाइ जोगाउनका लागि जागिर छाडेर अमेरिका, युरोप र अस्ट्रेलियालगायत मुलुकमा पलायन हुने चर्चा सिंहदरबार परिसरमा चल्न सुरु भइसकेको छ ।

तत्कालीन प्रधानमन्त्री ओलीको छत्रछायाँमा रहेर ३३ महिना विभागको नेतृत्व गर्दा व्यापारीहरूलाई तर्साएर अतिरिक्त लाभ लिएको आरोप सहसचिव दीर्घराज मैनालीमाथि लाग्दै आएको छ । हाल उनी राष्ट्रिय सूचना आयोगमा सचिवको भूमिकामा रहेका छन् ।

राजस्व अनुसन्धान विभागलाई अन्तरिम सरकारले अर्थ मातहत ल्याए पनि कर्मचारीहरूले राजस्व चुहावट गरेको नाममा उद्योगी र आयात-व्यापारीलाई दुःख दिने विभागको कार्यशैलीबाट मुक्ति भने पाउन सकेको देखिँदैन । मानवीय त्रुटिका कारण हुन गएको राजस्व चुहावटमा समेत ३ सय प्रतिशत जरिवाना लगाएर व्यापारीलाई पेसाबाटै पलायन हुन बाध्य पार्ने कार्य विभाग र मातहत कार्यालयमा कार्यरत कतिपय कर्मचारीले गर्दै आएको बुझिएको छ ।

२०५० सालमा तत्कालीन अर्थमन्त्री महेश आचार्यको कार्यकालमा दरबारको हुकुम प्रमांगीबाट जागिर खाएर निजामती सेवामा विनाप्रतिस्पर्धा भित्र्याइएका सहसचिव लोकमानसिंह कार्कीले राजस्व समूहका नाममा कर्मचारीहरूको व्यवस्थापन गरेर असुलीकै लागि यो विभाग स्थापना गर्न लगाएको जानकार स्रोतको दावी छ ।

त्यसयता विभागका गतिविधि चुहावट भएको राजस्व असुलीमा भन्दा पनि पहुँचवाला कर्मचारीहरूका लागि कमाउने अड्डाका रूपमा विकसित हुँदै आएको थियो । नव नियुक्त अर्थमन्त्री वाग्लेले पुराना पञ्चायती शासनकालका ऐन-कानूनहरू–आय टिकट दस्तुर ऐन २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२–खारेजीको निर्णय गरेका छन् । यसैगरी, निजी वन जङ्गल राष्ट्रियकरण ऐन २०१३, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०१३, क्षतिपूर्ति ऐन २०१९ समेत खारेज हुने उल्लेख गरेका छन् ।

## मन्त्री बन्ने...

राहुल गान्धीको प्रशंसा गर्ने प्रवृत्ति देखाउँदै आएका थिए । विगतमा भारतीय कांग्रेस सत्तामा रहेका बेला नेपालमा 'पावर सर्कल' निर्माण गर्न सफल भएका सिंह अहिले भने नयाँ दिल्लीको सत्तासँग त्यति सहज सम्बन्धमा नरहेको आंकलन गरिएको छ ।

यही पृष्ठभूमिमा काठमाडौंस्थित भारतीय दूतावास र हालको भारतीय सत्ता केन्द्रसँग उनको दूरी बढेको संकेत पाएपछि प्रधानमन्त्री बालेन्द्र शाहले जोखिम लिन नचाहेको स्रोतको दाबी छ । "अहिलेको संवेदनशील अवस्थामा भार तसँगको सम्बन्धमा कुनै पनि चिसोपन आउन दिनु हुँदैन भन्ने सोचले नाम काटिएको हो," एक सत्तानिकट स्रोतले भन्यो ।

विशेषगरी उद्योग मन्त्रालय जस्तो रणनीतिक महत्वको निकायमा बस्ने व्यक्तिको कूटनीतिक 'कम्फर्ट लेभल' पनि महत्वपूर्ण मानिने भएकाले यस्तो निर्णय गरिएको बुझाइ छ । नेपाल-भारत सम्बन्ध आर्थिक, ऊर्जा, लगानी र व्यापारसँग प्रत्यक्ष रूपमा जोडिएकाले सरकार यस विषयमा निकै सचेत देखिएको छ ।

यद्यपि, अमरेश सिंह पक्षले भने यसलाई अतिरञ्जित व्याख्या भन्दै अस्वीकार गरेको छ । उनी निकट स्रोतहरूका अनुसार मन्त्री नबन्नु राजनीतिक सन्तुलन र आन्तरिक समीकरणको परिणाम मात्र हो, कूटनीतिक कारणलाई जोड्नु "अनावश्यक कथा निर्माण" भएको दाबी गरिएको छ ।

जे होस्, अन्तिम क्षणमा भएको यो निर्णयले एउटा सन्देश भने स्पष्ट दिएको छ-अब नेपालको मन्त्रिपरिषद् गठनमा केवल आन्तरिक शक्ति सन्तुलन मात्र होइन, कूटनीतिक समीकरण पनि निर्णायक तत्व बन्न थालेको छ ।

**स्वास्थ्य अमूल्य सम्पति हो, यसको रक्षा गरौं ।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरुपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

**स्वस्थ नागरिक, समुन्नत राष्ट्र ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार